[illegible]

मिक्फु?ला लाजे? इङघङ

MIKPHU?LA LAJE? INGGHANG

[illegible] वर्ष १, अङ्क १, साउन २०६४ Vol 1, Issue 1, July, 2007 [illegible] पेज-१

[illegible] १ अनुरोध !

[illegible]

- किरात याक्थुङ चुम्लुङ, युके

# [illegible]




किरात याक्थुङ चुम्लुङ युकेको वेब साइट www.chumlunguk.com को उद्घाटन कार्यक्रम । इन्सेटमा अध्यक्ष श्रीप्रसाद लिम्बूद्वारा किरात याक्थुङ चुम्लुङ नेपालका उपाध्यक्ष नरकुमारी लिम्बूलाई स्वागत गर्नुहुँदै ।

## कियाचु नेपालका केन्द्रीय अध्यक्ष अर्जुन लिम्बूको बेलायत आगमन



किरात याक्थुङ चुम्लुङ नेपालका केन्द्रीय अध्यक्ष अर्जुन लिम्बू किरात याक्थुङ चुम्लुङ युकेको हार्दिक निमन्त्रणामा यही July 28 तारिखका दिन युकेको आस्फोर्डमा आउँदै हुनुहुन्छ ।

आफ्नो युके बसाइ अवधिमा अध्यक्ष लिम्बूले नेपालका विभिन्न समसामयिक विषयहरूमा छलफल गर्नुहुने भएको छ ।

उहाँको बेलायत आगमनको सन्दर्भमा किरात याक्थुङ चुम्लुङको युकेका अध्यक्ष श्रीप्रसाद लिम्बू भन्नुहुन्छ, "लिम्बुवान जातीय स्वायत्त शासन स्थापनाको लागि उहाँले अति नै महत्वपूर्ण भूमिका खेलिरहनु भएको छ । यही सन्दर्भमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा चुम्लुङको सहभागिताबारे बृहत् छलफल गर्न तथा लिम्बुवान रिसर्च सेन्टर स्थापनाको योजनाका लागि र विभिन्न विषयहरूमा अन्तरक्रिया गर्नको लागि उहाँ आउँदै हुनुहुन्छ" । चुम्लुङ युकेको अनुसार किरात याक्थुङ चुम्लुङ युके र नेपालबीच हुन लागेको यो पहिलो संस्थागत अनुभव आदानप्रदान कार्यक्रम हो । यसले दुई संस्थाबीचको सम्बन्ध विस्तारमा ठूलो योगदान पर्‍याउनेछ ।

[illegible] www.chumlunguk.com [illegible]

# दोहोरो नागरिकता मागको सान्दर्भिकता

**विषय प्रवेश**

विगतमा नेपालका नीति निर्माताहरूसँग अनौपचारिक रूपमा नेपाली मूलका विदेशी नागरिकहरूले नेपाल सरकारले प्रचलित कानुनमा रहेका नागरिकता सम्बन्धी व्यवस्थाहरू संशोधन गरी व्यवहारिक नीति अवलम्बन गर्न आग्रह गर्दै आएकोमा गैरआवासीय नेपालीहरूको अन्तर्राष्ट्रिय संस्था गैरआवासीय नेपाली सङ्घको स्थापना भई गत जुन महिनाको २-४ तारिख जर्मनीको बोनमा सम्पन्न क्षेत्रीय भेलाले औपचारिक रूपमा नेपाल सरकार सँग दोहोरो नागरिकता नीति अवलम्बन गर्न माग गर्ने औपचारिक निर्णय गर्‍यो । त्यसयता दोहोरो नागरिकताको सम्बन्धमा एक कार्यदल गठन गरी यस विषयमा गहन छलफल गर्ने सिलसिला पनि अगाडि बढाइएको छ ।

उत्तर अमेरिकमा बसोबास गरिरहेका नेपालीहरूको संस्था Association of Nepales in America (ANA) / America Nepal Friendship Society of NY ले सन् १९९० ताका नै यो विषयमा कुरा उठान गरेको थियो भने सन् २००० मा Nepali America Council (NAC) ले १० वर्षे भिसा सुविधाका लागि माग गरेको थियो ।

यसै क्रममा नेपाल सरकारले नेपालको विकासमा गैरआवासीय नेपालीहरूको योगदान महत्वपूर्ण रहने कुरालाई मध्यनजर गर्दै हरेक वर्ष अक्टोबर महिनाको ११ तारिखलाई एनआरएन डे गैरआवासीय नेपाली दिवसका रूपमा मनाउन निर्णय गरेबमोजिम तेस्रो आवासीय नेपाली दिवस मनाउने सन्दर्भमा दोहोरो नागकिरताका विषयमा छलफल गर्न र सटिक जानकारी सर्वसाधारणमा प्रवाह गर्नका लागि प्रस्तुत गरिएको कार्यपत्रमा थप केही जानकारी र संशोधनसहित लेखको रूपमा प्रस्तुत गरिएको छ ।



गणेश इजम

**१. पृष्ठभूमि**

जिउँदो जाति सँधै फाँगिदै जान्छ, फैलिँदै जान्छ । नेपालीहरू पनि फैलिने फाँगिने क्रममा विश्वको विभिन्न मुलुकहरूमा छरपस्टिएर बसोबास गर्न थालेका छन् । यसरी बसोबास गर्ने क्रममा कतिपयले आफू बसोबास गरिरहेको सम्बन्धित मुलुकको आवश्यक शर्तहरू पूरा गरिसकेपछि त्यही देशको नागरिकको रूपमा आफ्नो हक, अधिकार उपभोग र कर्तव्यको पालना गरिरहेका छन् । यसरी क्रमश: फेरिन आएको नयाँ कानुनी हैसियत र विगतको कानुनी हैसियतका सम्बन्धमा नेपालको प्रचलित कानुनी प्रावधानहरूमा केही व्यवहारिक जटिलताहरू स्वभाविक रूपले उजागर भएका छन् ।

सूर्य नअस्ताउने देशको उपमा सँगसँगै धेरै जटिलताहरू पार गरेको बेलायतले सम्बोधन गरेको झन्झटिलो विषयमध्ये आफूले शासन गरिरहेका मुलुकहरूको नागरिकहरूको नागरिकतासम्बन्धी विषय पनि एक हो। विश्वमा धेरै किसिमका नागरिकता प्रदान गर्ने मुलुकका रूपमा पनि बेलायतलाई लिन सकिने अवस्था रहेको छ । बेलायतले प्रदान गर्ने विभिन्न प्रकारका नागरिकताहरू (British citizen, British Overseas Territories Citizen, British Overseas Citizen, British National (Overseas), British subject, British Protected person) मध्ये बीएनओ एक रहेको छ। बीएनओको व्यवस्था तत्कालीन नागरिकता ऐन १९८१ बमोजिम नभई Hong Kong Act 1985 / British Nationality (Hong Kong) Order 1986 ले गरेको छ ।

सन् १९९७ उपरान्त तत्कालीन बेलायती उपनिवेश हङकङमाथि चीनको सार्वभौमसत्ता

बाँकी पृष्ठ ८ मा

## जातीय संस्थाहरु खोल्दैमा साम्प्रदायिक प्रतिस्पर्दा हुन्छजस्तो लाग्दैन


- श्रीप्रसाद लिम्बू,
अध्यक्ष, किरात याक्थुङ चुम्लुङ युके



*(किरात याक्थुङ चुम्लुङ युकेका अध्यक्ष श्री श्रीप्रसाद लिम्बूसँग युके चुम्लुङको स्थापनाको पृष्ठभूमि, संस्थाको लक्ष्य तथा उद्धेश्य, गतिविधि, भावी योजनाका साथै विभिन्न समसामयिक विषयमा गरिएको ताजा कुराकानी पृष्ठ ३ मा)*

**- निमन्त्रणा -**

किरात याक्थुङ चुम्लुङ यू.के.को वार्षिक भेला तथा बिबिक्यू पार्टी नेपालबाट आमन्त्रित चुम्लुङ केन्द्रीय अध्यक्ष अर्जुन लिम्बूको मुख्य आतिथ्यमा सम्पन्न हुने भएकोले इच्छुक सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।



**स्थान** : आसफोर्ड पेल्याड फिल्ड, **TN23 3DH**
**मिति** : २८ जुलाई २००७ शनिबार
**समय** : विहान १० बजे

कार्यक्रम स्थल पुग्ने नक्सा तथा थप जानकारीका लागि चुम्लुङको वेब पेज हेर्नु होला । सोधपुछ फोन ०७७९६५८७२५ / ०७८८६५९२३३३

किरात याक्थुङ चुम्लुङ, बेलायत
chumlunguk@gmail.com, www.chumlunguk.com

[illegible]

**आवाज**

[illegible]

सल्लाहकार
श्री श्रीप्रसाद लिम्बू
(अध्यक्ष याक्थुङ चुम्लुङ युके)
डा: श्री चन्द्र लक्सम्बा
डा. बिना थेबे

प्रधान सम्पादक
टङ्क वनेम

सम्पादक
त्रि. तिगेला
मिजास


भाषासम्पादन
अमर तुम्याहाङ

प्रकाशक : किरात याक्थुङ चुम्लुङ, युके

Address:
KIRAT YAKTHUNG CHUMLUNG (KYC)
8 Chart Road, Ashford, Kent,
TN23 3HS, United Kingdom
Phone/Fax: +44 1233 635076,
E-mail:chumlunguk@gmail.com, Website: www.chumlunguk.com

[illegible]

# चुम्मालुङ् > चुमलुङ् > चुम्लोक



टङ्क वनेम

लिम्बू भाषामा चुम्मा (भेला हुने, हुनु) र लुङ (ढुङ्गा) सन्धि भएर कालान्तरमा चुम्मालुङ नै चुम्लुङ भएको तत्थ्य लिम्बुवानका विज्ञन् एवम् इतिहासकारहरू स्वीकार गर्दछन् । हुन पनि सभ्यताको सुरुवातमा भस्मे फाँडेर नयाँ जग्गा जमिनको साँध राख्ने अवस्थामा कुनै चुम्लुङ हिमहरू (सभा भवनहरू) थिएनन् । त्यस बेला त्यो समूहको (decision maker) निर्यण गर्न सक्ने मान्छेकहाँ भेला भई विभिन्न समस्याहरूको निर्कर्य निकाल्थे । लिम्बुवानको पहाडी भिरालो जग्गामा बस्न अप्ठयारो भएको हुँदा कुनै सजिलो तोकिएको ढुङ्गामा बसेर परिआएका समस्याहरूबारे छलफल हुने चलन चलाएर त्यसरी चुम्मालुङबाट चुम्लुङ भए जस्तै चुमलुङबाट अपभ्रंश भई चुम्लोकजस्ता ठाउँको नाम पनि रहन पुगेको छ । यो गाउँ मैवा खोला ढुङ्गेसाँघु वाड नं. ८ (ताप्लेजुङ) अन्तंगत पर्दछ ।

यो गाउँको पूर्वमा मैवा खोला पोक्लाम तेम्बे पश्चिममा माइजारा गाउँ उत्तरमा लाली पातल माङ्माया खोलाको उद्गम स्थल मेन्छयायेम डाँडा र दक्षिणमा पारिपट्टि सिम्ले गाउँ यति चार किल्लाभित्र रहेको सानो गाउँको नाम नै चुम्लोक गाउँ हो । यो गाउँको माँझमा माङ्लो:क् (फलेदो - ठूलठूला पात हुने, रातो फूल फुल्ने, सिमीका जस्ता कोसा लाग्ने, भित्र फस्केइलो काठ हुने र बाहिर काँडैकाँडा हुने एक जातको रुख) रुखको छेउमा १५, २० जना मान्छेहरू बस्न सकिने एउटा ढुङ्गा छ । यहि ढुङ्गामा बसेर उसबेलाका पुर्खाहरू गाउँको मुख्य सुभा (सुब्बा) (decision maker) को नेतृत्वमा गाउँलेहरू भेला भई गाउँमा परिआएका समस्याहरूबारे छलफल गर्ने भएको हुँदा उक्त गाउँको नाम पनि चुम्मालुङबाट चुमलुङ हुँदै अपभ्रंश भई चुम्लोक रहन गएको कथन छ । मुन्धुमअनुसार पोसेक्मीवा य[illegible]को पोलादोख ने याक्थुङ्बाहरू याक्थुङ् लाजेमा रहँदै आएको हुनाले लिम्बुवानका गाउँठाउँहरूको नाम पनि परिवर्तन हुन नसकी आफ्नो अस्तित्वको इतिहास बोकेर धर्मराइरहेका छन् । याक्थुङ भाषामा नामाकरण भएका र केही अपभ्रंश भएका गाउँठाउँ खोला नाला र पहाड पर्वतका नामहरू निम्नअनुसार छन् ।

**ताप्लेजुङ**:

पित्तोलुङ, हाङ्फाबुङ, थिङ्लाबू, थुङ्थाप, ओखाबू, फुन्छेबुङ, साङलुप्पा/साङ्लुम्बा, फङ्द्रा, येङ्घारा, लाकचुङ्वा, नुम्लोक, मिजेरे, याक्तेप्मा, साम्लोङ, पोक्लामा, हाङ्थाना (हात्ती खावा) हङ्बाप्मा:, चल्ले, सिम्ले, माङ्जारा, इसेरा, मुछेरा, पाङ्मा, ताङसादेन, ताम्राङ, बावोक, बङथाक, तेनथाप, चुम्लोक, लेक्वामा, लेत्त्वाप्मा, तेम्बे, तुम्बेगु, पिरिङ्गे, ओयाक्चुङ, साक्फारा, बारते, तेल्लाबुङ, लुङसुम्वाङ, सबुवा, चुङ्वा, खु:वा, मि, चिरिङ, आम्बोटे फुगोङ्वा, लिबाङ, पान्दोलुङ, चाँगा, किल्लिङ, नाल्बो, खर्बाता:क्तेन, नाक्लाङ्वा, साङ्माङ्गो, साँबा, थल्लङ, खोक्लिङ, तुम्बाङ्खे, फछङ्मा, साम्याङ्खाम, फुङ्जेल्ला, हाङ्गाम, सोरिङ, वरक्मा, मास्रेङ, लिङ्थेप, आलजङ्गो, चङ्जिबुङ, लिङ्तेप, पापुङ, सिङ्सादेन, छोछोन्देन, ताङ्खु, मापाङ्फे (मामाङ्खे), सापचङ्वा, तापेथोक, सेङ्वा, लुङ्थुङ, पित्थुथाप (बिपुथाप), साम्सुप्ली (सुसुवादेन-मुन्धुमअनुसार) लेलेप, लिङखिम, आम्जिलोसा, हेल्लोक, मित्लुङ, युक्खाबो/इखाबू, संसाबो/सङ्सङ्बो, सावादेन, फेम्फु, सुत्लुम्बुङ, खेदेन, फुरुम्बो, खेजेक्नाम/खेजेनिम, खेबाङ, परा, पेदा, मयाम, नाङ्खोल्याङ, हाङ्देवा, मेदिबुङ, आजिबुङ, याङलिजुङ, टारिबुङ, हानदुरुङ, बुङ्कुलुङ, तेनेबुङ, थोक्पेकबुङ, आम्मेदेन, थुम्मेदेन, मादिबुङ, थेचम्बू, तेल्लक, थुङरुम्बा, थुम्मा, पेदाङ, साप्लीखोक, पक्खिम, खेबाङ, साखेजङ, दोरुम्बा, तिरिङगे, तुम्म्रिसे (डुम्म्रिसे), चित्तोक, वारुम्देन, याङ्पाङ, तेम्बेवा, सिनाम, तेल्लक, थर्पू, साम्याङखाम, मुकुबुङ, तिमतिम्बो, सापलाखू ।

**१३ थुम**

इवा, हङा, खानाकपुङ, सम्दु, इसिबू, पाक्लेन, लोवाफू, किलिङ, सुदाप, हाङसुरुङ, आजिरा, मुराहङ, सेरजङ, लाब्री, सेगेङ्वा, खेसेरा, तुम्बायक, तुम्फुला, कप्याक, परजाङ, मियङलुङ, पोक्लाबुङ, थोक्लुङ, फाक्च्वा, फुङसिङ, फुङनाम, ता:कुङमा, हमरजङ, सुङ्नाम, सोल्मा, अम्फुवा, साब्ला, पुरुन्देन, पुन्थुङ, सिकिदेम,इफुङ, फम्बू, कामोरुङ, लिङदेन, मोरालुङ ।

**पान्चथर**: वासुम, लुङरुप्पा, हेङ्गाम्देन, प्राङबुङ, थिबोम्बा, यासोक, याङनाम, सारताप, नाम्सालिङ, ओयाम, तेनेबा, याम्बोङ, माक्लुङ, चोक्मागु, भाराप्पा, अम्लाबुङ, सुभाङ, पङ्वादेन, थक्लेम्बा, सिवा, यासक, सारदाप, फेदेन, फेजङ, केबुक, माङ्जाबुङ, आङ्बुङ, ओयम, लोवाफू, नाङ्गेन, येकतेन, थरपु, कुरुम्बाङ ।

**इलाम**

लारुम्बा (माङसेबुङ), मिक्लाजङ, आङ्दाङ, चेम्फुजोङ, बुङखिम, फुदुक, साङ्पुम्बा ।

**सङ्खुवासभा**:

चित्लाङ, मैयुम, फाबेन, मावादेन, लुङ्वाङयक, लुङ्थाकि (नुनढाकि), सजिक स्वाची/कोस्वा,

**धनकुटा**:

ताङ्खुवा, ओखे, मावरक पावरक,

**सिमापारि**: (भारत)

खर्साङ, सिङ्ताम, चुङ्थुङ, कालिम्बुङ (कालिम्पोङ), लिङ्चोम, माङगान, पाङ्थाङ, रुम्बुक, नाम्चोक, ।

यक जोडिएका केही माङगेन्ना यकहरू-

फुङ्दाप्मा यक, सोनु कुम्बा यक, चेन्चेन्लुङ यक, चाङसिङ यक, ताक्लुङ्देन यक, काया यक, साङ्गुरी यक, चाङ्थुम्बो यक, लुम्बाङ यक, साङ्गाङ यक, चिक्वा यक, कुर्ले यक, हस्तपु यक, पो:क्लाबुङ यक, फेदेन यक, आङ्दाङ यक, चाङसिङ यक, इथिङ यक ।

**थुम्का, पहाड, र पर्वतहरू**:

फक्ताङलुङ, चेनजेनलुङ, मेन्छयायेम, मिल्खु (मिल्कु) अथिनलुङ, सुमाथालुङ, लुम्बासुम्बा, तोक्मा: थेगु, मुक्कुमलुङ (पाथिभरा), खोकुङ, नेधुङ, ताउजुङ, सेवालुङ, कुस्सायक, कुम्मायक, फेयात्लुङमा, कङ्गाङलुङमा, पुधाम्लुङ थेगु, शिरेगु कोक्मा, मुरि ङला थेगु, फाल्लेलुङ थेगु, मुजो:कलुङ थेगु (मुन्धुममा वर्णित-सिद्धी स्थल-सृष्टि,) सेहो:नाम्लाङ ।

अपभ्रंश भएका गाउँ ठाउँहरू ।

| **यथार्थनाम** | **अपभ्रंशनाम** |
|---|---|
| हाङ्पाङ | हाम्पाङ |
| सुदाप | फेदाप तेङ्थुम |
| चेन्ताक्तु | च्याङथापु |
| लुङथाकि | नुनढाकी |
| पो:क्लाम तेम्बे | पोक्लामा तेम्बे |
| वानेने | हात्तीखावा (*ढुङ्गेसाँघु ताप्लेजुङ*) |
| लेक्वामा | लेकुवा |
| हाङ्याक्मा | हाङगेपा (हागेपा) |
| हाङ्को | वाहाकु |
| या:पोन | याबोन |
| वालुङसुम् (गोला) | ओलाङ्चुङ गोला |
| ढोक्पे गोला | तोक्पे गोला |
| म्हसिरिङ् | मा:श्रेङ् |
| यु:खाबो | इखाबो |
| फुङलेङ | फुङलिङ |
| चेङ्या: | चाँगे |
| निङ्जादेन | निङग्रादेन |
| सिनामभेत्लुङ | सिनाम |
| वानेने | ओलने (पाँचथर) |
| नेम्बेङ् | मेम्बेङ् |
| फेदेन | फिदिम |
| याङ्वारुक | याङगरुप/याङरक |
| याङसिङ्बुङ | याङसीबुङ |
| ताङ्गावा | दाङवाम्पा |
| मुराहङ | मोराङ |
| लेजाङ्गु | सिंहदेवी |
| खामनुनु | खाम्लालुङ |
| सेन्दाङ | छिन्ताङ |
| मियङलुङ | म्याङलुङ |
| नाउरुङ्वा | गजुरमुखी |
| फाखोङमा | फाकुम्बा |
| सान्थावरक | सान्थ्रान्का |
| साङ्गरुम्बा | स्यावरुम्बा |
| खुवाबुङ | ख्वापुक |
| सानगढि | साँघुरी |
| अम्लाबुङ | नौमी डाँडा |
| तुम्म्रिसे? | डुम्म्रिसे |

**अपभ्रंश भएका डाँडाकाँडा, पहाड, पर्वत र नदीनालाहरू ।**

| **यर्थाथ नाम** | **अपभ्रंश भएकानामहरू** |
|---|---|
| फक्ताङलुङ् | कुम्भाककर्ण/Jannu |
| चमजमलुङ (मा) (चोमोलुङमा) | सगरमाथा/Everest |
| मिल्खु | मिल्के डाँडा |
| कङ्कङलुङ्मा | कन्चनजङ्गा हिमश्रृङ्खला |
| फाल्लेलुङ | फालुट पहाड |
| सिन्थोलुङ मा:एवा | मैवा खोला |
| चा:एवा | जैवा खोला |
| एम्थिरि याङ्थाङ्वा | तमोर (तावामा) |
| यफत्लुङ काङ्वामा | कावेली खोला |
| केलक्कुम मेवा | |
| पुम्मा (मिक्वा) | मेवा खोला |
| माङ्मए (माप्मे) वाहङ | माङमाया खोला |
| हेत्रेङ (हेत्लुङ) वाथाम | हिंगुवा छाँगा |
| | (१३ थुम) |
| फङ्फङ्देन वाथाम | फुङफुङे छाँगा (ताप्लेजुङ) |
| हिङमादेन वाहङ | हिङदिया खोला |
| कुया वाहङ | कोइया खोला |

यसरी लिम्बू भाषामा नामाकरण गरिएका गाउँठाउँ पहाड पर्वत, खोलानालाका नामहरू दिनप्रतिदिन अपभ्रंश भई खसनेपाली भाषामा परिवर्तन हुनेक्रम जारी रहनु दुःखको कुरो हो । अपभ्रंश भएका पुराना नामहरूलाई पुनः यर्थाथ नाम राख्न स्थानीय बुद्धिजीवीहरूले पहल गर्नुपर्ने देखिन्छ । जस्ले जङ्गल फाँड्यो, जस्ले अटाप्पे बनलाई मानव बस्ती योग्य बनायो, अथवा बाघ, भालु र जङ्गली जनवारहरूसँग ज्यानको बाजि थापेर आफ्नो पुर्खाहरूले मानव बस्ती बसाई गाउँठाउँको नाम पनि राखे, सम्म परेको टारलाई तेल्लक भने, भेला भई सभा गर्ने ढुङ्गालाई चुम्मालुङ भने, भेला हुने गढि (किल्ला) लाई तुम्मायक (तुम्बायक) भने, अलि भिरालोभिरालो परेको जमीनलाई चेङ्या- याबा (छङके- छङके) परेको गाउँ भने, सुङ्गुरको डुँडजस्तो परेको ठाउँलाई फाखोङ्मा नाम राखे, देवीदेवता पुजित पोखरीमा पैसा फाल्ने चलनअनुसार पैसा फालिने पोखरीको नाम याङ्वारुक राखियो ।

ठूलो खालको बाँस (हाङ्फा) हुने ठाउँको नाम हाङ्फाबुङ नाम रख्यो । पात टिपेर टपरा गाँस्ने वा कृषियुगमा खेती गर्दा घुम बनाउने पात (माका तेल्ला) हुने ठाउँको नाम तेल्लाबुङ राखियो । टिम्मुर हुने ठाउँको नाम मेदिबुङ रख्यो, पहाडी इलाकामा अलि समथल मैदानी भाग को नाम तेम्बे राखे, लेकाली टिम्बुर हुने ठाउँको नाम खानाकपुङ (खानाक्पा) राखे । यी यस्ता गाउँठाउँहरूको नाम शुद्ध याक्थुङ्बा भाषामा रहनु र आदिवासी याक्थुङ्बाहरूलाई खाम्बो:ङ्बा लुङ्बो:ङ्बा तागेरानिङ्वाफु सा भनी मुन्धुमले बर्णन गर्नु याक्थुङ्बाहरूको लागि गौरवको विषय हो ।

यी यस्ता याक्थुङ्बा भाषामा नामाकरण भएका गाउँठाउँहरूलाई यथावतै राखी अपभ्रंश भएका नामहरूलाई पुनः यर्थाथ नाम राख्ने कामको थालनी भए अस्तित्वको लडाईबाट बाँच्न मद्दत पुग्नेछ ।

□ □

**बालकविता**

## एउटा चौरको कथा

देसु सुब्बा

डाँडा पारि खोला छेउमा
एउटा राम्रो चौर थियो
कहिले काहिं सानो भाइ
त्यहाँ जाने गर्दथ्यो
चिर्रबिर्र गर्दथ्यो माली चरी
तोते बोल्थ्यो मैना
किर्रकिर्र गर्थे किथ्राहरू
कहिले थाक्ने होइन
भ्याम्म् रुखको हाँगामाथि
मैना बस्ने गर्दथ्यो
एक दिन त सिकारीले
यसलाई मारिदियो
नरमाइलो लाग्न थाल्यो
चौरको सानो दह
सानो भाइको मुटु पग्ल्यो
आँशुले भिज्यो गह
सिकारीझैं निस्ठुरी त
नबन्नु है नानी
छाँतीभित्र माया रोप्ने
बनाउ तिम्रो बानी ।







लन्डन

# [illegible]

# लिम्बू उखान

(क) आसिनिगर पो:ङलो सि मुन्धुम्
आहिङ्निगर पो:ङलो हिङ् मुन्धुम् ।
[illegible]
[illegible]
मरेपछि होस् है मृत्युको कथा
बाँचे पनि होस् है जीवनको गाथा ।

(ख) कुबेक् थिक सङा? थिबोङ नेत् च्वात्
केवि?बानुल्ले केथुङ्बेन् तुक्खेवा ।
[illegible]
[illegible]
एक माना छोक्रा बाह्रमाना पानी
दिनेलाई भन्दा खानेलाई हानी ।

(ग) थाक खो:प्मेल्ले सि? था
चक्कालुङ थङमेल्ले मि था ।
[illegible]
[illegible]
कपाल कोरे जुम्रा झर्छ
दर्सन ढुङ्गा ठोक्काए आगो पर्छ ।

(घ) केवा?बारे पित् साङ्वेत थाप्
केहो:प्पारे मिक्वारक थाप् ।
[illegible]
[illegible]
हुनेको गाई भैंसी बियाउँछ
नहुनेको आँसु मात्र आउँछ ।

(च) पा:प्माभेल्ले थेन् पा:प्मा
लुङ खम्माआङ थे:न् लेप्मा ।
[illegible]
[illegible]
भनूँ भने के भनूँ
ढुङ्गा टिपी के हानूँ ।

(स्रोत:- लिम्बू भाषा र साहित्यको सङ्क्षिप्त परिचय, बिरही काईला ।)

# जातीय संस्थाहरू खोल्दैमा साम्प्रदायिक प्रतिस्पर्धा हुन्छ जस्तो लाग्दैन

(किरात याक्थुङ चुम्लुङ युकेका निवर्तमान अध्यक्ष श्री श्रीप्रसाद लिम्बूको जन्म बुवा धनबहादुर लिम्बू र आमा विष्णुकुमारी लिम्बूको कोखबाट १५ नोभेम्बर १९६४ सालमा मलेसियाको सिङ्गाइपटानी भन्ने ठाउँमा भएको हो। ताप्लेजुङ खेबाङ गाविसको श्री गणेश माध्यमिक विद्यालयबाट एस.एल.सी.सम्मको औपचारिक अध्ययन सकेर १७ वर्षको उमेरमा सन् १९८१ सालमा ब्रिटिस गोर्खा सेनामा भर्ती हुनुभएका लिम्बू २४ वर्ष लामो पल्टने जागीरपछि सन् २००४ मा एक्टिङ टु. आई. सी.बाट अवकाश प्राप्त गर्नुभएको थियो ।
सैनिक जीवनबाट अवकाश लिएपछि उहाँले आस्फोर्डमा सगरमाथा गोर्खा नेप्लिज कम्युनिटीको स्थापना गर्नुभयो र त्यसको संस्थापक अध्यक्ष हुनुभयो । हाल उहाँ उक्त संस्थाको सल्लाहकार हुनुहुन्छ । उहाँ गैरआवासीय नेपाली समाज युकेसँग पनि आवद्ध हुनुहुन्छ ।
हाल उहाँले लिम्बूहरूको संस्था किरात याक्थुङ चुम्लुङ युकेको अध्यक्षको पदभार सम्हालिरहनु भएको छ । आफ्नो भाषा, संस्कृति, लिपि र परम्पराको संरक्षण र संवर्द्धन गर्दै कसैसँग पनि प्रतिस्पर्धा नगरिकन अगाडि बढ्ने आफ्नो संस्थाको उद्देश्य रहेको बताउनु हुने लिम्बूज्यूसँग गरिएको कुराकानीको सारसङ्क्षेप प्रस्तुत छ - सं ।)



श्री श्रीप्रसाद लिम्बू
अध्यक्ष, कियाचु, युके

**◆ किरात याक्थुङ चुम्लुङको युकेको सुरुवात कसरी भएको थियो ?**

- सम्पूर्ण युकेबासी याक्थुङबा दाजुभाइ तथा दिदीबहिनीहरूलाई आफ्नो जातीय परम्परा र संस्कृतिको जानकारी दिन तथा आपतकालीन अवस्थाहरूमा सरसहयोग गर्नका लागि सन् २००३ सालमा यो संस्था स्थापना गरिएको हो । यसको पहिलो अध्यक्ष खड्गजङ लिम्बू हुनुहन्थ्यो भने त्यसपछि भू.पू. वाणिज्य मन्त्री विजयप्रकाश थेबे चुम्लुङको अध्यक्ष हुनुभएको थियो । मेरो कार्यकाल भने सन् २००४ सालदेखि सुरु भएको हो र सन् २००६ मा भएको चुम्लुङको साधारण सभाको चुनावमा पुनः अर्को पटक निर्वाचित भएको छु ।

**◆ यसरी जातीय सङ्घसंस्था खोल्दा साम्प्रदायिक प्रतिस्पर्धा हुन्छजस्तो लाग्दैन ?**

- नेपाल आर्थिक हिसाबले गरीब राष्ट्र हो तर जातीयता र संस्कृतिमा सबैभन्दा धनी राष्ट्र भन्छु म । फेरि आफ्नोआफ्नो जातीय संस्कृति प्रदर्शन गर्दा साम्प्रदायिक प्रतिस्पर्धा हुन्छजस्तो पनि लाग्दैन । यहीं (युकेमा) पनि हेर्नु हुन्छ भने जातीय सङ्घ संस्थाहरूको अवधारणा बढिरहेको छ ।

**◆ जनसाधारणमा चुम्लुङको प्रभाव कस्तो परिरहेको देख्नुहुन्छ ?**

- हामीले अन्य जातीय सङ्घ संस्थाहरूसँग पनि सहयोग दिने र लिने गरेका छौं । उदाहरणको लागि स्वर्गीय कैलास बखिमको लागि विभिन्न जातीय सङ्घसस्थाका दिदी बहिनीहरूबाट राम्रो सहयोग पाइएको थियो । जातीय परम्पराको संवर्द्धनको लागि गरगहनाहरू र लुगाहरू वर्ष दिनमा एक पटक लगाउने र चिनाउने, गर्दछौं जसको फलस्वरूप कतिपय लिम्बू दिदी बहिनीहरूले नेपालबाट गरगहना मगाउने भइसकेका छन् । राम्रो प्रभाव परिरहेको छ । सबै नै त नसके पनि अबदेखि हरेक किरात नयाँ वर्ष येले तङ्बे मनाउने निर्णय भएको छ । हामीले वार्षिक वनभोज भेला पनि गर्दै आएको छौं । उधौली उभौली पनि मनाउने योजना छ ।

**◆ भाषा र लिपिको सम्बन्धमा चुम्लुङको नीति के छ त ?**

- भाषा र लिपिको लागि भने सर्वप्रथम त छोरा छोरीसँग मातृभाषा बोलेर याक्थुङ भाषाको परिचय गराउने अभ्यास गर्नु रहेको छ भने हाम्रो वेब साइटमा पनि लिम्बू लिपि सिकौं भनेर लिपिका केही आधारभूत कुराहरूको जानकारी पनि गराउँदै आएका छौं । साथै भाषा र लिपिकै संरक्षण र संवर्द्धनका लागि "मिक्फुल्ला लाजे? इङघङ" पत्रिकाको प्रकाशन सुरु गरेका छौं ।

**◆ हालसालै चुम्लुङले गरेको उपलब्धिहरूबारे केही प्रकाश पारिदिनु हुन्छ कि ?**

- युकेमा भएका जति पनि Multi culturral show हरूमा चुम्लुङले स्थानीय समुदायसँग मिलेर विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाइरहेको छ । भरखरै फोस्टोन केन्टमा भएको सोमा पनि हाम्रो उपस्थिति सान्दार रह्यो । यहाँका स्थानीयहरूले पनि साह्रै मन पराएका छन् । विभिन्न जातिहरूबाट आएका सम्पूर्ण सहभागीहरू पनि आकर्षित भएका थिए ।

चुम्लुङको अर्को उपलब्धिको रूपमा स्वर्गीय कैलास बखिमको military cimetry राखिएको छ । मैले HQ BG मा अनुरोध गरेर यो काम भएको हो । यसभन्दा अघि Ex -गोरखा हरूलाई दिइएको थिएन, तर अब देखि सबै Ex-हरूले military cimetry बनाउन पाउने भएका छन् । यो पनि चुम्लुङकै पहलमा भएको हो ।

**◆ चुम्लुङको भावी कार्ययोजनाहरूका बारेमा केही बताउनुदिनु हुन्छ कि ?**

- मुखपत्रकै रूपमा भए पनि बेलायतमा सम्भवतः पहिलो जातीय पत्रिको रूपमा "मिक्फुल्ला लाजे? इङघङ" प्रकाशन हुन लागेको छ । विश्वभरिका लिम्बूहरूको लागि यो खुसीको कुरा हो र यसलाई एउटा अति नै सराहनीय कदमको रूपमा लिएको छु र यसले राम्रो सन्देश दिने कुरामा विश्वस्त छु ।

July 28 मा वार्षिक भेला आयोजना हुँदैछ । सो कार्यक्रममा युकेवासी सम्पूर्ण लिम्बू दाजुभाइ तथा दिदीबहिनीहरूलाई उपस्थितिको लागि विनम्र अनुरोध गर्न चाहन्छु ।

यही वार्षिक भेलाका अवसर पारेर किरात याक्थुङ चुम्लुङ नेपालका अध्यक्ष अर्जुन लिम्बूलाई चुम्लुङले आमन्त्रण गरेको छ । लिम्बुवान रिसर्च सेन्टरको स्थापनार्थ छलफल जारी छ । सिक्किमका प्रभावशाली लेखक JR Subba लाई पनि सो कार्यक्रमको दिन July 28 सम्म रहन आग्रह गरेका छौं ।

मुन्धुमका बीस वटा नयाँ किताबहरू आइपुगेको छ । अबको सम्पूर्ण धर्म कर्ममा यसैलाई अनुसरण गर्ने योजना गरिदैंछ ।

**◆ धर्म भनेको के हो ?**

- धर्म वास्तवमा अनुशासन हो । धर्मको दुरुपयोग भएमा मान्छेमान्छेमा विभाजन आउँछ र सदुपयोग भएमा एकता पनि ल्याउँछ । हुन पनि कुनै पनि धर्म आफै नराम्रो हुँदैन । तथापि यसलाई अति होसियारीसँग मात्र ग्रहण गर्नुपर्छ जस्तो लाग्छ मलाई । हामी धर्ममा स्वतन्त्र छौं ।

**◆ अरू धर्मावलम्बी लिम्बूहरूलाई चुम्लुङमा कस्तो स्थान छ ?**

- मैले भनिहाले नि हामी धर्ममा स्वतन्त्र छौं । हुन त हाम्रो केन्द्रीय मुद्दा भनेकै लिम्बू परम्परा, धर्म र संस्कृतिको संरक्षण र संवर्द्धन गर्नु रहे पनि हामी विश्वभरिका विभिन्न धर्मावलम्बी लिम्बूहरूलाई चुम्लुङमा स्वागत गर्दछौं र उहाँहरूको लागि चुम्लुङको ढोका सधैं खुला छ । धर्ममात्र नभएर भर अभरमा तथा आपतकालीन स्थितिहरूमा लिम्बू दाजुभाइ तथा दिदीबहिनीहरूलाई सहयोग गर्नु पनि हो अनेकतामा पनि हामी एक हुन सक्छौं ।

**◆ युकेमा किरात माङहिम (मन्दिर) बनाउने कुरा कहाँ पुगेको छ ?**

- माङहिमको कुरा यथावतै छ । त्योभन्दा पनि मुख्य मुद्दाचाहिँ लिम्बुवान जातीय स्वायत्त स्थापनाको लागि अघि बढ्नु हो । अहिले हामी यसअन्तर्गत अन्तरक्रियाहरू गरिरहेका छौं । माङहिम बनाउने योजना त छँदै छ ।

**◆ नेपाल चुम्लुङका केन्द्रीय अध्यक्ष अर्जुन लिम्बूलाई युके बोलाउनुको मुख्य उद्देश्य के हो ?**

- लिम्बुवान जातीय स्वायत्त शासन स्थापनाको लागि उहाँले अति नै महत्वपूर्ण भूमिका खेलिरहनुभएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा चुम्लुङको सहभागिताबारे बृहत् छलफल गर्ने तथा लिम्बुवान रिसर्च सेन्टर स्थापनाको योजनाका लागि र विभिन्न विषयहरूमा अन्तरक्रिया गर्नको लागि उहाँ आउँदै हुनुहन्छ ।

**◆ हाम्रो समुदायको मुख्य कमजोरी के हो जस्तो लाग्छ तपाईलाई ?**


- शैक्षिक योग्यता हासिल नगर्नु पनि एउटा प्रमुख कमजोरी हो । लिम्बुवान क्षेत्रमा पहिलेदेखि राज्यको एकात्मक शासन रहेकाले लिम्बूहरूको समानुपातिक सहभागिता हुने कुरै भएन । त्यसैले पनि हाम्रो भाषाको प्रचारप्रसार नभएको हो, लिम्बूहरू हरेक क्षेत्रमा अगाडि बढ्न नसकेको हो । आफूमा पनि एउटा काम गर्छु भन्ने अठोटको कमीले पनि काम गरेको होला । दैनिक आइपर्ने समस्या र व्यक्तिगत समस्याहरूमा मात्र अल्झिर हनु हुन्न । सामूहिक हितको लागि अघि बढ्नुपर्छ । व्यक्तिगत समस्या त सधैं भइनै रहन्छ । अरूभन्दा पनि पिछडिएको चाहि सामूहिक चेतना कम भएरै हो कि ? मुखले मात्र लल भन्ने होइन अलिकति व्यवहार मा पनि आउनु पर्‍यो । विभिन्न अन्तरक्रियाहरूमा भाग लिने बानी बसाउनु पर्‍यो ।

**◆ अन्त्यमा यो पत्रिकाको सम्बन्धमा केहि भन्नु छ कि ?**

- किरात याक्थुङ चुम्लुङ युकेले मुखपत्रको रूपमा यो मिक्फुल्ला लाजे? इङघङ' पत्रिका निकालेको छौं । प्रवासमा निस्किएको यो सायदै पहिलो ऐतिहासिक जातीय पत्रिका हो । किरात याक्थुङ चुम्लुङ युकेले विदेशका सबै चुम्लुङहरूलाई उपहारस्वरूप प्रेसित गरेको छ । यो पत्रिकाको लागि योगदान दिने टङ्क वनेम, विश्वाश, मिजास, डा. चन्द्र लक्सम्बा र तान्छोपाका सम्पादक अमर भाइलाई चुम्लुङको तर्फबाट धन्यवाद त छँदैछ । यो पहिलो प्रयास भएकोले भूलहरू भएको भएमा क्षमा चाहन्छौं अनि सम्पूर्ण चुम्लुङका दाजुभाइ तथा दिदीबहिनीहरूलाई भविष्यमा पनि पत्रिकाको निरन्तरताको प्रतिबद्धता जाहेर गर्दछौं साथै तपाईंहरूको सहयोग र सरसल्लाहलाई हामीले सधैं स्वागत गर्नेछौं ।

*प्रस्तोता : माङहाङ*
*manghang3@yahoo.co.uk*

# From Nursing to Teaching – My Experience of Becoming a Teacher for a Day!



By Kamala Limbu (Mrs.)

When I received a phone call from the Bishop worth's school in Salisbury, where both of my sons are currently studying, I did not know what to make of it. I was invited to run a Nepalese language and culture class in the school for a Multi-culture Learning Workshop. It was intended for small groups of year seven children. To help out with languages that are not usually included in the school's curriculum - such as Hebrew, Japanese, Chinese and German – other teachers and parents had also been invited.

Although I had never taught in schools before, having an opportunity to promote cultural awareness to the youngsters in the class seemed too good to miss. So it was with some trepidation that I accepted the offer to take on the role of a social teacher for the day!



Year seven students had to choose the lessons they wanted to attend. My session consisted of background history of Nepal, its people and languages. Without much encouragement the children immersed themselves in my lesson, listening to every word I had to say with wide inquisitive eyes. They seem to thoroughly enjoy themselves, particularly in practicing reading and writing the Devanagari script. Following this short lesson on Nepal some of the students even expressed their interest in visiting the country. Young tourists in the making!

Learning about different peoples and cultures should be an essential part of everyone's education. By sharing different values and respecting other cultures we become more tolerant, bring about social integration and promote peace and harmony in our society.

It was a rewarding experience for me to share the children's enthusiasm and be able to impart some knowledge of Nepal and simple aspects of Nepalese culture. It was also a wonderful respite from my stressful Staff Nurse duties at the Emergency Medical Assessment Unit of Winchester Hospital where I, otherwise, would have been that day. Would I do it again? The answer has to be a resounding YES!

**दोहोरो नागरिकता...** (पृष्ठ ८ बाट)


**अन्त्यमा**

हामी २१ औं शताब्दीमा दौडिरहेका छौं र विश्व ग्रामिण अवधारणा प्रवल बन्दै गएको छ । युरोपियन युनियनले सिमा भत्काइसकेको छ भने नेपाल र भारतबीच त लामो समयदेखि नै सिमाना खुल्ला छ । नेपालको सन्दर्भमा दोहोरो नागरिकता अवलम्बन गर्नाले विभिन्न मुलुकमा रही ती मुलुकको नागरिकता लिएका वा लिन योग्य नेपाली र नेपाल दुवै पक्षलाई फाइदा पुग्नेछ । नेपालको बढ्दो शैक्षिक बेरोजगारी र दिनप्रतिदिन अर्थतन्त्रमा रेमिटेन्सको भूमिका महत्वपूर्ण बन्दै जानुले यो नीति अवलम्बन गर्नु पर्ने आवश्यकतातर्फ ध्यान दिन उचित देखिन्छ । विगतको तुलनामा विभिन्न मुलुकको नागरिकता ग्रहण गर्ने नेपालीहरूको सङ्ख्या दिनप्रतिदिन बृद्धि हुँदै गएको छ र नेपालीहरूको विश्वव्यापीकरण भइरहेको छ । गैरआवसीय नेपाली सङ्घ विश्वमा छरिएर रहेका सम्पूर्ण नेपालीहरूको प्रतिनिधिमूलक संस्थाको रूपमा विकसित हुँदै गएको छ । यस सङ्घले गैरआवसीय नेपालीहरूको समस्याहरूलाई सम्बोधन गर्ने प्रयास गरिरहेको छ । नेपालबाहिर रहेका र नेपाल सरकारले लागू गरेको अध्यादेशमा परिभाषित गैरआवसीय सम्पूर्ण नेपालीले बसोबास गरिरहेको मुलुकको नागरिकता ग्रहण गरेको अवस्था रहे पनि उल्लेख्य नेपालीहरूले बेलायत, अमेरिका, क्यानडा, अस्ट्रेलियाको नागरिकता ग्रहण गरेका छन् र यो क्रममा निरन्तर बढोत्तरीमा आउनेछ। यसका पछि रहेका उत्प्रेरक तत्वहरूमा सम्बन्धित मुलुकको उच्च आर्थिक विकास, रोजगारीको अवसर, समाजिक सुरक्षा, जनकल्याणका सुविधाहरू र विभिन्न मुलुकमा व्यापार, व्यवसाय गर्न प्राप्त छुटले नागरिकता लिन प्रेरित गरेको छ । अहिलेको सन्दर्भमा दोहोरो नागरिकता नीति अवलम्बनमा केही जटिलताहरू देखिए पनि ती समयस्याहरू हल गर्नै नसकिने अवश्य पनि छैनन् । चर्चामा ल्याउने गरिएजस्तो भारतबाट ह्वात्तै जनसङ्ख्या भित्रिने समस्या र नेपालमा अन्य मुलुकका आप्रवासीहरू ओइरिने समस्यालाई हल गर्न गरैआवासीय नेपाली सम्बन्धी विधेयकमा परिभाषित गैरआवसीय नेपालीहरूका सवालमा मात्र दोहोरो नागरिकताको व्यवस्थालाई सीमित गर्न सकिन्छ । नेपाल सरकारले यस विषयमा गहन विश्लेशण गरी सकारात्मक नीति अवलम्बन गरेमा अवश्य नै नेपाल र नेपालबाहिर रहेका गैरआवासीय नेपालीहरूको भलो हुनेछ ।

*साभार : एचके नेपाल डट कम*

# GLOBALISATION

**...globalisation is a process, enabling countries to conduct free trade and create open markets, assisted by powerful partners such as the World Bank, IMF and WTO, where international borders become ineffective.**



By Dr Chadra K Laksamba

Globalisation may be defined as a process for creating a world without international boundaries, obstacles or limits so that information, trade and ideas can flow without any restriction. In addition, globalisation is a wave that is pulsing throughout the world carrying messages of democratisation, privatisation, liberalisation, marketisation, hybridisation and individualisation and at the same time imparting risk and fear to the poorer countries where inequality and poverty are getting worse day-by-day because of political instability, civil war and international intervention in domestic matters.

Globalisation is a complex issue debated by two different ideological groups, the liberals and neo-liberals on the one hand and the radical and moderate left on the other. The liberals and neo-liberals, who support globalisation, perceive its benefits. They view globalisation as a means of investment and consequent profits at any cost, even human life. They utilise globalisation agendas to benefit, achieve and maintain their goals; such as promoting economic libera- lisation, a market - oriented economy, deregulation of trade and tariffs and so on. On the other hand, the radical and moderate left, including some liberals, oppose globalisation. From their point of view, globalisation creates poverty, neglects and excludes the poor and destroys local traditions, cultures and religions. They argue that the bulk of the world's population have nothing to gain from globalisation, as the vehicles for globalisation such as the World Bank, International Monetary Fund (IMF) and the World Trade Organisation (WTO) are controlled by rich and developed countries.

Despite the ideological debate, globalisation has already succeeded in penetrating the whole world, with its impressive slogans of liberalisation, democratisation, privatisation, individualisation and marketisation. Globalisation is now claiming that liberalisation is suitable for all, providing all-round social, economic and political development by means of competition, given that it is free and fair.

There are on-going arguments and debates on the pros and cons of globalisation; nevertheless, globalisation has the potential to offer opportunities to both the rich and poor countries, if implemented properly. It is obvious that, for the least developed and developing countries there is a great fear that globalisation could marginalise their societies and people because of their weak internal infrastructure, unstable socio-economic status and political conditions compounded by their inability to stay upright in the powerful currents of globalisation. Countries that join the



global process require at least a minimum required standard of resources, skills and technology to survive in a global system.

As mentioned earlier, globalisation is a process, enabling countries to conduct free trade and create open markets, assisted by powerful partners such as the World Bank, IMF and WTO, where international borders become ineffective. It also means that borders become meaningless and unequal trade can be conducted, creating chaos in a vulnerable society. Because of such unequal trading practices, globalisation has created lots of risks in the global society.

Although globalisation is a global integrating process that helps to incorporate local products and economies into capital markets on a global scale: however, the tariff and non-tariff barriers that the developed countries have been imposing with a view to preventing the entry of the Least Developed Countries' (LDCs) products to their market have already created economic instability and dependency in the LDCs. Directly or indirectly, politics and economic infrastructures of the LDCs are under the control of the developed countries such as the USA and UK and their organisations such as the World Bank and the IMF. Hence, such a political and economic control over the poor countries is called globalisation by the developed countries and corporates. In this sense, globalisation is not a new subject, it is a modified form of imperialism i.e. blended with modern technologies, artificial knowledge and redesigned in order to make more effective tool to drain out resources form peripheral (poor countries) to centre (rich countries).

Developed countries advocate that globalisation is democratisation, liberalisation and decentralisation of power, in reality, it centralises the power in the hand of the rich while marginalising the poor. Globalisation is powerful and dynamic; its impact is inevitable but can be negative as demonstrated by the brain drain of bright intellectuals, professionals and educators, especially from the poor countries migrating to developed countries. Rich countries and corporates may argue that they are moving their business to the Third World countries such as India, China and Brazil creating greater employment opportunities this is in fact further exploits the poor and their labour. As a result globalisation only benefits the rich.


In the present context of globalisation, economic globalisation is a controversial issue. There are more chances that the global economy and resources can be absorbed by the economically sound and developed countries because their economic infrastructure is strong and mature.

In addition, globalisation is a competition and to win the winners need means (wealth) and power, which are not significantly available in the Eastern and Southern countries. Therefore, poor countries have relatively no chance of winning the contest. The world's richest countries control modern technology, communication, industries, commerce, trade and capital. They reap profit even while granting donations to poor nations.

In summary, globalisation is controlled and manipulated by the few rich countries of the West and the North. Countries from the East and South are suffering from poverty, hunger and disease and their difficulties are worsening because of the negative impacts of globalisation. In the name of poverty alleviation and globalisation, the trans-national organisations and donor countries have continued to siphon off wealth from poverty-stricken countries thus making them poorer. Hence, globalisation has become a major threat against third world countries and it is important to take preventive measures in time to circumvent a case of 'too little too late'.

***

# THE CONSTITUTION OF THE KIRAT YAKTHUNG CHUMLUNG (KYC) UNITED KINGDOM-UK 2003



**INTRODUCTION**

The KYC - UK was established in 2003 with the aim to promote the welfare of Limbus, which is expanded in detail below.

The word 'Limbu' in Kirat translates as an archer, or bearer of bow and arrows. The ancestral and original stronghold of the Limbu's is known as Pallo Kirat (eastern part of the Kirat kingdom) as well as Limbuwan (Limbu state), which spans from the Arun River in Nepal to the Kingdom of Sikkim in the east. Currently, in Nepal, Limbus mainly inhabit the districts of Sankhuwasabha, Tehrathum, Dhankuta, Taplejung, Panchthar, Ilam Jhapa, Morang, Sunsari and the Kathmandu valley. Farming and employment in the British and Indian armies are their primary source of income.

Limbu scripture is called Mundhum. Phedangma, Shamba and Yeba-Yema are their sacred specialists. Limbu celebrate the dance festivals of Kelang, popularly known Chyabrung (two-sided drum) and Yarak (Paddy dance) as major events. Their faith is enshrined in the evergreen Cynodondactylon (dubo) grass and rocks. Some to do cremate some do't their dead. The population of the Limbus, according to the census of 2001, is 359,255.

**LANGUAGE AND SCRIPT**

Limbu language is a member of Tibeto-Burman language family. Limbu script is called *Kirat-Sirijonga Script* and dialect is *Yakthung pan*. It has four main dialects i.e. Panthere, Phedape, Tạmarkhole and Chhathare. According to many historians, King Sirijonga invented *Kirat-Sirijonga Script* in the late 9th Century. It disappeared for many years and was reintroduced by Te-ongsi Sirijonga (believed to be reincarnation of King Sirijonga), in 17th Century. In 1925, Iman Singh Chemjong (a renown Limbu scholar) named the script, after the name of Sirijonga who had laid down his life for the preservation and promotion of the script in 1743 A.D. There are many books written in the Limbu language.

**Interpretation:** In these regulations; the Constitution means the constitution of the Kirat Yakthung Chumlung KYC – UK.

**Name:** The name of the Society is the Kirat Yakthung Chumlung KYC - UK.

**Aim of Kirat Yakthung Chumlung - UK:** The Society is established for the purpose of carrying out the following charitable works:

1. To undertake various activities for the upliftment of the Limbus, their language include Kirat-Sirijonga script, literature, religion and culture.
2. To conduct research on subjects related to Limbus and promote awareness among them.
3. To assist and organize various activities of social and welfare related problems and development of Limbus for those living in the UK.
4. To conduct effective charity programmes to benefit and foster friendship with local communities in the UK.
5. To develop and promote friendly relationship with other ethnic groups and communities, and enhance work for the consolidation of democracy, national unity and preservatión of the culture of the community.
6. To conduct awareness programmes against drug abuse.
7. To plan and carry out appropriate Programmes in order to wipe out superstition and ignorance of people about health problems both in UK and Nepal.
8. To work for human rights, indigenous rights and women and child right.
9. To foster the Yakthung Chumlung UK's relationship with other Yakthung Chumlung societies throughout the world.

**ORGANIZATIONAL STRUCTURE AND RULES AND REGULATIONS**

The KYC (UK) constitution will comprise the following regulatory committee:

- Members (General, Life, Patron and Honorary)..
- Congress.
- Central Executive Committee (CEC).
- Advisory Committee (AC).
- Area Representatives (ARs).

Members:

**- General Member.** A person from the Limbu ethnic group who complies with the provisions of the statute of the KYC can become a general member. All Limbus paying general membership fee could become general member of KYC. General members as are the inspirational source of KYC to work in socio-economic development of Limbus. They provide human resources to conduct various works and they are the main donor for KYC.

**- Patron Member.** On paying patron membership fee any Limbu could become patron member.

**- Honorary Member.** An honorary membership is given to a non-Limbu who has made contributions in promoting the Limbu culture, language, script, and religion.

**Note:** The voting rights, however, will only rest with the Limbu ethnic members. Application for an honorary membership should be proposed and seconded by at least two Limbu ethnic members. The final decision lies with the CEC.

**Congress:** The congress of the KYC will be held twice a year. All members will participate during the Congress.

The Congress will elect an Executive Committee for two years. The Congress will also decide on the programme for the next two years.

The Congress will formulate the policies and programmes for KYC.

**Central Executive Committee (CEC):** The Congress will elect a minimum of 7 members and a maximum of 15 members representing Limbus from different areas of UK to form the CEC.

In the process of election, the ECE will be constituted on the basis of the numbers of area representatives in terms of memberships.

The executive body within itself will select from among the members, one Chairperson, one Vice-Chairperson, one General Secretary and one Treasurer.

The CEC can invite individuals as invitees to any Committee meetings/Workshops/ Seminars and Rallies. The Invitees will, however, have no voting rights.

The Executive Committee must have adequạte women representation.

- Chairperson. The Chairperson will preside over all the CEC Meetings, will be the head of the organisation and act as per the KYC Constitution 2003.

contd on pg 11

**KIRAT YAKTHUNG CHUMLUNG (KYC) COMMITTEE, UNITED KINGDOM**

*President*
*Mr Siriprasad Limbu*
*Vice- President*
*Mr Damberbahadur Limbu*
*Vice- President*
*Mrs Meera Angbuhang*
*Gen Secretary*
*Mr Rajen Limbu*
*Secretary*
*Mr Khusi Limbu*
*Treasurer*
*Mrs Kamala Limbu*
*Entertainment*
*Mr Sheru Limbu*
*Asst Entertainment*
*Shreeprasad Limbu*
*Asst Ent/Literature*
*Mrs Lila Seling Mabo*

**Culture Co-oridenator**
Mrs Durga Pangma Limbu
Property member
Mr Hemkumar Chongbang

**Area Representative:**
*Bhaktihang Limbu (Farnborough)*
*Purna Sauden (Farnborough)*
*Purna Limbu (Oxbridge)*
*Badri Younghang (Wales)*
*Bhimbahadur Limbu (Wales)*
*Deepak Tumbapo (Essex)*
*Gambirdhoj Limbu (Essex)*
*Serbahadur Ingnam (Essex)*
*Narbahadur Limbu (London)*
*Motipsd Kandangwa (Aldershot)*
*Narendra Limbu (Ashford)*
*Devraj Limbu (Ashford)*
*Tejkumar Begha (Oxford)*
*Narbir Loksam (Nuneaton)*
*Debandra Maden (Nuneaton)*
*Deokumar Limbu (Birmingham)*
*Ramkumar Khajum (Sandhurst)*
*Jurendra Khajum (Sandhurst)*
*Kebahang Limbu (Canterbury)*
*Amrit Limbu (Bath)*
*Surya Limbu (Reading)*
*Netra Limbu (London)*
*Bishnu Limbu (Aldershot)*
*Ratna Limbu (Maidstone)*
*Tirtha Limbu (Colchester)*
*Subash Jabaju (Bradford)*
*Tilbikram Limbu (Basingstoke)*
*Jaya Maden (Folkestone)*

## एकछिन हाँसौं कि ?



**ड्याडी र डियरसनको गफ**

बोर्डिङ स्कुल पढ्ने छोरा हतारहतार स्कुलबाट आएर भनेछ, "ड्याडी ड्याडी - अबदेखि हामीले तरकारी खाने आलु किन्नु पर्दैन् रे ।"

ड्याडी खुशी हुँदै भनेछन्, "ह्वाई माइ डियरसन ?"


डियरसनले भनेछ, "मिसले भन्नुभएको कि जाँच कि साँचमा मैले आलु नै आलु ल्याएको छु अरे ।"

**चिडिया खानामा बाघ र बाँदर**

एउटा बेरोजगारी युवकले बल्लबल्ल चिडियाखानामा एउटा काम पाएछ। बाँदरको छाला लगाएर बाँदरझैं यताउति उफ्रिने र रुखरुखमा झुण्डेर बाँदर बन्नुपर्ने । एक दिन कसोकसो बाघको खोरमा जाकिन पुगेछ । बाघ बडो डर लाग्दो थिएछ एक झिमिकमै युवकको छेउमा आइपुगेर, डरले थरथर कामिरहेको बाँदरको छाला ओढ्ने युवकलाई भनेछ, "ओ पाट कैसी छ ?"




[illegible]



[illegible]



[illegible]




[illegible]

अन्तमा :-
मिक्केको फेदी तामाङ छ
सम्भना गर्दै राम राम छ ।

[illegible]





[illegible]

गीत

## बेथितिहरू

*मिजास तेम्बे*



मेरो मनको याक्साहरूमा
पालाम गाउदै आयौ
प्रतिउत्तरमा हाक्पारे कर्कस सुनाएँ ।

मेरो जीवनको भन्ज्याङहरूमा
पकन्दी खेल्दै आयौ,
मैले तिखो सिठ्ठी बजाएँ ।

यात्राको भोड जङ्गलहरूमा
पात बजाउँदै आयौ ,
मैले नमिठो सुसेला गाएँ ।

जवानीको देउरालीहरूमा
सुगन्धित चुवा फुङ फुलायौ ।
मैले केही खस्रा ढुङ्गाहरू चढाएँ ।

मेरो हृदयको भन्कारहरूमा
च्याब्रुङको मिठो धुन भरेर गयौ,
मैले बेसुरो भ्याम्टा बजाएँ



*mijash@gmail.com*

कविता

## निङ्वासुम

*सिन्धोलुङ सुभा*



जीवनको साँघुरो पिँजडा
गनतव्यहीन चौबाटो
नतन्किने जीवनका तानाहरू
बेसरी तन्किएर
पर....परसम्म
स्मृतिका डोबहरू
सरलाईमा.. सर...
मुर्च्छनाहरूको
अमूर्त स्मृति
जतातत्तै
निङ्वासुम नै निङ्वासुम
मायालुको प्रतीक्षामा फुलेको
रातो गुलाफको कथा र
रातभरि जूनको व्याथा सुनेर
तप्किने शितको आँसु
अनि
सिसागेन मेन्छिन्को
चिहानमाथि
मिकचिरी फूलको
लुमी अनुहार ।

कविता


## त्यो एक्लो घर

*ला:भून लिङ्दम*



त्यो घर
एउटी दुःखी आमाको विरही मनजस्तो घर
जसका सन्तानहरू सबै परदेशिए
छाडिराखेर एक्लै ...टाढाटाढा भइगए ।

त्यो एक्लो घर
एक्ली आमाको आँसुको ढिकाजस्तो घर ।
अपहेलित
उपेक्षित
पीडित
त्यो घर
लाग्छ, एक्लै रहँदा
कि आमाको मनको घाउ
कति दुख्छ होला छातीभित्र हरपल
ज...जँर ज....जँर
त्यो घर ....



मेरो बचपन जो
अब कहिल्यै फर्कदैन
फगत सम्भना मात्र गराइबस्छ त्यो घर...
जुनसँग म भएँ धेरै प....र
भएँ धेरै टाढा
कि मेरो मृत्युको
न कुनै टुङ्गो
न जीवनको कुनै भर...


सम्भिरहन्छु त्यो घर

हरपल हरपल ...
कि जति सम्भ्यो उति
आँसु मात्र भर्छ
बर्..बर्....... बर्..बर् ....
आह ! मेरो स्मृतिको त्यो घर... ।
(२०६४/०३/१८)

कविता

## लुङ्वा तरेमे

*याङ्सिहाङ*



हाउ !
लुङ्वा तरेमे
सुदूर बिस्मृतिको
पन्यालो चोटहरुले चाटेर
निथ्रुकै भिजेको छु
तमोरको सुसाई
फकताङ्लुङ र सेवालुङ
या:लाङ के:लाङ हाक्पारे
सांस्कृतिको लिङ्गो ठड्याउदै
उड्ने मन त हो
सिम्बलको भुवा भैं
त्यतैतिर उडिरहेछ ।

खोपडिको भित्ता-भित्ता
अनि-
मुटुको कुना कुनामा
मगमगाई रहन्छ
हजुरकै माया
हजुरकै सम्भना ।

ढ्याङ .......ढ्याङ ..........
तिम्मक पड्काउदै
तिवाजो ढल्काएर
फुङ्वामा साम्लोले
नबाँधेको हाम्रो माया
के गर्नु ?
तमोर खोलाले बगाए पनि
मनको खोलामा नबगे पछि ।

लुङ्वामा तरेमे
सम्भना र मायाहरु
फक्ताङ्लुङ भैं भन भन
अग्लिरहेछ
साल घारीभैं बेसरी
सुसाइरहेछ ।


तर खोई कस्लाई भन्नुर ?
लुङ्वा तरेमाको निङ्वासुम
सोधौं कि भन्छु -
के भन्ने हुन ?
अतितको साँक्षी बक्ने
ती उकाली ओराली
पाटी, पौवा र फलैंचाहरू ।

*-बेलायत ।*

कविता

## निर्वासनमा तिम्रो याद

*प्रकाश थाम्सुहाङ*



नीलो-नीलो समुद्रमा
जब-जब रातो घाम डुब्छ
मलाई तिम्रो याद आउँछ
सत्ते ! म तिम्रो सम्भनामा यहाँ
भरेको साकुराभैं क्रमशः सुक्दै गइरहेछु
हाय ! यो कस्तो अनुराग
हाय ! यो कस्तो सम्मोहन
जबकि तिमीबाटै अपहेलित
मौकाच्यूत बिरानो प्रेमी म
ओ ! चोमोलुङमा
यो निर्वासनमा
मलाई तिम्रो याद साह्रै आइरहेछ । □□

# बास

• राजकुमार दिक्पाल



वकीलको पर्खाइमा म डिल्लीबजार चारखाल परिसरमा भौतारिइरहेकी थिएँ । एक सातादेखि कहिले फाँटवाला नहुने त कहिले हाकिमको अनुपस्थितिले मेरो हुनुपर्ने काम भइरहेको छैन । मजस्ता कतिले यस्तो नियति भोग्न परिरहेको होला ? यस्तै नियतिको शिकार अरू पनि होलान् भनेर चित्त बुझाउनु मेरो आफ्नै बाध्यता भएको छ । काम सजिलो होस् भनेर मैले वकील लिने विचार गरेकी हुँ । तर वकीलले आफ्नो पुनरावेदनमा बहस भएकोले ढिलो हुने खबर गरेपछि म उसैलाई पर्खेर बसिरहेकी थिएँ ।

त्यसैबेला अलि परबाट हस्याङ फस्याङ गर्दै फुटपाथमा हिँडिरहेको एक व्यक्तिमाथि मेरो नजर पऱ्यो । अनुहार परिचित लाग्यो । मैले त्यस मौका गुमाउन चाहिनँ । बाटोमा रोकेर सोधिहालेँ, "अरे, विजय, कति हिँडेको हतारिँदै ?"

आफ्नो गन्तव्य छिचोल्न हतारिएर हिँडिरहेको ऊ टक्क अडियो । र मलाई हेर्दै छक्क परेर बोल्यो, "ओहो रिमा तिमी ? अनि तिमीचाहिँ यता, कति कामले नि ?"

"सानो काम थियो, त्यसैले । बरु भन तिमी कता ? हतार छैन भने बस एकछिन, चिया खाउँला क्यार ।"

सुरुमा त अलि आनीकानी गरे पनि केही क्षणपछि "हुन्छ" भन्ने सूचक दियो उसले ।

हामी डिल्लीबजार चारखालको एउटा चियापसलमा चिया पिउँदै थियौँ । धेरै समयपछि मेरो ऊसित भेट भएको हो । हुन त ऊसित भेट्ने र धेरै कुरा गर्ने मेरो चाहना थियो तर काठमाडौँ खाल्डोको व्यस्तताले यस्ता चाहनाहरूको घाँटी अठ्याउन ठूलो भूमिका निर्वाह गर्नेगर्छ । फेरि पारिवारिक व्यस्तता त छँदैछ ।



आज मैले उसलाई देख्दा ऊ अलि तनावमा भएजस्तै लाग्यो । उसका आँखीभौँ र अनुहारको रङ्गले यस्तै रहस्य खोलिरहेको थियो तर मैले उसको तनावलाई उत्कर्षमा पुऱ्याउन खुम्चेको आँखीभौँ र रातोपिरो अनुहारको रङ्गका कारणहरू सोध्न चाहिनँ र आफूलाई स्वभाविक बनाउँदै सोधेँ, "भन, तिम्रो के छ खबर ? परिवारमा कस्तो छ ।"

"ठीकै छ," उसले औसत जवाफ फर्काइसकेपछि बरु उल्टै मलाई सोध्यो, "तिमीचाहिँ किन यहाँ नि ?"

"एउटा सानो घर किन्ने कुरा गरेको, पास गर्नुपर्ने । मेरो वकीललाई भेट्न आएकी," मैले छोटकरीमा सबै कुरा भनेँ "एउटा त्यस्तै सरकारी अवसर आयो र उहाँ (श्रीमान) ले जापान जाने मौका पाउनुभयो, मैले पनि लन्डनबाट अलिअलि जोगाएर ल्याएकी थिएँ ।"

यो सुन्नासाथ उसको खुम्चिरहेको आँखिभौँ तन्कियो । अनुहारमा चमक आयो र भन्यो, "ल बधाई छ तिमीलाई ।"

उसले बधाई दिने क्रममा करप्प हात मिलायो । एउटा लोग्ने मान्छेले म आइमाईलाई हात मिलाउँदा वरिपरिका नयाँ पुस्ताकाहरूले त्यति वास्ता गरेनन्, तर पुराना पुस्ताका आँखाहरूले अलि आश्चर्य भाव प्रकट गरे । ती हेराइलाई मैले कुनै अनौठो अनुभूतिले वास्ता त गरिनँ, तर विजयले मलाई हात मिलाउने क्रममा जुन स्पर्श दियो, त्यो भने अर्कै अनुभूतिको थियो । त्यसलेचाहिँ मलाई अलि कुत्कुति लागेजस्तो भयो ।

वास्तवमा विजयको हात मिलाइमा मैले अनुभूति गरेकी जुन कुत्कुति हो, त्यो मेरो निम्ति अनौठै अनुभूतिको थियो । त्यसो त उसका स्पर्शहरू मेरा लागि कुनै नयाँ अनुभूतिको नलाग्नु पर्ने हो । ऊसितको मेरो चिनाजानी र सङ्गत पनि त नयाँ होइन । हामी कुनै बेला एक अर्काका लागि मरि मेट्ने व्यक्तिहरू हौँ । केवल साथीको नाताका पर्खालहरू तोडेर हामीले अरू थप सम्बन्धहरू स्थापित गरेका थियौँ । हामीले व्यवधानका कैयौँ जङ्घारहरू तरेका थियौँ । सँगै बाँच्ने र सँगै मर्ने कल्पनाहरूको क्षितिज छिचोलेका थियौँ । वास्तवमा विजय मेरो भूतपूर्व प्रेमी हो, त्यसैले उसको हातको स्पर्श मेरो लागि अनौठो नहुनुपर्ने हो, तर आज भयो त्यस्तै ।

स्पर्श अनुभूतिका कुराहरू गर्दा हामीले एक जोडी लोग्ने स्वास्नीबीच हुने स्वभाविक क्रियालाई थाती राखेका थियौँ । हामी भन्थ्यौँ, "त्यो त लोग्ने स्वास्नीबीचको उपहार साटासाटको कुरा हो, कमसेकम त्यो नैतिक बन्धनलाई भने हामीले विवाहअगाडि तोड्न हुँदैन ।" त्यसैले हामी गौरव गर्थ्यौं, "पवित्र प्रेम सम्बन्ध" प्रति ।

यो पवित्र प्रेममा पनि कैयौँ परिस्थितिहरूले खलनायकी देखाउँदा रहेछन् । मैले सबै कुरा मन पराएर पनि उसको एउटा कुरा मन पराइनँ । आदर्शले नै बाँच्न खोज्ने उसको प्रवृत्ति मलाई मन नपर्ने कोटीको हुनपुग्यो । मैले उसलाई उत्साह भर्दै भन्थे, "कमसेकम हामी दुई छाक खानलाई र एक ओत बस्नलाई त जोहो गरौँ न ।"

"छाडिदेऊ यी सब, पैसा मानिसलाई कहिल्यै नपुग्ने कुरा हो क्या, त्यहीँ पैसा कमाउन लाहुरे भएका मेरा बाबुले विश्वयुद्ध लडेर पनि खै पैसा कमाए ? मलाई त यो पैसाको कुरा सोच्न पनि मन लाग्दैन है ।" उसका यस्ता आदर्शका कुरा सुन्दा मेरो कान पाकिसकेको थियो ।

हुन पनि ऊ पुराना लाहुरेका छोरा हो । पारिवारिक विखण्डन र पुनर्विवाहमा गुजिरहेको उसका बाबुले पैसा त जोगाउन सकेनन् नै, अझ आफ्ना बाबुको साठी वर्ष नाघिसकेपछि ऊ जन्मेको रे । ऊ चौध वर्षको हुँदा उसका बाबुको निधन भएको हो । मेरो पारिवारिक अवस्था भने उसको जस्तो नाजुक भने होइन तर एक निर्धन भएर पनि उसमा पैसाको मोह छँदै थिएन भने विदेशको नाम ऊ लिनै नमान्ने । एक भावुक कवि हो ऊ । उसका कविता खाली देशप्रेमले ओतप्रोत हुने । उसले जतिसुकै स्वभिमानको कुरा गर्दा पनि म त्यसलाई केवल भावुकताको परिणति सम्झने गर्छु ।

मैले के सोचेँ भने, उसको कवित्वलाई बचाउन पनि पैसा कमाउनै पर्छ । त्यसैले स्टुडेन्ड भिजामा लन्डन जाने निष्कर्ष निकालेँ । मलाई के थाहा थियो भने उसले मलाई यो कुरामा सहमति दिनेवाला छैन, सुटुक्क काम गर्नुछ । पढ्ने बहानामा पैसा कमाउनु मेरो उद्देश्य थियो । त्यसैले उसलाई थाहै नदिई लन्डन हानिएकी हुँ म । मेरो अर्को अहम थियो, के घर चलाउन केवल पुरुषले मात्र पैसा कमाउनुपर्छ र ?

मैले लन्डन पुगेर फोन गर्दा ऊ छाँगाबाट खसेजस्तै भएछ । उसले फोनमै हाँसीहाँसी भन्यो, "हुन त को कसको वशमा हुन्छ र ? भैगो हामी आफ्नै संसारमा रमाऔँ है अब ।" अर्कातिर चिनेजानेकाहरूमा चर्चा चलेछ, "एउटा गरीब केटा र धनी केटीबीच प्रेम र विवाह त उही फिल्मको दृश्य र उपन्यासका पानाहरूमा मात्र पो हुन्छ त ।"

मैले यी सबै साथीहरूबाट आउने इमेलबाट थाहा पाएँ । त्यसैले निराधार भए पनि मेरै गल्ती भएको न ठहरियो । सुरुमा केही गाह्रोजस्तै भए पनि मन बुझाएँ र बाबुआमाले रोजेको जागिरे केटासित अहिले जीवन बिताइरहेकी छु ।

मैले यी पुराना कुराहरू जति दोहऱ्याएर सम्झे पनि विगत भनेको विगत नै हो । बरु वर्तमानमा फर्कने कोसिस गरेँ । त्यतिखेरसम्म हामीले दुईदुई कप सिध्याउन आँटिका थियौँ । "अनि भन, आजचाहिँ कता हतारिएर हिँडेको नि तिमी ?" मैले चियाको अन्तिम सुरुप तानिसकेपछि उसलाई सोधेँ । उसको तनाव हराइसकेको थियो ।

"कहाँ हुनु नि डेरा खोज्न ?"

"किन बसिरहेकोमा के भयो?"

"हुन्छ नि विभिन्न समस्या । त्यो कुरा त तिमीलाई थाहै छ," उसले भन्यो ।

"मेरो घर पास गरेपछि आऊ न त बस्न," मैले अनि ठट्टा गर्दै भने ।

"तिम्रो घरमा त के, कुनै बेला तिम्रो हृदयमै बस्ने पनि सपना देखेको थिएँ नि, होइन र ?" यति भनिसकेपछि ऊ धक खोलेर हाँस्यो । ऊसँगै म पनि हाँसेँ तर मेरो हाँसोभित्र केही गम्भीरता पनि थिए । उसको हाँसो गम्भीरतामा परिणत भयो । उसले भन्यो, "कतिपय संयोगहरू सुखद हुन्छन्, जस्तो कि तिमी र मसँगै नहुनुले तिमीलाई सुखी बनाएको छ ।"

त्यतिबेलै उसको मोबाइल बज्यो, आफ्नै आदर्शलाई सुहाउने रिङ्टोन हालेको रहेछ "रातो र चन्द्र सूर्य ।" फोन उनकै श्रीमतीको रहेछ भन्ने अनुमान गरेँ । उताबाट आवाज आउँदै थियो, "कोठा भेटियो त ?"

"ए, अँ म खोज्दैछु" यति भनेपछि फोन काट्दै उसले भन्यो, "म हिँडे है रिमा, फेरि भेटौँला ।"

ऊ हिड्यो । आँखाबाट ओझेल नपरेसम्म मैले उसलाई हेरिरहेँ । □□

# हामी एकपल्ट मात्र बाँच्छौँ



अमर नेम्बाङ लिम्बू

(१) भर्खरैमात्र असोजको महिना मरेको छ । आज कार्तिकले आफ्नो पहिलो खुट्टा टेकेको दिन । राता सयपत्री र रङ्गविरङ्गका पुतली फूलहरू (cosmos) अझै डाँडाभरि फूलिरहेका छन् । दसैंताकाको शारदीय रातमा सँधै एकनाशले कराइरहने छ्याकछ्याके कीरो दसैं गइसकेपनि अझै कराउन छोडेको छैन यहाँ । चकमन्न जूनेली रातमा नजीकैको दुदिलोको झ्याङभित्र कतैतिर लगातार कराउँदैछ त्यो । हिजोआज हरेक किसानको झुप्रोमा केही अन्नबाली छ । एकैछिन भए पनि निर्धुक्कसँग खाँदैछन् यिनीहरूले आफ्नो पसिनाको कमाइ । निश्चय नै यस्तैबेला, सबैको घरमा अन्नपानी भएको बेला, चकमन्न जूनेली रातमा सधैं नै यसरी कराउँछ यो छ्याक्छ्याके कीरो । वर्षादको लामो अनिकालपछि बल्लबल्ल आएको छ सहकालको यो मोहनीलाग्दो समय । यस्तै रसिलो र भरिलो समयमा जीवनलाई अझ सङ्गीतमय बनाउँदै एकोहोरोरूपले कराइरहेछ त्यो कीरो । बेलाबेलामा त्यो कीरो कराइरहँदा "अझैपनि अन्नपानी छ," "अझै पनि अन्नपानी छ" भनेजस्तो लाग्छ मलाई ।



आज बिहानै उठेर बारीतिर डुल्न गएँ । घुऱ्यानबारीमा राता लट्टेहरू लटरम्म फुलेर पुरै बारी नै रक्ताम्य भएजस्तो देखिन्थ्यो । टन्न फुलेर मुट्ठी कसेका सबै लट्टेहरूले आफ्नो चोर औंलाले माथि नीलो आकाशलाई ताकिरहेका थिए । सायद यसरी ताकेर तिनीहरूले आकाशलाई भनिरहेका थिए, "तिमीले नै पानी वर्षाएर हामीलाई बचायौं, अब फेरि किन तिमीले नै शीतको थोपा वर्षाएर हामीलाई मार्दैछौं ?" हिजोभन्दा आज चिसो, आजभन्दा भोलि चिसो ! यसरी नै चिस्सिँदै जाँदैछन् यी दिनहरू ।

भेडे कुरो र कनिके कुरोहरू पन्साउँदै अगाडि बढ्दै गएँ म । मकैबारीको एउटा फोक्टीमा कलिला र कल्कलाउँदा भटमासका टुसाहरू ! भर्खरै गम्बट फुटेर निस्केका यी कलिला अङ्कुरहरू ! माटो बाहिरै भए पनि कति बाँच्न खोजिरहेका छन् यिनीहरू । तर दिनप्रतिदिन नजिकिँदै आइरहेको शिशिर ऋतुको कठ्याङ्ग्रिएको शीतले के यिनीहरूलाई धेरै बेरसम्म बाँच्न देला र ? तर धेरै दुःख लाग्दैछ मलाई यी कुराहरू लेख्दा किनभने वर्षादको गर्मी दिनहरूलाई भेट्न नपाउँदै जाडोले कक्रिएर मरिसकेका हुनेछन् धरतीका यी कलिला रचनाहरू ।

२०४६-७-१, पौवासारताप-३

(२) हेर्दाहेर्दै कार्तिक महिना पनि मरिसकेको छ । मङ्सिर महिना लागेको पनि आज दस/बाह्र दिन भइसक्यो । कार्तिक मङ्सिरका दिनहरूमा कुनैबेला आकाश साँच्चि नै अति निख्खर भई खुलेको हुँदोरहेछ । धेरै वर्ष अगाडि हिउँदको यस्तै एउटा स्वच्छ दिनमा (सायद मलाई २०३१ मङ्सिर १६ गतेजस्तो लाग्छ) महाचीन बाजे र म वासुम लुङरूप्पातिर डुल्न जाँदैथियौं । पौवाभञ्ज्याङ पुगेर एउटा ढुङ्गे चौतारामा थकाइ मार्न भनेर एकछिन बस्यौं हामी । बाजेले एक खिली सुर्ती खाइन्जेलसम्म मैले पनि हिउँदको खुला आकाशमा नजर दौडाएं पारि पारिसम्म । धेरै टाढा-टाढासम्मका गाउँहरूमा पनि बाटाका अलिअलि चिन्हहरू देखिन्थे- फन्को मार्दै फेरि कतैतिर हराएजस्तो । पारि वासुम गाउँको सिरानमा एउटा ठूलो बाटो डाँडाकाँडा हुँदै एउटा बाक्लो जङ्गलमा नरमाइलोसँग स्वाट्टै पसेर गएको देखिन्थ्यो । सायद मुगलान भारततिर गएको होला त्यो बाटो । अर्को बाटो गाउँको सिरानदेखि घरि दाहिने घरि देब्रे हुँदै नागबेली परेर तल बेँसीतिर झरेको देखिन्थ्यो । यस्ता धुप्रै बाटाका रेखाहरू जतासुकै कोरिएका हुन्छन् हाम्रा गाउँहरूका छातीमा । कमिलाहरूजस्तै आफ्नो गन्तव्य स्थानमा पुग्न मानिसहरू पनि रातदिन ओहोरदोहोर गरिरहेका हुन्छन् ती बाटाहरूमा । त्यस्तै बाजे र मैले पनि त्यसतर्फ जाने एउटा छोटो बाटो रोज्यौं त्यसदिन । तर, जहरथुम्की नपुग्दै गत साउनभदौतिर जहींतहीं पहिरो गएका ढिस्कनाहरू देखिँदैछन् बाटोमा । ठाउँ-ठाउँमा पहिरोले निकालेका रूखका जराजुरीहरू समात्दै बलैले अगाडि बढिरहेका थियौं हामी । त्यस्तैमा पहिरोले तान्न लागेको माटोको एउटा हरियो ढिस्कनामा एउटा कल्कलाउँदो पैयुङको रूख बडो गजबले फुलिरहेको देख्यौं हामीले । ढकमक्क फुलेर यसले त्यहाँको उराठलाग्दो वातावरणलाई नै बिर्साइदिएको थियो एकछिन भए पनि । पहिरोको कुनै वास्ता नगरेर पैयुङका हरेक फूलका थुङ्गा-थुङ्गामा भुनभुनाइरहेको थिए मौरीहरू पनि एकनाशले मानौ मौरीहरूको भुनभुनले गर्दा त्यहाँ कतैतिर कुनै मधुर सङ्गीत गुञ्जिरहेको भान हुन्थ्यो । तर, गत कार्तिक महिनामा उम्रनखोजेका भटमासका टुसाहरूझैं त्यस पैयुङको बोटले पनि चाँडोभन्दा चाँडो मर्दैछु भन्ने कुनै एहसास नै नगरी बडो आनन्दले फुलिरहेको थियो । उद्भिद्हरू तथा जीवजन्तुहरू मर्नुभन्दा जीउन चाहन्छन् भन्ने कुरा साँचो हो । तर, यसरी निर्धक्कसँग एकक्षण भए पनि एउटा उमङ्ग र उल्लासपूर्ण रूपले जीउनुमा नै सायद जीवनको गहिरो अर्थ लुकेको हुन्छ होला ।

कुनै भटमासका गेडाहरू असमयमै माटोबाहिर उम्रेर बाँच्न खोज्दाखोज्दै उखुमको जाडोद्वारा भ्रूणहत्या भई एकैछिनमा मरेर जानु ! कुनै भटमासका गेडाहरूचाहिँ समयमै माटोभित्र उम्रेर आफ्नो सम्पूर्ण जीवन बिताउन पाउनु ! कुनै पैयुङको रूख आठ/दस वर्ष नपुग्दै पहिरोले अकस्मात् बगाएर लानु ! कुनै पैयुङको रूखचाहिँ सुरक्षित ठाउँमा वर्षौंसम्म बाँचिरहनु ! के यी सबै कुरा एउटा संयोग होइन त ? के यी सबैकुरा एउटा नियमित आकस्मिता र विसङ्गतिवादको सिद्धान्तभित्र त पर्दैन ? त्यस्तै मान्छेको जीवन पनि एउटा संयोग मात्र हो । जीवनयापनको क्रममा अगाडि बढ्दाबढ्दै कुनैबेला मृत्युरूपी पहिरोले अकस्मात बगाएर लान्छ हामीलाई पनि । कुनैबेला अनेकौं रोगव्याधी, घटना दुर्घटना र आपत्तिहरू आइपरे पनि त्यसै जिइरहन्छौं हामी बूढो भइन्जेलसम्म । त्यसैले जीवन भनेको कुनै एउटा धुलौटोमा अदृश्य हातद्वारा संयोगवश केही कोरिनु र संयोगवश केही मेटिनुजस्तै मात्र हो । जिन्दगीभरका देउसी खेलाइमा हामीले पाएको यति नै हो- केही मायाहरू र केही घृणाहरू ! यही मायाहरू र घृणाहरूको बीचमा बाँच्नु छ हामीले । घृणाहरूलाई म्वाईं खाएर माया नै मायाले सजाउनु छ यस संसारलाई ।

भित्तामा एउटा तस्वीरमुनि अङ्ग्रेजीमा लेखिएका केही अक्षरहरू देख्दैछु ।

*"You only live once*
*but if you live right*
*is enough."*


अथवा "तिमी एकपल्ट मात्र बाँच्दछौ तर सही रूपले बाँच्छौभने त्यही नै सम्पूर्ण छ ।" □□□

२०४६-८-१२ पौवासारताप-३

*(साभार : सम्झनाका तस्वीरहरू, २०६३ मा प्रकाशित उक्त निबन्ध कृति निकै चर्चित छ - सं.)*

**कविता**

## व्याकरण



*विक्रम सुब्बा*

जतातत्तै जातजातका जुलुस जागेर
तीरझैं तेजिला प्रश्न तेर्स्याइरहेछन् -
हतियारको धन्दा चलाउँनको लागि
युद्धको बजार खोल्ने व्यापारीको गतिविधि
र अमेरिकन मन्त्रीको विदेश यात्रामा के फरक छ ?
दुनियाँ लुट्ने मल्टिनेस्नल कम्पनीको तमसुक
र अमेरिकाको मुनिमजस्तो
विश्व ब्याङ्कको ब्याजदरमा के फरक छ ?
संसारभरि सुलसुलेझैं काम गर्ने युएन्
र पेन्टागनका रिपोर्टहरूमा के फरक छ ?
जालोझैं फैलिएका दातृसंस्थाका आँखा
र व्हाइटसाउको खुङ्खार नजरमा के फरक छ ?
यी प्रश्नवाचक वाक्यहरूमा
ह्रस्व-दीर्घ र वाक्यगठन मिलेको छ कि छैन
हेर्नुस् त सम्पादक शर्माजी !

सामन्तहरूको जुवा खेल्ने क्लब
र काङ्ग्रेस बैठकमा के फरक छ ?
काङ्ग्रेसको पुच्छरहरूको झुप्पा
र बल्खु दरबारको अनुहारमा के फरक छ ?
राजाका स्वाँठ छोराहरूले जाँड खाने भट्टी
र राप्रपाको च्याँखे दाउमा के फरक छ ?
लठैत र हुल्लडबाजहरूको डाङडुङे ग्याङ
र मिलिसियाहरूको कार्यशैलीमा के फरक छ ?
सबैभन्दा फटाहा मानिसको हरकत
र राजाका गोप्य बैठकहरूमा के फरक छ ?
कुनै षडयन्त्रकारी अड्डाका अकिञ्चन योजना
र राजसंस्थाको गिदीजिब्रोमा के फरक छ ?
उपरोक्त नेपाली अभिव्यक्तिका सम्बन्धमा
कला र शैली मिलेको छ कि छैन ?
हेरिदिनोस् त समालोचक त्रिपाठीजी !

जनजाति, महिला र दलितको टाउको देखाएर
क्षेत्री-बाहुनको ह्याकुला बेच्ने मासु पसल
र व्यवस्थापिकाको पटाङ्गिनीमा के फरक छ ?
कानुनी डाकाका हातको हँसिया-हतौडा
र पाखण्डी सरकारी विभागहरूमा के फरक छ ?
खुङ्खार चोरहरूलाई सुरक्षा दिने किल्ला
र अदालतका पर्खालहरूमा के फरक छ ?
घुस र कमिसनको हड्डी चपाउने बङ्गारा
र सरकारी कर्मचारीहरूमा के फरक छ ?
भेडाको गर्धनमा गाडिएका ब्वाँसाका दाह्रा-नङ्ग्रा
र देशबासीले तिरेको कर खाएर
मोटाएका विधायकहरूमा के फरक छ ?
कर्णाली र लिम्बुवानको गर्धनमा हान्न
निरङ्कुश काठमाण्डूले उचालेको खुँडाको धार
र यो संविधानका नियतहरूमा के फरक छ ?
यी उद्धृत नेपाली वाक्यांशहरूमा
व्याकरण मिलेको छ कि छैन ?
हेरिदिनोस् त भाषाविद् पोखरेलजी ! □□

# लिम्बू जातिका तङ्नाम् (चाड) हरू



— येहाङ लावती —

तङ्नाम् (चाड) : लिम्बू जातिले मान्ने केही तङ्नाम् (चाडपर्व) हरू तल उल्लेख गरिएको छ ।

**१. याक्वा तङनाम:** यो याक्वा पूजा जमिनमा बाली लगाउन अगाडि नै गाउँले मिली सामूहिकरूपले गरिने एक प्रकारको भूमि पूजा हो । यो पूजा गरिसकेपछि छरपोख (बिजन रोप्ने) 'यक्चु' (काठको खन्ती) ले माटो कोट्याएर बिजन लगाइने हुँदा यसलाई 'याक्वा' भनिएको हो भन्ने लोकोक्ति छ । यो विशेष किसिमले थान बनाई सो पूजा स्थानमा छर्न योग्य बीउबिजनसमेत राखी धूप, दीप बाली 'समय-समयमा घाम, पानी मिलाई दिनुहोस्, बाढी, पहिरो, असिना, नआओस् र वज्रादि नपरोस्, अन्य कुनै पनि अनिष्ट नहोस्, माटोको उर्बराशक्ति बढाइदिनुहोस्, हामीले रोपे छरेको फसल पाकेपछि तपाईंबाट आज्ञा मागेर मात्र हामी खाने छौं' भनी तागेरा निङ्वाफुमाङ र बाहिरे या अन्य दैवीशक्तिसँग प्रार्थना गरी बल मागिन्छ । यसरी बल मागिएका बीउबिजन घरघरमा लगि सुरुको बिजन छरिन्छ । यो पूजा विशेष गरेर माघदेखि वैशाख महिनासम्ममा ठाउँअनुसार गरिन्छ । तर हाल आएर यो पूजा किरात याक्थुङ चुम्लुङको निर्णयानुसार वैशाखे पूर्णिमामा गर्ने गरेको छ । लिम्बू जातिको परम्परागत कानुन 'थिबोःङ याक्थुङ थिःम्' मा पनि वैशाख महिनामै गर्नुपर्छ भन्ने उल्लेख भएको पाइन्छ । यो पूजा पाएसम्म डाँडाको टाकुरामा गई सामूहिक र भव्यरूपले पूजा गरिन्छ । पूजाको दिन तथा अघिल्लो र पछिल्लो दिन खनजोत आदि गर्नुहुँदैन भन्ने जनविश्वास (धार्मिक मान्यता) छ, पूजा समाप्तिपछि भव्यरूपले चाड मानाइन्छ । पूजाको पर्सिपल्टदेखि छरपोखको काम सुरु हुन्छ ।

यो याक्वा माङ्घे (पूजा) र 'चासोःक' नाङ्घ (पूजा) विशेष किसिमले क्रमशः उभौली र उधौलीको समयमा लिम्बुवानको पान्थर जिल्लाको 'यासःक' स्थित 'कुम्मायक' र 'कुस्सायक' नामक पवित्र स्थानमा युमासाम्माङ तथा थेबासाम्माङ र अनुचरलाई समेत प्रत्येक बर्ष लिम्बुवान भरका घरघरबाट 'हुःक्वा' अक्षता भेटी उठाई सामूहिक र भव्य रूपले उत्सवका साथ पूजा गरिन्छ तर हाल विभिन्न कारणले प्रत्येक सालको 'चासोक' पूजा र दुई वर्षसम्मको 'याक्वा' पूजा स्थानीय रूपले मात्र गरिन्छ भने प्रत्येक तीन वर्षमा लिम्बुवान भरका प्रत्येक घरबाट 'हुक्वा' जम्मा गरी भव्यरूपले याक्वा पूजा गरिन्छ । यो पूजामा सम्पूर्ण उपकारी र सम्पूर्ण मानवलगायत देश तथा विश्व शान्ति र कल्याणको लागि तागेरा निङ्वाफुमाङ, युमासाम्माङ र थेबासाम्माङसँग बल मागिन्छ। यसका साथै अन्नपात राम्रो फलोस् अन्नको सह होस् भन्ने माग गर्दै सम्पूर्णमा शुभलाभको कामना गरिन्छ । यो तीन वर्षे पूजालाई 'तङ्सुम तङ्नाम' भनिन्छ यसैलाई खसकरण गरी हाल त्रिशाला पूजा भन्ने गरेको पनि पाइन्छ । यो याक्वा पूजा र तङ्सुम तङ्नामको कसरी सम्मिश्रण भयो ? अनुसन्धानको विषय छ, यो पूजाको समयमा यासःक बजारमा ठूलो मेला लाग्दछ । यो पूजाको दिन र अघिल्लो तथा पछिल्लो दिन गरी जम्मा तीन दिनसम्म प्रत्येक लिम्बूले घरलाई दैनिक लिपपोत गरी सफा, सुग्घर गरी घर-घरमा पनि पूजा गर्ने चलन छ । 'यो तीनदिन जमिन खनजोत गर्न हुँदैन, किन भने यस अवस्थामा धर्ती रजवती भएकी हुन्छे' भन्ने धार्मिक मान्यताअनुसार सो तीनदिन खनजोत गर्दैनन् । यो तङ्सुम तङ्नामको बारेमा त्रिभूवन विश्वविद्यालयका किरात भाषा तथा संस्कृति विशेषज्ञ इमानसिंह चेम्जोङ लेख्नुहुन्छ- "किरात राजा उबाहाङले दक्षिण तिब्बत र उत्तर भारतबीचको समस्त देशमा विजय हासिल गरेको सम्झनामा यो पर्व (पूजा) मनाउन राजा उबाहाङले निर्देशन दिएअनुसार मनाइएको हो । उक्त विजय तीनवर्षमा पूरा भएकाले त्यसैको सम्झना स्वरूप प्रत्येक तीन वर्षमा 'तङ्सुम् तङ्नाम' (त्रिशाला) पूजा गर्ने चलन चलेको हो। सो मेलामा युवकहरू मैदानमा आई खुकुरी र लौरोद्वारा द्वन्द युद्धको साधना गर्दछन ।" त्यसैगरी सञ्चार मन्त्रालय, सूचना विभागद्वारा प्रकाशित मेचीदेखि महाकालीमा पनि यो तङ्सुम तङ्नामको बारेमा यस्तो उल्लेख भएको पाइन्छ, 'लिम्बू जातिहरूमा तङ्सुम तोङ्नाम (तङ्सुम् तङ्नाम् ?) भनिने त्रिशाला पूजामा पाँचथर जिल्लाको यासोक भन्ने ठाउँमा पल्लो किरातका सबै लिम्बूहरू हरेक तीनवर्षमा एकपटक भेला भई पूजा आजा गरी नाचगान गर्ने र युवक केटाहरू खुकुरी तथा लठीद्वारा बल प्रदर्शन गरिने परम्परा छ।' यी माथिका तथ्यहरूबाट यो तङ्सुम तङ्नाम (त्रिशाला) को बारेमा के निष्कर्षमा पुग्न सकिन्छ भने यो पर्व धार्मिक, सांस्कृतिक र ऐतिहासिकताको सङ्गमस्थल हो, पौराणिक र आधुनिक इतिहासको मिलनबाट विकास भएको महत्वपूर्ण पर्व हो ।

**२. सिसेक्पा तङनाम:** यो 'सिसेक्पा तङ्नाम्' साउन महिनामा भटमास मकै बोडी आदि पाकेकै समयमा मनाइने चाड हो । यसमा आ-आफ्ना वा समूह भई घरघरको कुनामा पसी थाल र नाङ्लो ठटाउँदै 'साक्नाम् पेगो, हिङ्नाम् त्येःओ, साक्नाम् पेरो, हिङ्नाम् त्येरो' (अनिकाल जाउ सहकाल आउ, अनिकाल गयो है सहकाल आयो है) भन्दै अगुल्टो र राकेसहितको जुलुश निकाली कुनै वस्तुलाई खेदेझैं गरी पश्चिमतर्फ खेद्दै लगेर जुलुश निकेपर पुगेपछि आफूले बोकेको राँको बीचबाटोमा धुपारेर बाटो छेकिन्छ, यो विधिलाई 'साक्लाम्धेक' भनिन्छ। यसको अर्थ अनिकाल (दुःख) फेरि नआओस् भनी बाटो छेक्नु हो । बाटोमा धुपारिएका राँको र अगुल्टोमा सिदिङ्बा (अडेरी) को काँडा 'युक्मिबा' (हाडकटुवा) लाई पनि छेकवारको रूपमा धुपारिन्छ । त्यसपछि खुट्टाको कुर्कुच्चालाई भुईंमा थेचारेझैं गर्दै फेरि भनिन्छ- 'साक्नाम् पेगो, नाना पेगो, याम्मो मेनोःखेन्नो,' कत्ना मेनोःखेन्नो, आधिङगानि केजोःकर मिधुप् केजारो, चिधूप् केजारो खेच्छिङ्ओ (अनिकाल जाउ है, परपर जाउ है, फेरि फर्केर नआउ है, यता नआउ है, अटेर गरेमा अगुल्टोले पोल्लाई माग्लास्, काँडाले घोचाई माग्लास् भाग है) भनी धुपारिएको आगोलाई भुरभुर पार्दै अनिकाललाई हाँक दिएर घर फर्कने काम हुन्छ ।

यसरी अनिकाल खेद्ने मानिसहरू फर्केर घर आइनपुग्दै घरका अन्य मानिसले झ्याल ढोका आदिमा बत्ती बाली बाबियोको डोरी बाटी डोरीको बीचमा बाबियोकै सानो कुचो झुण्ड्याई, त्यस समयमा पाकेका नयाँ अन्न मकै, फलफूल, खोर्सानी, निङ्खःक्सरमा (कुरिलो), सिस्नु, सिदिङ्बा (अडेरी) र युक्मी मे (हाड कटुवा झार) आदि पनि झुण्ड्याई माला बनाई मूल दैलोमाथि झुण्ड्याइन्छ । यो मालालाई 'साक्नाःत्पोना' भनिन्छ भने कतिपय स्थानमा यसैलाई 'साक्चियोःङ्वा' भन्ने गरेको पनि पाइन्छ । यो माला झुण्ड्याउनुको अर्थ 'हाम्रो लागि खाने अन्न फलफूल अब पाक्यो भनी देखाई 'तँलाई खेद्न सक्ने शक्ति हामीमा छ, खबरदार आउलास्' भनि सिस्नु आदि झुण्ड्याई अनिकाल (दुःख) लाई हाँक दिइएको हो' भनिन्छ । यो विधि सकेपछि जुलुस घरमा प्रवेश गर्दछ र पाकेको मकै, बोडी, भटमास आदि तागेरा निङ्वाफुमाङ, युमासाम्माङ, थेबासाम्माङ, हिम्साम्माङलाई चढाई आराधना गरी प्रसादको रूपमा खाने गरिन्छ । यसमा विशेष गरी अनिकालको बिदाइ र सहकालको स्वागत गरिने हुँदा यो चाडलाई 'साक्नाःप्मा तङ्नाम (अनिकाल खेद्ने चाड) पनि भनिन्छ । यो चाड आउन अगावै वर्षादमा गरिने खेतीपातीको काम प्रायशः समाप्त भइसकेको हुन्छ । वर्षादमा खेती पाती गर्दा पानी, झरी, हिलो आदिले गर्दा शिरमा चिसो प्रवेश गर्ने हुँदा सो हटाउन वा चिसो प्रवेश नगरोस भनी विभिन्न तागतिला खाद्य वस्तुको परिकार बनाई आफूले खाने र एक अर्कामा बाँडी खाने पनि चलन छ । यो सिसेक्पा तङ्नामका बारेमा किरात मुन्धुममा यस्तो उल्लेख भएको पाइन्छ, "माङ्हाङ राजाको शासन कालमा ठूलो अनिकाल लागि मानिसहरू भोकमीकै मर्न लाग्दा माङ्हाङ राजाले निङ्वाफुमाङको भक्ति गरेर सपनामा निङ्वाफुमाङ ले भन्नुभयो- 'बिहान उठेर तिम्रो बारीमा हेर्नु अन्न उम्री फलेको देख्यौ भने खानु' भनी अर्ति दिए । नभन्दै बिहान उठेर बारी हेर्न जाँदा बारीभरि भटमास उम्रिएर पाकिरहेको देखेर खुशी भई ठूलो सभागरी 'सबै गई पाकेको अन्न ल्याएर खाई बाँच्नु' भनी हुकुम दिए । भटमास बोडी पकाई तागेरा निङ्वाफुमाङले जुराइदिनु भएको सम्झनामा साल बसाल बोडी भटमास पाकेपछि साउन महिनामा यो कथा स्मरण गरी चाड मान्नु र निङ्वाफुमाङको नाममा त्यागी पूजा गर्नु' भनी माङहाङ राजाले आदेश दिनुभयो ।" त्यसैगरी सिसेक्पा तङ्नामको विकासको बारेमा किरात लिम्बू समुदायमा यस्तो कथा पनि पाइन्छ, 'मानिस जाति प्रगतिमा लम्कदै गएपछि माङ्हाङ राजाको पालामा आइपुग्दा घमण्डको पोखरीमा चुर्लुमै डुब्न पुगे । सृष्टिकर्ता तागेरा निङ्वाफुमाङलाई पुज्न छाडे, मान्न छाडे, सर्वेसर्वा मानिस नै हो' भन्न थाले । यस्तो अवस्थामा मानिसलाई चेतावनी दिनका निमित्त तागेरा निङ्वाफुमाङले निकै लामो समयसम्म संसारमा खडेरी लगाइदिनुभयो । यसको परिणामस्वरूप बालीनाली रूख, वृक्ष आदि सुकेर गयो र पानीको मुहान तथा तालहरू पनि सुकेर गए । यस्तो अवस्थामा मनुष्यलगायत प्राणी जगत्मा निकै ठूलो हाहाकार मच्चियो र आपत्ति आइलाग्यो, खान नपाएर प्राणीहरू मर्न लागे । यो आपत्ति देखेर माङ्हाङ राजा अति नै दुःखित हुनु भयो र यसको उपाय पत्ता लगाउन राजाले हाङचुम्लुङ (राजसभा) को बैठक बोलाउनु भयो ।

उक्त हाङचुम्लुङमा राजाका अन्य मन्त्री, सल्लाहकार आदिले आफ्ना विचार राखिसकेपछि अन्तिम वक्तामा 'निङ्वाहाङ' नामक ज्ञानी मन्त्री उठी 'महाराज ! यो दैवी विपत्ति भएको हुँदा यसको उपाय हामी पत्ता लगाउन सक्तैनौं । यो पत्ता लगाउने काम 'हाङ्फेदाङ्मा' (मुख्य राजगुरू) लाई नै जिम्मा दिनुपर्छ, वहाँले नै यो खुट्याउनु हुन्छ' भन्ने प्रस्ताव प्रस्तुत गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतरूपले पारित भयो । त्यसपछि सो खुट्याउने काम हाङफेदाङ्मालाई जिम्मा दिइयो । उसले एकबिहानै उठी नुहाइधुवाइ गरी चोखोनितो भई माङसाम्माङसँग बल मागी 'करक्तेमा' (जोखना हेर्नु भयो) गर्नुभयो । त्यसमा



'मानिस जाति केही प्रगतिको मार्गमा उक्लेपछि सृष्टिकर्ता तागेरा निङ्वाफुमाङ र पालनकर्ता युमासाम्माङ थेबासाम्माङ आदिलाई पुज्न छाडेको, समयमा 'याक्वामाङघ' र 'चासोक माङघ' आदि गर्न छाडेकाले मानिसलाई दण्डस्वरूप यो आपत्त आइपरेको हो । अब बाली लगाउने समयमा याक्वा माङ्घ र बाली पाकेपछि 'चासोक माङ्घ' गर्ने प्रणका साथ एउटा पूजा गर्नुपर्दछ । त्यसपछि समयमै पानी परेर बालीनाली विशेषगरी आलु, भटमास, बोडी र मकै पाक्छ, अनि त्यो खाई आपत्तबाट बाँच्न सकिन्छ। त्यसैगरी घाँसपात उम्री जीव जन्तु पनि बाँच्दछन् ।

त्यसपछि यो आपत (अनिकाल) फेरि फर्केर नआवोस् र यस आपत्तिबाट मुक्ति पाएको सम्झनामा प्रत्येक सिसेक्पा (साउन) महिनामा 'साक्नाःप्मा हिङ्नाम उःप्मा' (अनिकाल खेद्ने सहकाल बोलाउने) विधि गर्नुपर्छ' भन्ने माङबाट मलाई आदेश भएकाले सोहीअनुसार गर्न उचित देखिन्छ' भनी राजगुरूबाट राजाकोमा जाहेर भएअनुसार राजाबाट आदेश भई सोही बमोजिम पूजा गरिसकेपछि मात्र पानी परी खाद्यान्न उत्पादन भई मानिसलगायत प्राणी बाँचेकाले 'राजगुरूको सल्लाहअनुसारको पूजाआजा गर्न र त्यो आपत्तबाट मुक्ति पाएको उपलक्ष्यमा त्यस दिनलाई चाड मान्ने' भन्नेसमेत राजाबाट फेरि आदेश भएकाले मकै, भटमास, सिमी, बोडी आदि पाकेपछि 'माङ' सँग अनुमति मागेर मात्र खाने र त्यसैको सम्झनामा सालबसाल यो 'साक्नाःप्मा' विधि गरिएको हो । यो प्राप्त तथ्य कथनबाट के पनि निष्कर्ष निकाल्न सकिन्छ भने आदिकालमा यो सिसेक्पा तङ्नाम्लाई पनि 'चासोक तङनाम' कै रूपमा मानिन्थ्यो, पछि आएर कुनै कारणवश चासोक पूजामा धान कोदोलाई महत्व दिन थालियो र मुख्यरूपले धान कोदो मङ्सिर महिनामा मात्र पाक्ने हुँदा सो चढाउनलाई चासोक माङ्घ (तङनाम) मङ्सिर महिनामा गर्न थालिएको हुनुपर्छ ।

**३. बलिहाङ तङनाम्** : यो बलिहाङ तङ्नाम्लाई 'बालिङ्हाङ तङ्नाम्' पनि भन्ने गरेको पाइन्छ । यो तङ्नाम (चाड) थेसेक्क्रो (कातिक) महिनामा 'लासिःक' (औंसी) को समय पारेर मानिन्छ । यो पर्वको विकासको बारेमा किरात लिम्बू समाजमा यस्तो कथन पाइन्छ, 'उहिल्यै किरात देशमा 'बलिहाङ/ बालिङहाङ' नामक अति नै प्रजाप्रेमी र शक्तिशाली किरात राजा थिए । आफ्ना देशभित्रका जनताका साथ दुःख सुखमा उनले साथ दिन्थे । देशवासी क्षेत्र क्षेत्रमा खुदाई सम्पूर्ण जनताले खाना खाए नखाएको बुझी खाएको खबर दरबारमा नपुगेसम्म आफू पनि खाना खाँदैनथे । यस कारण उनको प्रजाहरू उनीप्रति अति नै मोहित थिए । उनी त्रिकालदर्शी पनि थिए । एकदिन राजसभा बोलाएर आफ्ना मन्त्री, सल्लाहकार र देशवासीसम्मुख यसरी आफ्ना कुरा राखे, 'मानिस मरणशील प्राणी भएकाले एकदिन यो देहलाई छोडेर जानैपर्छ । मेरो पनि दिनगन्ती पुगिसक्यो, यो देहलाई त्याग गरी अब म स्वर्ग जाँदैछु, तिमीहरूले यो हाम्रो देशलाई हृदय समान सम्झी माया गर्नु, तिमीहरू एकै परिवार सम्झी माया ममताका साथ कहिल्यै पनि झगडा टण्टा नगरी मिलेर बस्नु, देशको उन्नति र प्रगतिको लागि एकै मतले दत्तचित्त भई काम गर्नु ।' देशवासीले यो कुरा सुनेपछि आँशु झार्दै एकै स्वरमा राजासँग बिन्ती गर्न थाले 'महाराज ! हामीलाई छोडेर त्यसरी जान पाउनु हुन्न । तपाईं यो देशमा नभएमा हामी जम्मै टुहुरा टुहुरी भई दुःख पाउछौं' । देशवासीको एकै स्वरको यो बिन्ती सुनेपछि राजाले पनि आँखाबाट आँशु झार्दै फेरि भन्न थाले- 'प्यारा देशवासी हो! तिमीहरूको यो कारूणिक बिन्ती सुनेपछि मेरो मुटु नै छियाछिया भयो । तर मैले के गर्नु ? तिमीहरूको माया लाग्दा लाग्दै पनि छाडेर जान म बाध्य छु । मलाई लिन काल आउनै लाग्यो, संसारिक नियम नै यस्तो छ, यसलाई रोकेर रोक्न सकिँदैन' भन्नासाथ राजदरबारमा 'हाःम्लाःक्वा' (रूवाबासी) ले थर्कन थाल्यो । देशवासीले राजासँग फेरि बिन्ती गर्न थाले 'महाराज ! यसको रोकथामको लागि अन्य केही उपाय पनि छ कि ? भएमा सो सुन्नपाए हामी आभारी हुन्छौं र सो गर्न सबै तयार छौं' । मन्त्री मण्डलका सदस्यलगायत देशबासीले पुनः गरेका उक्त बिन्ती सुनेपछि राजा फेरि बोल्न थाले 'मप्रति तिमीहरूको यति धेरै माया भएमा मेरो प्राण बच्न सक्ने एउटा उपाय त छ, त्यो तिमीहरूले गर्न सकेमा म बाँच्न पनि सक्छु' राजाको यो कुरा सुनेपछि देशवासी खुशीले गद्गद् हुँदै फेरि बोल्न थाले 'महाराज ! तपाईंको जीवन रक्षाको लागि हामी जे पनि गर्न तयार छौं, बिधिको जानकारी पाउँ' । यो बिन्ती सुनेपछि राजा फेरि बोल्न थाले 'त्यसो भए यसबारेको विधि तिमीहरूलाई म सुनाउँछु सुन है थेसेक्क्रो (कातिक) महिनाको औंसीको अध्यारो रात पारेर कालले मलाई लिन आउने लागेको छ। यहाँ छेउ आई पुग्नासाथ म बेहोस भई आफ्ना शयन कक्षमा लडिहाल्छु, त्यसभन्दा अगाडि नै तिमीहरूले प्रत्येक घरलाई लिपपोत सफा गरी घरघरमा बत्ती बाली खुबै उज्यालो बनाउनु र मेरो प्राण रक्षाको लागि तागेरा निङ्वाफुमाङको अटुट प्रार्थना गर्नु । यो खबर देशभरका घरघरमा पुऱ्याई एक आपसमा सहयोगी भई सम्पूर्णले यो काम गर्न सक्यौं भने काल फर्केर जानेछ र म कालको पञ्जामा नपरी अवश्य पनि फुत्कन सक्नेछु' । राजाको यो कुरा सुनेपछि उपस्थित सबै खुशी भई 'महाराज ! यो काम गर्न हामी तयार छौं' भनी एकै स्वरमा सबै कराए । राजाबाट उक्त आदेश हुनासाथ सो आदेश घरघरमा पुऱ्याउन देशवासीहरू हूलका हूल भई 'फाʔसिङ्म्रो/ फाʔसिङ्मारो' (यो आपतमा सहयोग गरागर गरौं है) भन्दै राजाबाट हुकुम भएको विधि बताउँदै घरघर, गाउँगाउँमा गए । हुकुमअनुसार आफ्ना पितातुल्य प्यारा राजाको प्राण रक्षाको लागि प्रत्येक घरमा तरसफाई गरी झिलिमिली बत्ती बाली प्रत्येकले तागेरा निङ्वाफुमाङसँग प्रार्थना गर्न सुरु गरे । उत्ता दरबारमा राजा बेहोस भई लडिहाले । 'फाʔसिङ्म्रो' भन्दै राजदरबार लगायत देशभरका जनता प्रार्थना गर्दै रातभर कराइरहे, बिहानीको उषाको लालीसँगै राजाले आँखा खोली उठे । राजदरबारमा राजपरिवार, मन्त्री र सल्लाहकारलगायत उपस्थित सबैमा खुशीको आनन्दले सीमा नाघ्यो । राजा पूर्णरूपले होसमा आएपछि बोल्नथाले 'अब म पूर्ववत अवस्थाको होसमा आएँ, यो खबर देश भरका जनताको घर घरमा पुऱ्याउनु, देशवासीहरू सुर्ताएर बसेका होलान्' भनी उपस्थित सबैलाई आदेश दिए। उक्त आदेश राजाबाट पाउने बित्तिकै मन्त्री मण्डलका सदस्य र सल्लाहकार तथा सामान्य जनतासमेत 'राजा पूर्वत होसमा आयो है' 'त्येअङसीरो' (राजा अबतार लिई आयो है) अब प्रार्थनामा मात्र एकाग्र भएर नबस उठ है, बिहान भयो बेलुकी भयो, 'नाम्लिङ्गोःत् लालिङ्गोःत्' (घाम झुल्क्यो जुन झुल्क्यो) आदि भन्दै खुशीले नाच गान गर्दै हूलका हूल घरघरमा खबर पुऱ्याउँन गए । यसैलाई खस भाषामा पनि 'बलीराजको हुकुम हुँदा आएको हामी' भनी 'भैलो र देउसिरे' भनी खेल्ने चलन चलेको हो' भन्ने कथन छ । आफ्ना प्राणतुल्य प्यारो राजा पुनर्जीवित भएको खबर सुन्न पाएकोमा घरघरका मानिसहरू पनि खुशी भई यो शुभखबर पुऱ्याउन आउनेलाई विभिन्न परिकारका 'पकवान' बनाई खानदिँदै रुपैयाँ पैसा पनि दिन थाले । ती खबर दिन आउनेले पनि आफूले स्वागत सत्कार पाएकोमा खुशी भई विभिन्न किसिमका आशीर्वाद दिन थाले । राजालाई कालको मुखबाट बचाएको खुशीयालीमा हर्ष बढाइ गर्दै पुनः देशभरि झिलिमिली बत्ती बाले । यो खुशीयालीमा विभिन्न पौष्टिक परिकार बनाई एक आपस्तमा बाँडी खान थाले । यसै खुशीयालीको सम्झनास्वरूप प्रत्येक 'थेसेक्रो' (कातिक) महिनामा पर्ने औंसीको समयमध्ये गणना गरेर निस्केको समयमा बलिहाङ राजाकै पालामा सालबसाल यो तङ्नाम् (चाड) मनाउन थाले र त्यसैको निरन्तरता दिँदै आज पनि यो चाड खासगरी दुईदिनसम्म किरात जातिले धुमधामसँग मनाउँछन् । यो पर्व पहिलो दिन बलिराजाकै सम्झनामा र आफ्ना दीर्घायुको लागि घर आँगन सफागरी बत्ती बाली प्रार्थना गर्ने । दोश्रो दिन बत्ती बाली हर्षबढाई गर्ने र खुशीयाली मानि मिठा-मिठा पकवान बनाई खाने साथै खुवाउने पनि गरिन्छ । सामान्य रूपले तेश्रो दिन पनि त्यसैगरी मनाइन्छ । मुन्धुमअनुसार 'चेली माइतीले फूल साटासाट गर्नु (आपस्तमा लगाउँनु) हुँदैन, लगाएमा 'चोःत्लुङ' (शिर) ढल्छ' भन्ने मान्यता छ, कारण फूललाई जोवनको प्रतीक पनि मानिन्छ । त्यसैले लिम्बू जातिमा भाइ टीकाको चलन छैन । हाल आएर यो पर्वमा विभिन्न जाति उप-जातिको धार्मिक कथा र सांस्कृतिक पक्षहरू सम्मिश्रण हुन गएकाले यो चाडको नाम र मान्ने तरिकाहरू पनि विभिन्न हुन गएको देखिन्छ । जस्तै काग तिहार, कुकुर तिहार, गोवर्द्धन पूजा, गाई तिहार, भाइ तिहार आदि नामहरूलाई लिन सकिन्छ । यस अवस्थामा जगत्बहादुर जोशीले लेख्नुभएका यी शब्दहरू पनि सम्झना राख्नु पर्ने हुन आउँछ, उहाँ लेख्नुहुन्छ- "अनार्य राजा महाबलिको सहादत र उनको महान् बलिदानको सम्झानामा अनार्यहरूले ३ (तीन) दिनसम्म बत्ती बालेर दीपाबली मनाउने चलन चलाएका थिए । यस अनार्य संस्कृतिलाई कालान्तरमा आर्यहरूले पनि बलिराजाको आत्माको सम्मान गरेर आत्मसात् गरे ।"

**४. चासोक तङनाम:** यो 'चासोक् तङ्नाम्' खेतबारीमा बाली पाकेपछि तागेरा निङ्वाफुमाङ्लाई धन्यवाद दिँदै/आभार व्यक्त गर्दै पाकेका नयाँ अन्न खानलाई तागेरा निङ्वाफुमाङ्सँग नै स्वीकृति/अनुमति माग गर्न गरिने पूजा हो । यसमा 'तपाईंले समयसमयमा घाम पानी मिलाई दिनुभयो र हामीले लगाएको अन्नबाली अब पाक्यो, सो पाकेको नयाँ अन्न खान स्वीकृति/अनुमति पाउँ' भनी धूप, दीप बाली तागेरा निङ्वाफुमाङ्लाई धन्यवाद दिई आभार व्यक्त गर्दै नयाँ पाकेका अन्नलाई चढाई मनुष्यले खान स्वीकृति मागिन्छ । यसैले यो चाडलाई 'चाभिन् तङ्नाम्' भन्ने गरेको पनि पाइन्छ, यसको भावार्थ 'पाकेको अन्न चढाउने चाड' हुन्छ । यसमा 'तःक्पङ् याङ्पङ् पोररो/फोरेओ' (अन्नको भण्डार रुपैयाँको भण्डार बढोस् है, बढाई दिनुहोस, शुभ लाभ होस) भनी बल मागिन्छ । यो पूजामा चढाइने चामल, ढिकी वा ओखलीमा कुटेको नभई धानको राम्रो बाला टिपी नङले बोक्रा सफा गरेर निकालिएको चामल 'लास्सो' मा राखी चढाइन्छ भने कोदोको हकमा पनि कोदोको राम्रो बाला टिपी हातले माडी निकालिएको गेडालाई बाँसको टुप्पाबाट नयाँ बनाइएको चोखो तङ्वा (सानो नमुना मात्र) मा हाली त्यसैमा 'खेʔसुङ' (मर्चा) र पानी हाली पूजा थानमा राखी चढाउने गरिन्छ । लिम्बू जातिले आफूले उत्पादन गरेको कुनै पनि अन्न तागेरा निङ्वाफुमाङलाई नचढाई खाँदैनन्। यो चासोक आ-आफूले घरघरमा र सामूहिक रूपले पनि गर्ने चलन छ । यो पूजा विशेष गरेर मङ्सिर महिनामा गरिने पूजा हो, कारण यसमा विशेष गरी कोदो र धानलाई चढाउन महत्व दिइने हुँदा ती अन्न पनि त्यही समयमा पाक्दछ । हाल आएर कि.या.चु. को निर्णयानुसार यो 'चासोक तङ्नाम्' को पूजा मङ्सिरे पूर्णिमामा गर्ने गरेको पाइन्छ । यो तङ्नाम्मा नयाँ पाकेका अन्नको विभिन्न परिकारहरू बनाई इष्टमित्रसँग बाँडचुड गरी खाने चलन छ । यो चाड कृतज्ञताको चाड हो । यो चासोक पूजा गर्ने चलन किरात मुन्धुमअनुसार राजा माङ्हाङ्को पालामा उनैका आदेशानुसार सुरु भएको देखिन्छ ।

**५. कःक्फेक्वा तङनाम:** यो चाड नववर्षोल्लासको रूपमा मनाइने चाड हो, त्यसैले यो चाडलाई 'सङ्तङ्बे लाम्दाःक् तङ्नाम्' (नववर्षलाई स्वागतार्थ मनाइने चाड) पनि भनिन्छ । यो चाड 'कःक्' (चाँप) फुलेको समय कःक्फेक्वा (माघ) महिनामा मनाइने हुँदा यसलाई 'कःक्फेक्वा तङनाम' भनिएको हो। यसमा 'नवागमन भएको वर्ष सुखशान्ति र आनन्द साथ व्यतीत होस' भनी बिहानै उठी घर सफासँग लिपपोत गरी नुहाइधुवाइ गरी सफा भई तागेरा निङ्वाफुमाङ्को पूजा प्रार्थना गरी सकेपछि 'मानिसले सर्वप्रथम खान सिकेको/चिनेको खाद्य पदार्थ तरूल हो' भन्ने मान्यताअनुसार सो को सम्झनास्वरूप तरूल र फलफूल सदा बलिष्ट रहुँ भनी अन्य ताकत बर्द्धक स्वादिष्ट भोजन बनाई माङलाई चढाई आफूले पनि खाने चलन छ । यसमा सेलरोटी सिस्नुको दाल आदि बनाई खाने र छरछिमेकमा बाँड्ने पनि चलन छ ।

**उपसंहार**

किरात लिम्बूको लागि आफ्ना छुट्टै पहिचान बोकेको 'स्वतन्त्र' पात्रो हालसम्म प्रकाशनमा आइनसकेकाले लिम्बू मान्यतासँग सम्बन्धित कतिपय चाडपर्वहरूको तिथि, मिति स्वतन्त्ररूपले तोक्न असुविधा भई अन्य जातिको मान्यतामा आधारित चाड पर्वको तिथि, मितिसँग मिल्न गएका छन् । त्यसर्थ आफ्नै तिथि, मितिसहितको स्वतन्त्र पात्रो अविलम्ब बनाउन अति नै जरूरी देखिन्छ ।

*(सभार : आदिवासी लिम्बू जातिको सङ्क्षिप्त परिचय)*

□□

## मनोदशा : हल्ला चलेछ

*'मिक्वा चुरुङ'* गायक धनवीर साँवाको एक सफल लिम्बू भाषाको गीति एल्बम हो । यसैको सफलताबाट प्रेरित साँवा आम नेपाली सङ्गीत पारखी माझ आफ्नो प्रेमको मनोदशा पोख्दै छन्, सायद उनकी प्रेमिकालाई सम्झाउन चाहन्छन् : प्रिय हाम्रो प्रेमील यात्राको थाहै नपाई अनेकथरी 'हल्ला चलेछ' । अज्ञात भूतकालीन शीर्षक 'हल्ला चलेछ' नेपाली गीति क्यासेटमार्फत साँवाले प्रेमिल यात्राका यात्रीहरूले सामना गर्दै आएका आरोह अवरोहलाई सबैसामु प्रस्तुत गर्न अनि प्रियतमालाई सम्झाउन यसरी सुरु गरेकाछन् :

*तिम्रो मायाको र मेरो मायाको,*
*जताततै हल्ला चलेछ*
*साँचो माया लाउँदा लाउँदै*
*हाम्रो कसम छुँदा छुँदै*
*कुन पापीको आँखा लागेछ*
*माया लै ... कुन पापीको आँखा लागेछ*
*तिम्रो मायाको मेरो मायाको हल्ला चलेछ*
*(तिम्रो मायाको..पहिलो गीत)*

कति बुझिन्/बुझिछन् उनको प्रेमिकाले यो अनुनय विनयलाई तर, आम श्रोताले भने बुझिदिन्छन् कि प्रेमील यात्रा आजसम्म यसरी नै चलिरहेको छ । नेबाल्याङको यो काठमाडौं खाल्डोमा जीवन





दौडाइरहेका साँवालाई आफ्नो माटोको मायाले बेस्सरी समातेपछि, जन्मिएको माटो ताप्लेजुङ र पाथिभरामा, फक्ताङलुङको पवित्रता आत्मसात गरी दर्शनको आह्वान पनि गरेका छन् । उनको आह्वान हेरौं

*पूजा गरौं पाथिभरा, तीर्थ जाऔं फक्ताङलुङ*
*फक्ताङलुङको सेरोफेरो,*
*हाम्रो प्यारो ताप्लेजुङ (दोश्रो गीत)*

यसरी गीतमा आमामाटोको पवित्रतालाई सर्वत्र स्वीकार्य बनाउने उनको यो प्रयासलाई धन्यवाद दिनै पर्छ ।

बाँकी पृष्ठ ८ मा

# किरात याक्थुङ चुम्लुङ यू.के., सङ्क्षिप्त परिचय



मिजास तेम्बे

बेलायतमा रहनुभएका सम्पूर्ण लिम्बू दाजुभाइ तथा दिदीबहिनीहरूको सामूहिक कल्याण र विकासको लागि सन २००३ मा किरात याक्थुङ चुम्लुङ यू.के.को स्थापना गरिएको हो ।

इमानसिं चेम्जोङका अनुसार ८ राजाका विरुद्ध १० राजाहरूले धनुर्वाण प्रयोग गरी जितेको राज्य भएकाले त्यसको नाउँ लिम्बुवान (लि – धन, आबु– हान्ने (हान्यो), वान –. नाउँ लाउनु अर्थात् किराती भाषामा धनुर्वाणले जितेको देश) राखेका हुन् । याक्थुङबा यक् र थुम्बा शब्दको शन्धि भएर बनेको शब्द हो । यक्को अर्थ गौडा या गढ या किल्ला हुन्छ भने थुम्बाको बहादुर या शुरवीर हो । यसर्थ याक्थुम्बा भन्नाले सुरवीर जाति भन्ने बुझिन्छ । विशेष गरेर पूर्वी नेपालको सङ्खुवासभा, तेरथुम, धनकुटा, ताप्लेजुङ, पान्थर, इलाम, झापा, मोरङ र सुनसरी जिल्लाहरूमा लिम्बूहरूको बसोबास रहेको पाइन्छ । खेती किसानी गर्नु र वैदेशिक रोजगारीमा विशेष गरेर भारतीय सेना र बेलायती सेनामा रोजगारी गर्नु यो जातिको प्रमुख आयस्रोत हुन गएको छ । लिम्बूहरूको धार्मिक ग्रन्थलाई मुन्धुम भनिन्छ । किरात धर्मअन्तर्गत सात्तेहाङमा पन्थ तथा युमा धर्म (सिक्किम भारत) मान्ने लिम्बूहरू यही मुन्धुमको व्याख्याअनुरूप सम्पूर्ण धर्म कर्म गर्ने गर्दछन् । लिम्बूहरूको मुन्धुम व्यख्याताहरूलाई फेदाङ्मा, साम्बा, युमा, येबा र येमा भन्ने गरिन्छ । लिम्बूहरूको धान नाच (याःलाङ) र ढोल नाच (केः लाङ) प्रचलित नाच हो भने भाषा याक्थुङ पान् र लिपि किरात सिरिजङ्गा लिपि प्रचलनमा रहेको छ । सन २००१ को जनगणनाअनुसार नेपालमन लिम्बूहरूको जनसङ्ख्या ३, ५९, २५५ रहेको छ ।

किरात याक्थुङ चुम्लुङ यू.के.को वर्तमान कार्यसमितिकामा अध्यक्ष श्री, श्रीप्रसाद लिम्बू, उपाध्यक्षद्वय श्री डम्बरबहादुर लिम्बू र श्रीमती मिरा आङबुहाङ, महासचिव श्री राजन लिम्बू, सचिव श्री खुशी लिम्बू, कोषाध्यक्ष श्रीमती कमला लिम्बू र कला साहित्य संयोजकमा श्रीमती लीला सेलिङ मावो रहनुभएको छ भने बेलायतका विभिन्न क्षेत्रहरूबाट क्षेत्रीय प्रतिनिधिहरू पनि रहनुभएको छ । हालसम्ममा किरात याक्थुङ चुम्लुङ यू.के.को सदस्य सङ्ख्या ३५७ रहेको छ ।

किरात याक्थुङ चुम्लुङ यू.के.ले निम्न उद्देश्यहरू अघि सारेको छ :-

(१) विभिन्न कार्यक्रमहरूको आयोजना गरि लिम्बू भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नु ।
(२) लिम्बू संकृति सम्बन्धी खोज अनुसन्धान गर्ने गराउने वा यससम्बन्धी चेतना जगाउने ।
(३) युकेमा बसोबास गर्दै आउनुभएका लिम्बू दाजुभाइ तथा दिदीबहिनीहरूमा आकस्मिक भइपरी आउने समस्या र दुःखहरूमा सहयोग प्रदान गर्ने ।
(४) सामाजिक कल्याणकारी काम गरी स्थानीय जनसमुदायसँग सुमधुर सम्बन्ध स्थापना गर्नु ।
(५) अन्य विभिन्न जातीय सङ्घ संस्थाहरूसँग सुमधुर सम्बन्ध राखी प्रजातान्त्रिक ढङ्गले आफ्नो भाषा र संस्कृति प्रस्तुत गर्नु ।
(६) लागू औषधविरुद्धमा जनचेतना जगाउनु ।
(७) सामाजिक अन्धविश्वास, कुरीति र विसङ्गती हटाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु ।
(८) मानव अधिकार, जनजाति अधिकार तथा महिला र बाल अधिकारको पक्षमा काम गर्नु ।
(९) संसारभरि छरिएर रहेका अन्य याक्थुङ चुम्लुङहरूसँग सम्बन्ध विस्तार गर्नु ।

□ □

# किरात धर्म

■ मञ्जुल याक्थुम्बा ■



किरात धर्मजस्तो विशद, विशाल एवम् गहन विषयबारे यो छोटो लेखमा विस्तृतरूपमा उल्लेखगर्न नसकिने भएकोले यस धर्मबारे सारांशमा प्रकाशपार्ने जमर्को गरिएको छ । प्राचीन हिन्दू धर्मग्रन्थहरू वेद, उपनिषद, स्मृति, पुराण, महाभारत, रामायण; जैन धर्मग्रन्थ स्वेताम्बर; बौद्ध धर्मग्रन्थ ललितविस्तर, मूलसर्वास्तिवादविनयसग्रह, त्रिपिटक; अश्वघोषको बुद्ध चरित्र; पर्सियन मुस्लिम धर्मग्रन्थ जिन्द आवेस्ता, अरबी राजनामा, आइने अकबरी; इसाई धर्मग्रन्थ दि बुक अफ सामुयल, न्यु बिब्लिकल एटलास; चिनिया भाषाका सिन्युकाई, पौयाङराजा फो-पेन-हिङ्वी, सुङ्ताङ, हानवंशका इतिहास; तिब्बतको श्रङ्चन् गम्पोको इतिहास; तिब्बतकै काङ्ग्योर तथा ताङ्ग्योर बौद्ध धर्मका ग्रन्थहरूमा समेत प्राचीन इतिहास बोकेका किरातहरूको विषयमा उल्लेख भएको छ ।

प्राचीनकालमा किरात हिमवतखण्ड अर्थात् कैरातदेशले परिचित नेपालमा ५२० वर्ष इशापूर्व गौतम बुद्धको नेपाल आगमनमा स्वयम गौतम बुद्धले १३५० चेला बनाए । तर तत्कालीन किरात राजालगायत कुनै पनि किरातले बौद्धधर्म ग्रहण नगरे तापनि उनीहरूले बौद्धधर्मप्रति आदर र सहनशीलता नै देखाए। खासगरेर उनीहरूचाहिँ आफ्ना प्राचीन धार्मिक विश्वासबाट विचलित नभई अद्यावधि आफ्नै किरातधर्ममा दृढ रहेको कुरा ऐतिहासिक तथ्य एवम् उनीहरूको वर्तमान धर्म सहिष्णु व्यवहारले पनि पुष्टि गर्दछ। त्यसकारण किरात धर्म भनेको किरातजातिको श्रृष्टि भएदेखि नै चलिआएको विश्वको सबैभन्दा जेठो धर्म हो ।

**किरात धर्म-संस्कारका विशेषताहरू:-**

१. मूर्ति पूजन गरिन्न (प्रकृति पूजक) ।
२. वर्ण विभाजनरहित समाज (बाहुन क्षत्री, वैश्य, शूद्र भन्ने वर्ण विभाजन हुँदैन) ।
३. छुवाछूतको भेदभाव हुँदैन ।
४. लिङ्ग भेदरहित समाज (नारी/पुरुषमा समान व्यवहार र अधिकार) ।
५. सहयोगात्मक भावनाद्वारा सामूहिक जनशक्ति परिचालन (सधैं "म" नभनी "हामी" भन्ने भावनाले कामगर्ने जाति) ।
६. मूल धर्मग्रन्थ मुन्धुम ।

किरात धर्मको मूल धर्मग्रन्थ काव्यमयी मौलिक मुन्धुम हो भने यस धर्मका धार्मिक प्रणेताहरू येहाङ, सोधुङ्गेन लेप्मुहाङ, कान्देन्हाङ, मात्रोहाङ आदि किरात महापुरुषहरू हुन् । मुन्धुममा किरात जीवन-दर्शन, पृथ्वी, अन्तरिक्ष, हावा, पानी, पशु-पक्षी, झार-जङ्गल, तथा मानव श्रृष्टिका तर्कसङ्गत अवधारणाहरू उल्लेख गरिएका छन् । मुन्धुममा समस्त किरातहरूलाई एकसूत्रमा बाँधी वर्गविहीन जातीय समानता, अन्य धर्मप्रति सहनशीलता र उदारताको सिद्धान्तलाई अँगालिएको छ ।

मुन्धमअनुसार 'माङ' भन्नाले निरञ्जन, निराकार, सच्चिदानन्द, अविनासी, सर्वव्यापी, सर्वशक्तिमान, सर्वज्ञाता, अनन्त, अद्वितीय, अदृश्य, महान्शक्ति, मेन्नीमाङ, मेन्धामाङ एकमात्र ईश्वर ताग्येरा निङ्वाफुमाङको प्रतीकस्वरूप फाङ्दाक्पा (नौतले) साङ्बे (देवासन, मण्डप) मा थालमाथि दियो तथा कलश थापी उनको प्रार्थना गरिन्छ भने (साम्माङ) भन्नाले उनै ताग्येरा निङ्वाफुमाङले समय, परिस्थिति र आवश्यकतानुसार मातृशक्ति, पितृशक्तिको रूपमा क्रमशः यूमासाम्माङ तथा हाङ्साम थेबासाम्माङ र सुम्निमा तथा पारुहाङका नामले किरातवंशलाई

उनीहरूको आराधना सुनी आपदविपदबाट उद्धार गरी रक्षागर्ने कामसमेत गर्दछन् भन्ने विश्वास गरिन्छ। त्यसैले साबायेत्हाङ किरातहरूमा कसैले युमासाम्माङलाई ताग्येरा निङ्वाफुमाङ र कसैले हाङ्साम थेबासाम्माङलाई ताग्येरा निङ्वाफुमाङकै रूपमा मान्नेगरेको पनि छ । वास्तवमा आ-आफ्नो मान्यताअनुसार कुरा एउटै हो । आफ्नो कल्याण, सुरक्षा र सफलताको लागि किरातहरू पितृदेवता, इष्टदेवता र विभिन्न साम्माङहरूमा पूजाआजा र आराधनागरी शक्ति माग्ने पनि गर्दछन् । 'साम्माङ च्याङ' भन्नाले बेलाबेलामा किरातवंशमा विघ्नबाधा, अडचन ल्याउने भूतप्रेत, सोघा, सुगुत, ससिक, प्रेतात्मा, सेसेन्त्र आदि अनिष्टकारी तत्वहरूलाई बुझाउँछ । धार्मिक र उपकारी अनुष्ठानको थालनी गर्नुअघि ती विघ्नकारी तत्वहरूलाई मन्साउने, पञ्छाउने र धपाउने संस्कार किरातहरूमा छ ।

सरकारी थिचोमिचोको कारण मुन्धुमको प्रचारप्रसार हुन नसकेकोले स्वधर्मको नामसमेत बिर्सेर आजकाल केही किरातहरू बाध्यतावश अन्य धर्मको प्रभावमा पर्नु ज्यादै दुःखको कुरा हो भने मुन्धुमलाई कण्ठस्तपारी बचाइराख्नमा हाम्रा धर्मसंस्कारका साम्बा, येबा/येमा, फेदाङ्माहरू, नाक्छोङहरू, नाअसोहरू र हाङ्छाम्बाहरूको अविस्मरणीय भूमिका र योगदानको जति प्रशंसा गरे पनि थोरै हुन्छ । जीवनदेखि मरणसम्मका कर्मकाण्डहरू, चाडपर्वहरू र धार्मिक अनुष्ठानहरू आ-आफ्नै मातृभाषामा किरातहरूले मौखिकरूपमा फलाकेर परम्परानुसार कार्य सम्पादन गरिआएका छन् । ती विधाहरूमा हालसम्ममा कैयौं लिखित ग्रन्थहरू पनि प्रकाशित भैसकेका छन र हुँदैछन । समय र परिस्थितिवश संरक्षण एवम् आवश्यकतालाई महसुसगरी हाल कहीँकहीँ किरातशैलीका माङ्हिम/माङ्खिम (मन्दिर) निर्माणगर्ने प्रचलनको थालनी पनि भएको छ । किरातकालको इतिहास छर्लङ्ग नपारेसम्म नेपालको इतिहास अधुरो रहन्छ र रहेको छ । भोट बर्मेली भाषा परिवारका जातिहरू कागते, खाम, गुरुङ (तमु) चेपाङ, (प्रजा) छन्त्याल, जिरेल, तामाङ (मुर्मी) थकाली, थामी, दुरा, धिमाल, नेवार, पहरी, ब्यासी, मगर, मेचे, राउटे, राजी, लेप्चा, लोबा, सेर्पा, सुरेल र भारोपेली भाषा परिवारका कुम्हाल, कोचे, (राजवंशी) थारू, बोटे, माझी आदि किरात जातिभित्र पर्दछन् भनी नर वंश तथा भाषाशास्त्रका आधारमा समाज- शास्त्रीहरूको धारणा रहिआएको छ भने वर्तमानमा आफूहरूलाई किरात भन्नमा र भनाउनमा गर्वगर्ने जातिहरूमा राई, लिम्बू, सुनुवार र याक्खाहरू पर्दछन ।

नेपालको इतिहासमा सबैभन्दा लामो अवधि र सबैभन्दा धेरै ३३ पुस्ता राज्यगर्ने किरातवंशको मौलिक मुन्धुममा आधारित किरात धर्मलाई "जसको सिता खाएको छ उसैको गीता गाउने" केही कुतत्वले ओझेलमा पार्ने दुष्प्रयास गरे तापनि अब मौलिक किरात धर्म कुनै हालतमा पनि ओझेलमा पर्नेवाला छैन । आफ्नो धर्मको संरक्षणको लागि हामी मरिमेट्न तयार छौं । यो हाम्रो दृढ अठोट हो ।

*(साभारः तान्छोप्पा साप्ताहिक, वर्ष ६, अङ्क ४, बिहीवार ११, जेठ २०५८ ।।)*

## दोहोरो नागरिकता... (पृष्ठ १ बाट)

पुनर्स्थापना गर्नका लागि विभिन्न समयमा चीन र बेलायत सरकारबीच विभिन्न विषयहरूमा विभिन्न चरणहरूमा वार्ताहरू भए । यी वार्ताहरूमा विभिन्न विषयहरूमध्ये तत्कालीन हङकङका बासिन्दाहरू जो बेलायती औपनिवेशिक मुलुकका नागरिक थिए । उनीहरूको नागरिकता के हुने भन्ने महत्वपूर्ण सवालउपर छलफल भयो । चीन सरकारले नागरिकताको प्रश्नमा हङकङका नागरिकहरू जो चीनामूलका हुन् उनीहरूले विगतमा जुनसुकै मुलुकको नागरिकता ग्रहण गरेको भए तापनि उनीहरू स्वतः चिनीयाँ नागरिक हुनेछन् भन्ने आफ्नो अडान लियो । *(हेर्नुहोस् १९८४ मा जारी गरिएको संयुक्त घोषणापत्र ।।)*

सन् १९९७ जुलाई १ उपरान्त बेलायती औपनिवेशिक नागरिकको हैशियत पनि लोप हुने र गैरचिनीयाहरू स्वतः चीनको नागरिक पनि बन्न नसक्ने राज्यविहीन अवस्थाको सृजना भयो । यो समस्याको हल गर्नका लागि पूर्ण नागरिक अधिकार बिनाको British National (Overseas) को व्यवस्था गरी वितरण गरियो। यसै क्रममा तत्कालीन धेरै गोरखालीहरूका सन्तान जो हङकङमा १९८३ पूर्व जन्मिएका थिए उनीहरूले बीएनओ प्राप्त गरी प्रयोग गर्न सुरु गरे । सन् २००५ को सरकारी वितरणअनुसार हङकङमा १७ हजार ९ सय नेपालीहरू रहेका छन् । तीमध्ये करिब ७ देखि ९ हजारसम्म बीएनओ बाहकहरू रहेको अनुमान गरिएको छ । हाल British Nationality (Hong Kong) Act 1997 बमोजिम १९९७ को फेब्रुअरी ४ सम्ममा २१ वर्ष उमेर पुगेका बीएनओ बाहकहरूलाई पूर्ण बेलायती नागरिकता प्रदान गरिँदै । पूर्व बेलायती सेनामा कार्यरत गोरखाहरू जो आफ्नो सेवा क्रममा कमसेकम तीन वर्ष बेलायतमा रहेकाहरूलाई आइएलआर प्रदान गरिरहेको छ र बेलायतको प्रचलित कानुनबमोजिम उनीहरू क्रमशः बेलायतको पूर्ण नागरिक बन्ने योग्यता प्राप्त गर्ने क्रममा छन् । हङकङमा नेपाली नागरिकता परित्याग गरी चीनको नागरिकता ग्रहण गरी हङकङको राहदानीवाहकहरू रहे तापनि चीनको नागरिकता नीति एकल रहेका कारण अन्य मुलुकको नागरिकता परित्याग गर्नै पर्ने अवस्था रहेको छ। हङकङमा रहेका नेपालीहरूका सन्दर्भमा दोहोरो नागरिकताको सवाल यहीबाट सुरु भएको छ किनभने बेलायतको प्रचलित कानुनबमोजिम बेलायतको नागरिकता ग्रहण गर्न सामान्यतः अन्य मुलुकको नागरिकता परित्याग गर्न आवश्यक पर्दैन ।

### २. दोहोरो नागरिकता र दोहोरो नागरिकता नीति लागू गर्ने मुलुकहरू

दक्षिण एसियाली मुलुकहरूमा बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का तथा भारतले केही वर्षअघिदेखि विश्वका विभिन्न १६ मुलुकहरूका एनआरआईहरूलाई India (Overseas Citizen of India) को व्यवस्था गरेको छ भने अन्य मुलुकहरूमा बेलायत, क्यानडा, फ्रान्स, अस्ट्रेलिया आदि मुलुकहरूले दोहोरो नागरिकता नीति अपनाएका छन् । लामो समयदेखि एकात्मक नागरिकता अपनाउँदै आएको भारतले सन् २००५ मा एक अध्यादेशमार्फत् अन्य मुलुकहरूमा रहेका भारतीयमूलका विदेशीहरूलाई नागरिकता प्रदान गर्ने नयाँ व्यवस्था गरेको छ। उक्त नयाँ व्यवस्था निम्नबमोजिम रहेको छ ।

4. **Substitution of new section for section 7A.**–For section 7A of the principal Act, the following section shall be substituted, namely:- "**7A. Registration of overseas citizens of India.**–The Central Government may, subject to such conditions and restrictions as may be prescribed, on an application made, in this behalf, register as an overseas citizen of India–

(a) any person of full age and capacity,-
(i) who is citizen of another country, but was a citizen of India at the time of, or at any time after, the commencement of the Constitution; or
(ii) who is citizen of another country, but was eligible to become a citizen of India at the time of the commencement of the Constitution; or
(iii) who is citizen of another country, but belonged to a territory that become part of India after the 15th day of August, 1947; or
(iv) who is a child or a grand-child of such a citizen; or (b) a person, who is a minor child of a person mentioned in clause (a): Provided that no person, who is or had been a citizen of Pakistan, Bangladesh or such other country as the Central Government may, by notification in the Official Gazette, specify, shall be eligible for registration as an overseas citizen of India."

### ३. दोहोरो नागरिकता नीति अवलम्बन गर्दाका सकारात्मक र नकारात्मक पक्षहरू

**नकारात्मक पक्षहरू**

दोहोरो नागरिकता भन्ना साथै एकै समयमा दुई मुलुकका नागरिक हक, अधिकार र कर्तव्य वहन गरिएको अवस्था हो । दोहोरो नागरिकता अवलम्बन गर्दा केही जटिलताहरू पनि आइपर्दछन् । उदाहरणका लागि देशप्रतिको बफादारितालाई लिन सकिन्छ । नागरिकता ग्रहण गरिएका दुवै मुलुकबीच तनावको स्थिति वा युद्धको अवस्था आएमा निज कुन मुलुकप्रति बफादार रहने ? अवागमन क्रममा कुनै एक मुलुकबाट बाहिरिँदा एक नाम र एक राहदानी प्रयोग गरी बाहिरिने र अन्य मुलुकमा भ्रमण गर्दा अर्कै नाम र राहदानी प्रयोग गर्नाले आतङ्कवादी गतिविधिहरू निगरानी गर्न मुस्किल पर्ने समस्याहरू रहनसक्छन् । एक मुलुकमा अपराध गरी अर्को मुलुकमा खुला बसोबास गर्न सक्ने अवस्था आउन सक्छन् ।

**सकारात्मक पक्षहरू**

दोरो नागरिकता प्राविधिक कुरा मात्र नभएर यसले देशप्रतिको माया र असल भावनालाई पनि प्रभावित पार्ने हुनाले आफ्नो जिविकोपार्जनकै लागि मुलुक त्यागनुपर्ने अवस्था हट्ने छ र नेपालसँगको मजबुत सांस्कृतिक सम्बन्ध र गौरवपूण् पहिचान कायमै र हन्छ । देशमा सीप, प्रविधि र लगानी भित्रन्छ । नेपालको बजार विस्तार हुन्छ अनि अन्य मुलुकहरूमा स्थतापित नेपालीहरूलाई आफ्नो मुलुकको सेवा गर्ने अवसर निरन्तर कायम रहन्छ । आफ्नो नाता गोताहरूसँग क्रमशः विच्छेदित हुँदै जाने क्रमलाई रोक्न सकिन्छ ।

४. नेपालको प्रचलित कानुनमा गरिएको नागरिकता सम्बन्धी प्रावधानहरू नेपालले लामो समयदेखि नै एकात्मक नागरिकता नीति अवलम्बन गरिआएको छ । नेपालको नागरिकता ऐन २०२० ले नेपाली नागरिकताको बारेमा व्यवस्था गरेको छ । यो ऐन अन्तिम संशोधन २०४८ मा भएको छ र हालै जनआन्दोलन दोस्रोले पुनर्स्थापना गरेको संसद्ले पुनः संशोधन गर्नका लागि केही सङ्कल्प प्रस्तावहरू पनि पारित गरेको छ । यो ऐन संशोधनका लागि नेपालको विधायिकामा छलफल भइरहेको र हाल नेपाल राज्यको पुनर्संरचान मात्र होइन नयाँ संविधान निर्माणको लागि बहस चलिरहेको हुनाले दोहोरो नागरिकता सवाल पनि उचित समयमा तैरिएको छ, तरङगित भएको छ । प्रचलित केही ऐनहरूमा रहेका प्रावधानहरू निम्नअनुसार रहेका छन्:

**नेपालको नागरिकता ऐन, २०२०- यस ऐनको दफा ९ को**

१) नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता स्वतः लोप हुनेछ ।

(३) नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेको छ वा छैन, वा कहिले वा कसरी प्राप्त गरको छ भन्ने प्रश्न उठेमा तोकिएको अधिकारीले प्रचलित कानुन बामोजिम सो कुराको निर्णय गर्नेछ ।

दफा १५ झुठो विवरण वा बयान दिई नेपालको अङ्गीकृत नागरिकता वा जन्म वा वंशजको नाताले नागरिकता प्राप्त गर्ने गराउने व्यक्ति वा सो गर्ने गराउने उद्देश्यले जानीजानी झुठो बयान दिई सिफारिस गर्ने व्यक्ति वा सो गर्ने उद्देश्यले झुठो विवरण वा बयान दिई आवेदन पत्र दिने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

यी माथि उल्लेख गरिएका कानुनी प्रावधानहरू यो ऐन संशोधन नगरिएसम्म लागू रहनेछ। हालै नेपाली नागरिकहरूले बेलायतलगायत अन्य मुलुकको नागरिकता ग्रहण गरेका छन् । नेपालको प्रचलित कानुन बमोजिम उनीहरूको नेपाली नागरिकता स्वतः लोप भाइसकेको छ । यस्तो अवस्थामा उनीहरूको दायित्व, कर्तव्य र अधिकारहरूको हकमा के हुने भन्ने प्रश्नका लागि सोही ऐनको धारा ११ मा निम्न व्यवस्था गरिएको छ ।

नेपालको कुनै नागरिकको नेपाली नागकिरता समाप्त भएपछि नेपालको नागरिकता रहेको वखत निजले गरेको कुनै कार्यको कर्तव्य, दायित्व र अधिकारहरू निजको नेपाली नागरिकता समाप्त भएको कारणले मात्र लोप भएको मानिने छैन । धेरै गैरआवासीय नेपालीहरू जसको नेपाली नागरिकता स्वतः लोप भएको अवस्था छ उनीहरूको चलअचल सम्पत्ति के हुने भन्ने प्रश्नमा नेपालको मुलुकी ऐनको अदलको महलको ३ नं. मा निम्न व्यवस्था गरिएको छ। नेपालभित्रको कुनै अचल सम्पत्तिमा कुनै विदेशी नागरिकलाई अपुताली पऱ्यो वा अंश भयो भने कानुनबमोजिम नेपालको नागरिकता प्राप्त गरी नेपालमा आइबसेमा बाहेक सो सम्पत्ति निजको नाममा दर्ता गर्न वा सो सम्पत्तिको आयस्था खान पाउँदैन । कुनै नेपाली नागरिकहरूलाई सो सम्पत्ति बिक्रि गरी वा अरू व्यहोराले हक छोडी दिन पाउँछ । सो बमोजिम नगरी दिए लिएको बदर गरी सम्पत्तिमा नेपाल सरकारको अधिकार हुनेछ ।

उपरोक्त कानुनी प्रावधानले नेपालको नागरिकता लोप भएता पनि निजको नाममा रहेको चल अचल सम्पत्तिमा आयस्ता खाने वाहेकका अन्य अधिकारहरू कायम रहन्छ । आफ्नो अचल सम्पत्तिलाई नेपाली नागरिक जो कसैलाई नामसारी गर्न वा बिक्रि गर्न सक्छ तर नयाँ सम्पत्ति आफ्नो नाममा दर्ता गराउन भने सक्दैन । हालै जो जसले बेलायतको वा अन्य मुलुकको नागरिकता ग्रहण गरेका छन यनीहरूको नाममा दर्ता रहेको अचल सम्पत्ति आफुलै चाहेसम्म आफनै नाममा राख्न सकिने अवस्था रहेको छ ।

*बाँकी पृष्ठ ३ मा*

## मनोदशा : हल्ला चलेछ

*(पृष्ठ ७ को बाँकी)*

त्यसो त माया प्रेमको छलछाम वरिपरि उनी हल्लाका विस्मात पोख्छन् । कहीं विरक्तिदै कहीं उत्साहित हुँदै अगाडि बढ्दा सावाँ प्रेमील यात्रामा साँचै पाका देखिएका साँवाले आफ्ना प्रेमिकासामु आफूलाई बुझ्न *यसरी आग्रह गरेका छन्:*

*ए माया ए माया के छ खबर*
*साथै त्यो माया पाए पुग्छ रहर*
*(साथमा आभा मुकारुङ/अन्तिम गीत)*
*माया प्रीति गाँसेर, धोका दिनु हुन्न रे*
*दैव साँची राखेर झुटो बोल्नु हुन्न रे (चौथो गीत)*
आउ बस अँङ्गालोमा अङ्गालोमा,
न्यानो न्यानो माया पाउनलाई
दिलै तिम्रो खोलेर बाचा बन्धन तोडेर आउ बस जुनिभरिलाई *(सातौं गीत)*

प्रेमिल यात्रा सहज छैन, त्यसैले त उनी विरक्तिएका पनि छन् । उनको विरक्तिभाव हेरौं
हिड्दै जाँदा जिन्दगीमा, धोका धेरै पाएँ मैले
पराइलाई आफ्नो ठान्दा चोट धेरै पाएँ मैले
*(छैटौं गीत)*

चुँडिएको चङ्गा सरी हावासँग उडिरहन्छु
हराएका सपनाहरू बादलभित्र खोजी रहन्छु
*(तेश्रो गीत/शब्द डम्बर तुम्बापो 'बुद्ध')*

यदि साँचै तिमी मलाई माया गर्छौ भने
मेरो यौवनमा हैन मेरो आँखामा हेर *(पाँचौं गीत)*


अधिकांश शब्द सङ्गीत स्वयमले गरेका साँवालाई आफ्नो उद्देश्यमा पुग्न यस क्यासेटले भर मग्दुर प्रयास गरेको छ नै । अहिले नेपाली साङ्गीतिक आकाशमा उडन्ते गीतहरूले बजार लिइरहेको बेला अलिगम्भीर प्रकारको यो गीति क्यासेट नेपाली सङ्गीत पारखीको लागि केवल थपना मात्र हुने छैन, त्योचाहि पक्का हो । आधुनिक, लोक तथा पप गीतहरूको संयोजनलाई धन्य त मान्नै पर्छ। आधुनिक गीतबाट सफलताको सिँढी चढ्न साँवा स्वतः सफल हुने देखिए भने लोकभाकाले उनलाई धन्यवाद दिन्छ र पप गीतले अलि अप्ठ्यारो मानेको भए पनि नकारेको छैन । त्यसैले पप सङ्गीतमा अलि ध्यान दिनु पर्ने स्वतः थाहा हुन्छ । समग्रमा साँवाको यो गीति यात्रा नेपाली साङ्गीतिक आकाशमा अर्को एउटा प्रयासचाहिँ पक्कै हो ।

- सुष्मा लिम्बू

chonbanglimbuphago@hotmail.com

श्रीजङ्गा
सामयिक
३.८१ ७. ॐ८यँ ७. Vol. 1, Issue 1, July, 2007
वर्ष १, अङ्क १ साउन २०६४
९

# नेपालको वर्तमान राजनीति र समाधान




विजय सुब्बा

जनआन्दोलन २०६२/६३ ले नेपाललाई नयाँ राजनीतिक मोडमा ल्याएर उभ्याइदिएको छ । विगतमा नउठेका सानातिनादेखि ठूलाठूला र नयाँनयाँ सवालहरू उजागर हुँदै गएका छन् । यो नयाँ परिस्थितिमा नेपाली राजनीतिक दलहरू सबैभन्दा माथिल्लो स्थानमा पुगे भने सक्रिय भएको राजा आफ्नै क्रियाकलापका कारण भूमिकाविहीन हुन पुगेका छन्, अर्थात् राजा र राजतन्त्रमाथि अब जनताको आस्था समाप्त भएको छ ।



नेपाल अहिले अन्तरिम राजनीतिक अवस्थामा छ । यस अन्तरिम काल भनेको अरू बेलाभन्दा कमजोर र धेरै कुरा समझदारीपूर्ण तरिकाले सोचीसम्झी काम गर्नुपर्ने बेला हो । पुरानो व्यवस्थाको अन्त्य र नयाँ व्यवस्था स्थापित नभइसकेको अवस्था भएकोले नै राज्य र राज्य सञ्चालनमा संलग्न राजनीतिक दलहरूले यही बेला बढी संवेदनशीलता, जिम्मेवारीपन र परिपक्वता प्रदर्शन गर्नुपर्ने हुन्छ । तर नेपाली राजनीतिको वर्तमान छाँटकाँट हेर्दा यो अग्रगामी बाटोतर्फ लाग्न सक्ने देखिन्न । दलीय स्वार्थभन्दा



पर नेताहरूको दृष्टि छैन । विशेष गरी यसबेला नेपाली काङ्ग्रेस, नेकपा एमाले र नेकपा माओवादी पार्टीहरू बढी जिम्मेवार देखिनुपर्ने हो । तर हरेक व्यवहारहरू हेर्दा यी तीनै पार्टीहरूमा पनि एकीकृत सोच छैन । नेपाली काङ्ग्रेसको एकाधिकारवादी व्यवहार र त्योसँग मिलेर जसरी हुन्छ नेकपा एमालेभन्दा ठूलो शक्ति हातमा लिन उद्यत नेकपा माओवादीको तरिका नै देश र जनताको लागि दुर्भाग्य बन्न पुगेको छ । व्यवस्थापिका-संसद्को गठन, सरकार निर्माण गर्दा मन्त्रालयको बाँडफाँड र अन्य थुप्रै व्यवहारहरूबाट यस्तो देखिएको छ ।

अहिले सरकारद्वारा नियुक्त गरिने विभिन्न पदहरू खाली छन्, त्यसमा कसैको कुरा मिल्दैन । आ-आफ्नो मन्त्रालयमा पर्ने नियुक्त गरिनुपर्ने पदहरूमा कि आफूआफू गर्ने नीति बनाउनु कि त ८ पार्टीहरूले सहमतिका आधारमा एकैचोटि नियुक्ति गर्नु । तर त्यस्तो छैन, नेपाली काङ्ग्रेस र नेकपा माओवादी आफूआफू काम गर्छन्, तर नेकपा एमालेको मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने ठाँउहरूमा चाहिँ नयहकर हस्तक्षेप गरिरहेका छन् । त्यही कारण शैक्षिक क्षेत्रमा नियुक्ति हुने काम अझै सकिएको छैन । विगतमा त्यस्तै व्यवहारका कारण हामीले हाम्रो लोकतन्त्र गुमायौं त्यसको मूल जिम्मा इतिहासमा नेपाली काङ्ग्रेसले पाएको हुनुपर्छ । सबैका आ-आफ्नै दोष छन् तर कमबेसी मात्र छन् ।

समग्रतामा नेपालका राजनीतिक दलहरूको अदूरदर्शिता, अपरिपक्वता, असक्षम, स्वार्थान्धता आदिमा अडेका कारण हामी अझै पछि परिरहेका छौं । त्यसबाहेक पनि अहिले देश नयाँ समस्यामा अल्झेको छ । विगत पञ्चायत कालमा उजागर हुन नपाएको जातीय समस्याले आज पर्याप्त चर्चा पाएको महसुस हुन्छ । २०४६ सालको जनआनेलनद्वारा स्थापित लोकतान्त्रिक कालमा यस सवालले सामान्य चर्चासम्म पाएको थियो तर लोकतान्त्रिक पार्टीहरूको दिमागमा जातीय समस्यालाई गम्भीर ढङ्गबाट लिनुपर्छ भन्ने कुरै पसेन । राज्य सञ्चालनमा बहिष्करणमा परेका सम्पूर्ण जातजातिहरूका लागि समावेशीकरणको विश्वव्यापी हल्ला चर्चाले समेत नेपाली सुस्त मनस्थितिका राजनेताहरूलाई छोएन । त्यस लोकतान्त्रिक कालमा जातीय समस्यालाई बेवास्ता गरिरहेका नेपालका राजनीतिक दलहरूले अहिले २०६२/६३ को जनआन्दोनपछि पनि दलित, जनजाति, मधेसी, महिला आदिलाई हक र अधिकार दिन नचाहेको देखिन्छ । अब भने भन्नैपर्छ लोकतान्त्रिक कालमा त्यसो गरिनु र वर्तमानमा पनि अझै उही क्रम जारी राख्नु साम्प्रदायिकताको चरम नमूना हो । नत्र यिनीहरूका लागिचाहिँ मात्र संविधानसभाको गठन पर्खिनु नपर्ने हो ।

२०६२/६३ को जनआन्दोलन २०४६ सालको भन्दा फरक यस कारण कि यस आन्दोलनमा पहिले नउठेका जातीय समस्याले महत्व पायो । सबैको दिमागमा पऱ्यो अब जातीय समस्यालाई सम्बोधन गर्नैपर्छ । तर जनआन्दोलनद्वारा पुनर्स्थापित प्रतिनिधिसभाको २०६३ जेठ ४ को घोषणा बिपरीत अथवा भनौं जनआन्दोलन २०६२/६३ को भावना विपरीत वर्तमान नेपालको अन्तरिम संविधान २०६३ बनेको छ । यो संविधान पहिलेभन्दा अग्रगामी हुँदाहुँदै पनि साम्प्रदायिक र असमावेशी छ । जातीय सवालमा समयको तुलनामा प्रतिगामी छ । यसका विरुद्ध नेपालका मधेसी र आदिवासी जनजातिहरू अहिले पनि आन्दोलनमै छन् तर राज्यको वागडोर समातिरहेका साम्प्रदायिक नेताहरू भने त्यसतर्फ ध्यान दिइरहेका छैनन् । मधेसीहरूको चर्को आन्दोलनले सरकारलाई वार्ता गर्न बाध्य गरायो । तर मधेसीभित्रकै लोभीलालचीहरू र गलत नियतका नेताहरूका कारण त्यस आन्दोलनले सही बाटो पाउन सकेन । अहिले पनि मधेसी र पहाडीयाको भावना जस्ताको तस्तै रूपमा विभाजित छ । जुन राज्यको व्यवहारको कारण बढ्दो छ । त्यसै गरी क्षेत्री बाहुन र अन्यबीच पनि सम्बन्ध बिग्रँदै गइरहेको छ । यदि यही ढङ्गले राज्यले जातीय समानताका लागि लडिररहेका जनजाति र मधेसी समुदायप्रति यस्तै व्यवहार कायम राख्ने हो भने त्यसले राम्रो परिणाम दिँदैन । २०६३ बैशाख १२ देखि क्षेत्री बाहुनहरूले जुन राजनीतिक मुक्ति र अधिकार उपभोग गरिरहेका छन्, त्यही र त्यति नै मुक्तिको अनुभव र अधिकार जनजाति र मधेसीहरूले पाएका छैनन् । त्यसैले २०६३ माघ २ गतेदेखि नै यसको विरुद्धमा दलित, जनजाति र मधेसीहरू आन्दोलन गरिरहेका छन् ।

यस्तै अवस्थालाई तत्काल सम्हाल्नका लागि उचित प्रयत्न गर्नुको साटो सम्पूर्ण समाधान संविधानसभाले दिन्छ भनेर उता देखाइन्छ । यस अन्तरिमकालमा यी जातिहरूलाई समानताको हक र अधिकार दिनै नपर्नेजस्तो गरेर । संविधानसभाको निर्वाचन सम्पन्न भएपछि पनि त्यसले कम्तिमा २ वर्षपछि मात्र नयाँ संविधान निर्माण गर्छन् (नत्र अढाई वर्षमा मात्र) त्यसपछि मात्र यिनीहरूलाई समानता चाहिन्छजस्तो गरेर । त्यसैले क्षेत्री बाहुन जसरी नै तत्काल अधिकार प्राप्तिका लागि जातीय आन्दोलन चर्किने अवस्था छ । अब तोकिएको समय २०६४ मङ्सिर ६ मै चुनाव भयो भने पनि बहिष्कृत जातिहरूका लागि आवश्यक संविधान २०६३ बैशाखदेखि हिसाब गर्दा ४ वर्षपछि मात्र बनाइदिने भए । चुनाव भएन भने त्यही पनि अनिश्चित हुनेभयो किनकि यीनै राजनेताहरूबाट नै पछि पनि निर्णय गरिनेछ जो अहिले तयार छैनन् पछि कसरी तयार हुन सक्लान् भन्न सकिन्न । तर संविधानसभाको निर्वाचन तोकिएको समयमा हुने सम्भावना छैन ।

**२०६३ बैशाख १२ देखि क्षेत्री बाहुनहरूले जुन राजनीतिक मुक्ति र अधिकार उपभोग गरिरहेका छन्, त्यही र त्यति नै मुक्तिको अनुभव र अधिकार जनजाति र मधेसीहरूले पाएका छैनन् । त्यसैले २०६३ माघ २ गतेदेखि नै यसको बिरुद्धमा दलित, जनजाति र मधेसीहरू आन्दोलन गरिरहेका छन् ।**

संविधानसभाको निर्वाचन नचाहने तत्वहरूले यसका विरुद्धमा वातावरण तयार गरिरहेका छन् । संसद्मा समेत राजतन्त्रलाई समूल नष्ट गर्न नचाहने तत्वहरूको विगविगी छ । यस्तो कुरो भर्खरै संविधानको दोश्रो संशोधनको बेला प्रष्ट भएको छ । कुनै कारणले आवश्यक छैन भन्ने लागेमा संविधानसभाको निर्वाचन अगावै राजतन्त्रलाई हटाउन सकिने कानुनी प्रावधान संविधानमा राख्नुपर्छ भन्ने तर्कका विरुद्धमा संसद्मा बहुमत देखियो । अब व्यवस्थापिका-संसद्ले संविधानसभाको विरुद्धमा बोलेमा मात्र राजतन्त्रलाई हटाउने निर्णय गर्न सक्नेछ नत्र संविधानसभासम्म राख्ने नै भयो । यदि संविधानसभाको निर्वाचन हुँदै भएनभने राजतन्त्र रहिरहने भयो । यस मामिलामा नेकपा माओवादीसमेत पूर्ण रूपमा सहमत देखियो । सबैको तर्क थियो राजा कुनै निहुँमा सक्रिय भए पनि संविधानसभाको विरुद्धमा सक्रिय भयो भन्ने आरोप लाएर हटाउन सकिन्छ तर राजाले संविधानसभाको पक्षमा बोल्दै अलोकतान्त्रिक कामकारबाही गर्दै गएमा कुन कानुन ल्याएर हटाउने, कायरबाही गर्ने यसतर्फ कसैको ध्यान गएन किनभने घुमाइफिराइ राजालाई टिकाउनेहरूले नै विजय प्राप्त गरे त्यसतर्फ जानीबुझी ध्यान नदिएर । कानुनलाई चाहायो भने जति पनि बङ्ग्याउन सकिन्छ अनि त्यस बेलासम्ममा कानुनी आधारलगायतका अनेक आधार खोज्नेहरू प्रशस्त निक्लिसक्नेछन् । परिस्थिति झन्झन् अप्ठेरो बन्दै जानेछ । राजालाई सवैधानिक बनाएर राख्न चाहन्छ नेपाली काङ्ग्रेस किनकि नेपालमा बढ्दै गएको वामपन्थी शक्तिका विरुद्धमा उसलाई सहयोगी शक्ति राजतन्त्र चाहिन्छ । त्यसैले नेपाली काङ्ग्रेस पहिलो बैठकले नै राजा फाल्ने संविधानसभाको निर्वाचन चाहँदैन । त्यसैगरी हिन्दू अतिवादीहरू संसारकै एकमात्र हिन्दू राजा समाप्त भएको चाहँदैनन् । नेकपा माओवादीहरू व्यवस्थापिका संसद्मा रहेको वर्तमान सङ्ख्या ८३ अबको चुनाव हुने बित्तिकै गुम्ने डर र यस्तै अस्थिरतामै आफ्नो प्रभाव विस्तारको लोभले संविधानसभाको चुनावमार्फत स्थापित हुने स्थिरताको पक्षमा छैनन् । भारतका अतिवादी हिन्दूहरूका बलमा आन्दोलन हाँकिरहेका मधेसी नेताहरूलाई पनि हिन्दू राजाका बारेमा निर्णय गरिहाल्ने संविधानसभा चाहिएको छैन । राजतन्त्रवादी जनजातिहरू पनि जातीय समानताको बलियो र तार्किक आवाजलाई अघि सारेर चर्को आन्दोलनमा होमिने सम्भावना छ । राजतन्त्रवादीहरू त्यसै पनि मधेसी र जनजातिका आवाजमा भित्रभित्रै प्रवेश गरेर चुनावको वातावरण बन्न नदिने पक्षमा छन् नै । विभिन्न नाममा मधेसी सङ्गठनहरू र नेकपा माओवादीबीचको लडाइँ बढ्दो छ । यस्तो अत्यन्त जटिल राजनीतिक वातावरणमा गलत र अलोकतान्त्रिक व्यक्ति, समुदाय र पार्टीहरूलाई निहुँ नदिनु पर्नेमा नेपालका राजनीतिक दलहरू र त्यसभित्रका ब्राह्मणवादी निर्णायक नेताहरूले तल (issues) दिइरहेको छन् जसले निश्चित रूपमा निर्वाचन रोक्नलाई मद्दत गर्दछ ।

त्यसो भए के हो त यी सबको समाधान ? धेरैले भन्छन् यसको एउटै मात्र समाधान संविधानसभा हो । तर कुरा संविधानसभाले मात्र टुङ्गो लाग्दैन । संविधानसभामा पनि पार्टीहरूका यीनै नेताहरू जितेर आउँछन् र तिनले यसरी नै यही व्यवहार कायम राखे भने त्यसले पनि हामीलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र दिँदैन अहिलेकै जस्तो नामको समावेशी तर कामको असमावेशी र साम्प्रदायिक कानुन र व्यवहार भोगाउँछन् । त्यसकारण मुख्य समाधान भनेको राजनीतिक दलका नेताहरू पूर्णतः लोकतान्त्रिक, व्यवहारमै समानतावादी, निस्वार्थ, परिपक्व र दूरदर्शी हुनु नै हो । गलत तत्वहरूलाई कुनै त्यस्तो मुद्दा दिनुहुँदैन जुन राज्यद्वारा सम्बोधन गरिनुपर्ने खालका छन्, जसले बहुसङ्ख्यक जनताको मन जित्न सक्छ । त्यसैले समाधान वैचारिक रूपान्तरण मात्र हो संविधानसभा होइन ।

□ □

## बेलायतमा जनजाति महासङ्घको..... (पृष्ठ १२ को बाँकी)

चुम्लुङलगायत । यसरी सरसर्ति हेर्ने हो भने शक्तिशाली यी ५ वटा जातीय संस्थाहरूलगायतको बेलायतमा महासङ्घ बनाउन सकिन्छ । भौतिक विकास र सभ्यताको उपभोग गर्ने बेलायतबासी आदिवासीहरूमाथि जनजाति महासङ्घ बेलायत निर्माण गर्ने गहन जिम्मेवारी आएको छ । यसलाई हामी आजैबाट छलफलको विषय बनाऔं । भोलि लगन पछिको पोते नहोस् । इतिहासलाई हेर्ने हो भने पनि भारतमा बस्ने नेपालीहरूले नेपालको निम्ति बेलाबखत निर्णायक भूमिका खेलेको पाइन्छ । आयरल्यान्डको सम्बन्धमा पनि आयरल्यान्ड मूलका अमेरिकीहरूको निर्णायक भूमिका रहने गरेको पाइन्छ । त्यस्तै गरी इजरायलका यहुदी र अमेरिकन यहुदीको सम्बन्धलाई राम्रो पाठको रूपमा लिन सकिन्छ । नेपालको राजनीतिमा उपेक्षित जनजातिहरू बेलायती राजनीतिमा राम्रो हैसियत राख्ने भइसकेका छन् । बेलायतमा स्थायी बसोवास सुरुवात गरेका नेपालीहरूको माझबाट बेलायतको स्थानीय निर्वाचनमा धन गुरुङले फक्स्टोन टाउनको काउन्सिलरजस्तो मर्यादित पदमा चुनाव लडेर जितनुभन्दा गौरव हाम्रो लागि अरू के हुन सक्छ ? हामीले आफैलाई पनि चिन्नु पर्ने समय आएको छ । यो नयाँ साइतको नयाँ दिनमा हिजोभन्दा अझ धेरै मातृभूमिको लागि केही गर्न कम्मर कस्ने हो कि ? संविधानसभापूर्व नै राम्रो साइत स्वीकार्दै हाम्रो आफ्नो देशको निम्ति योगदान पुग्ने गरी, संविधान निर्माणमा हाम्रो पनि सहभागिता रहने गरी तुरुन्त केही न केही काम गर्ने बेला भएको छ ।

धर्म निरपेक्ष राज्य घोषणा भइसकेको सन्दर्भमा, सङ्घीय संरचनामा जाने प्रतिबद्धता आइसकेको अवस्थामा, मिश्रित समानुपातिक निर्वाचन प्रणाली अपनाउने कानुन बनिसकेको अवस्थामा कोही आगो हुँदा कोही पानी बन्नु पर्दछ । सबै आगैआगो भएको खण्डमा कस्तो अवस्था भित्रन सक्छ ? जातीय सवाललाई सङ्कीर्ण दृष्टीकोणले हेर्नु हुँदैन । यद्यपि आगोको छेउमा परालको थुप्रो लाउने काम पनि कसैले गर्नु हुँदैन । कुनै दिन दुर्घटनावस परालमा आगो सल्कन सक्छ । त्यसबेला कयौं मायाममताले सजिएका घरहरू जलेर नष्ट हुन सक्छन् । यसर्थ जातीय सङ्घसंस्थाहरूलाई स्वस्थ तवरले सञ्चालन र समायोजन गर्नुपर्ने आवश्यकता एकापट्टि छ भने अर्कोतिर नयाँ संविधान बनाउनको लागि आगामी संविधानसभा निर्वाचनमा चुनिने जनप्रतिनिधिहरूप्रति ठूलो शङ्का छ । संविधानसभालाई नाटकको रूपमा हेर्नुपर्ने अर्कोपाटो पनि सिङ्गै छ । यो बेला मानो खाएर मुरी उब्जाउने बेला छ । पाक्न लागेको फलको राम्ररी हेरचार गर्नुपर्ने अवस्था छ । अन्यथा फलमा किरा लाग्न सक्छ । फल चोरिन सक्छ । फलमा विषसमेत मिसाइदिन सक्दछ । समग्रमा सबै कुरा थाँती राखेर संविधानसभामा केन्द्रित हुनुपर्ने अवस्था छ । संविधानसभाको लागि क्रियाशील रहने आधार भनेको जनजाति महासङ्घ हो । यो सम्पूर्ण नेपालीहरूको लागि सुनौलो अवसर पनि हो । देश हाम्रो हो, हामी सबैको हो । हिजोको एक देश एक भेषजस्ता नाराले क्षतविक्षत भएको हाम्रो राष्ट्र भावनालाई कदापि निरन्तरता हुन दिनुहुँदैन । नयाँ बन्ने संविधानले हामी सबैलाई अटाउन सकोस् । बेलायतको भूमिमा बसोवास गरे पनि आखिर हामी नेपाली हौं । हामीलाई हाम्रो गाउँ, समाज नै प्यारो लाग्छ । सुन्दर देशको संविधान पनि सुन्दर बनाउन आजैबाट सहभागी बनौं । बन्न लागेको नयाँ संविधान अपूर्ण, अपाङ्ग बन्न नदिन पहरेदार गरिरहेको जनजाति महासङ्घमा समाहित बनौं । एक थुकी सुकी, हजार थुकी नदी भनेझैं महासङ्घलाई सशक्त बनाऔं । समयमै बुद्धि पुऱ्याए भोलि तालुमा हात राख्नुपर्ने छैन । न्याउरी मारी पछुतो हुने छैन ।


*(लेखक धनकुटा बहुमुखी क्याम्पस इकाई विद्यार्थी महासङ्घका पूर्व संयोजक हुनुहुन्छ ।)*

(Footnotes)

[1] जि.प्र.का. काठमाडौं मा ६३९/२०५२/२०५३ महासङ्घको दर्ता नम्बर हो भने समाजकल्याण परिषद्मा यसको दर्ता स.क. ऐन २०४९ बमोजिम २०५९ असार २७ मा भएको हो ।

## स्यामोहर, लालमोहर, कस्य रुक्का, इस्तिहार, खड्क निशान र सनद सवाल

सावायेत्हाङ् (खाम्बोङ्सा, लुङ्बोङ्सा-सुसुवा लिऽमलिऽम साःहरू परापूर्व कालदेखि दुङ्गा माटोसँगै लिम्बुवानमा जन्मेका भनिने रैथाने) आठ राजाहरूको याक्थुङ लाजे दश लिम्बुवानमा बाँडिएपछि विजयपुरका सेनवंशी राजाहरू र शाहवंशका शासकहरूबाट विभिन्न समयमा स्वायत्त शासन र किपट प्रथाको अधिकार दिएर आपसी सम्बन्ध दह्रो बनाउँदै आफ्नो राज्य विस्तार गरेका थिए । लिम्बू भाइ भारदारहरूलाई स्यामोहर (सेनमोहर), लालमोहर, ताम्रपत्र, कस्य रुक्का, इस्तिहार, खड्ग निशान र सनद सवालजस्ता आधिकारिक सन्धि पत्रहरूबाट लिम्बूहरूलाई राज्य सञ्चालनमा सहभागी गराइएको थियो । वि.स. १८५२ सालमा लिम्बुवानका कोरासिं लिम्बूलाई दिइएको कस्य रुक्काको नमुना-सक्कलनबमोजिम नक्कल उतार गरिएको छ ।



स्वस्ति श्री गिरिराज चक्रचुडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री श्री श्री महाराजाधिराज गीर्वाणा युद्ध विक्रम शाह देव कस्य रुक्का------
------

आगे कोरासिं लिम्बू राई सजि गोसुवा (कोसुवा) र पश्चिम पाशा खोला पूर्व आहाले मेहे उत्तर सिबुवा (पिलुवा ?) खोला दक्षिण यति भित्रका जग्गा जमिनमा रस्ति चलाई बस्ति बसाइ चलान गर्नु हात्ति दाँत गैंडा खाग गौरि गाईको सिंग बच्चा समेत र उडंता गडता रहता बहता दोपाय चौपाय अड्डा नजिकका भरदारलाई बुझाई दिनु ज्यान जातको कुरा अड्डामा दाखिला दिनु दुबो ढुङ्गो पंचखत मामिला दण्ड कुण्ड आफ्ना जमिन भित्रको गरि खानु आफ्ना कुटा कोदालोले बिराएको खेत फोक्टा फोक्टी बिराइ खानु सर कारका डोको बोको आफ्ना जिम्मा भित्र ढाके बस्ति भयो आफ्ना राई भाईलाई रु २२ गंडी रु ३ का हिसाबले सरकारको तिरो भर ।) ढाके घरलाई हलला रु २२ गंडी रु ११ झारा २२ गंडी रु १ दरले र कोदालेलाई २२ गंडी रु १ झारा रु १ का दरले हल पाटे कोदालेका हिसाबले असुल तहसिल गरि साल बसाल बुझाई रसिद लिनु सरकारबाट बाँधि दिएको तिर्जा पुर्जा बमोजिम तिरो तिर्नु तिते माछा महभिर कुल्हेको मुडो बग्यो पानी झरुवा मरुवा मरो अपुताल चाक चाकुई आफुले खानु जंगलको मंगल गरि खलंङगा र सरकारको निमेकको सोझो चिताई खातिर जामा सम्झि बसौ भन्या हाम्रीबाट मोहर गरि बकस्याका छौं इति सम्वत १८५२ साल मिति कार्तिक वदि २ रोज १ सुभम-----

बाँया पट्टि छड्केमा लेखिएको हरफ–

सक्कल बमोजिम नक्कल दुरुस्त छ भनि सहिछाप गर्न्या कोरासिं लिम्बू ।

*स्रोत तथा उतार – टङ्क वनेम लिम्बू ।*

# इमानसिं चेम्जोङको सङ्क्षिप्त जीवनी



अइन्द्रसुन्दर नेम्बाङ

इमानसिं चेम्जोङ किरात जातिका विभूति हुन् । उनी किराती भाषा तथा संस्कृतिका विशेषज्ञ हुन । इमानसिं चेम्जोङको जन्म भारतको पश्चिम बङ्गालको दार्जिलिङ जिल्लाअन्तर्गत कालिम्पोङको रिङ्केबुङ भन्ने गाउँमा सन् १९०४ जनवरी १ तारिक भएको थियो । स्वर्गीय मेघवरसि चेम्जोङ र स्वर्गीय दावापुहाङमाको कोखबाट जन्मनु भएका इमानसिं चेम्जोङले निङवाफुमा (परमात्मा) को भक्ति गर्ने ज्ञान बाल्यकालमा आमाद्वारा पाउनु भएको थियो ।

अध्ययनको लागि कालिम्पोङ उच्च विद्यालयमा सन् १९११ सेप्टेम्बरमा भर्ना हुनु भएको थियो । त्यही स्कुलबाट सन् १९२६ मा म्याट्रिक पास गर्नुभयो । त्यसपछि सन् १९२६ मा उच्च शिक्षा हासिल गर्नलाई कलकताको सेन्ट जेबियर कलेजमा भर्ना हुनु भयो । उहाँले सेन्ट जेबियर कलेजबाट सन् १९२८ मा आई.ए. पास गर्नुभयो । बि.ए. अध्ययनको सिलसिलामा उहाँको पिताको स्वर्गारोहण हुनु भएकोले बि.ए. पास नगरिक नै सन् १९२८ मा कालिम्पोङ फर्कनुभयो । कालिम्पोङ फर्केपछि बाल्यकालमै सिकेको किराती लिपि अत्यन्तै पछाडि परेका किरातीहरूलाई सिकाउने निधो गर्नुभयो । उहाँकै निज दाजु बुद्धिमानसिं चेम्जोङ र स्थानीय दुङ्ग्रा गाउँका १/२ जना पञ्च भलाद्मी बूढापाकाहरूसँग सल्लाह गरी किराती अक्षर पढाउने छलफल हुँदा सबैले चाख लिएको हुनाले किराती लिपि सिक्ने सिकाउने निधो भयो । तर पनि अलि बृहत् रूपमा बूढापाकाहरूलाई बोलाएर सभा बसी सबैको सहमति लिनु पर्ने भएको हुनाले सरदार मैतसिं थेगिमको घरमा सन् १९२५ जुलाई २६ तारिखको दिन एउटा सभा बस्यो जसमा सुवेदार हर्कदल माखिम, दरङगा धनराज फेन्दुवा, मण्डल जितबहादुर थेगिम, मण्डल हडसराज थेगिम, कुलहाङ चेम्जोङ, निर्मल सदेम्वा आदिको उपस्थिति रहेको थियो ।

सभामा बृहत् छलफल भयो बूढापाकाहरूले आ-आफ्नो विचार राखे, किराती अक्षर पढ्ने कुरामा विशद् छलफल बहस भयो । सबैको छलफल सुनिसकेपछि इमानसिं चेम्जोङले पुरानो हस्तलिखित पुस्तक निकालेर उपस्थित बूढापाकाहरूलाई देखाउनुभयो । यो पुस्तकमा लेखिएका कुराहरू त म बुझ्दिन पढ्नचाहिँ सक्छु भन्नु भएपछि पढेर सुनाउन अनुरोध गरे । पुस्तकमा लेखिए बमोजिम पढेर सुनाउनुभयो । यो बर्षदेखि निङवाफुमा (परमात्मा) को पाउ समाएर भक्ति गर्नुपर्छ, मर्नु बाँच्नु उहाँको खटन हो, किराती विद्या पढ्नु भनेर मलाई पढेर सुनाउनु भयो । सुनि सकेपछि उपस्थित सबैले एकै स्वरमा भने यो कागजमा लेखिएका कुराहरू किराती भाषाको हो । हाम्रो किराती अक्षर पढ्नु भनेर सपनामा निङ्वाफुमाङ आई भन्नु भएको रहेछ । बूढापाकाहरूले जिज्ञासा राख्दै नानीले यो कागज कहाँ पाउनु भयो भनी सोधनी गर्दा उहाँले मेरै घरैमा थियो भनेर जबाफ दिनुभयो । उपस्थित सबै बूढापाकाहरूले सुनेपछि आफ्नो किराती भाषा सिकौंसिकौं लाग्यो । आफ्नो भाषा पढौं पढौं लाग्यो । कता कता आफ्नो भाषाको फरक भाषा लिपि भएकोमा गर्व पनि गरे । त्यतिबेला लिपि जान्ने इमानसिं चेम्जोङ मात्र हुनु भएकोले सबैले किराती अक्षर पढ्न लेख्न हामीलाई पनि सिकाउनु होस् भनी अनुरोध गरेपछि किराती अक्षर लेखपढ गर्ने क्रमको सुरुवात भएको देखिन्छ । त्यो बेलामा सम्भव भएका बूढापाकाहरू गन्यमान्य लिम्बूहरूको उपस्थिति थियो । त्यही उपस्थित भएकाहरूले छलफल गरि चुम्लुङ खोले त्यस चुम्लुङको नाम याक्थुङहाङ चुम्लुङ रह्यो । त्यस चुम्लुङले चन्दा सङ्कलन गरि किराती अक्षर लेखपढ गर्ने र पुराना पुस्तकहरू सङ्कलन गर्नलाई सिक्किम, नेपाल, भुटान, भारतका बिभिन्न ठाउँ देहरादुन, पञ्जाब, कलकत्ता, धर्मसाल, कोइटा, चमन, बर्मा, आदि ठाउँहरूमा पत्र पठाए । किराती अक्षर लेखपढ र विकासको लागि थालिएको शुभकार्यमा चारैतिरका किरातीहरूले खुशीका साथ सरसहयोगमा जुटे, राम्रो काममा लागेका चुम्लुङप्रति सहमति जनाए । किराती अक्षर पढ्नुपर्छ, त्यसको अनुसन्धान गर्नै पर्छ भनेर थुप्रै चिट्ठीहरू चुम्लुङमा पठाए । लोप हुन लागेको धेरै पुराना हस्तलिखित पुस्तकहरू पनि सङ्कलन भयो । कालिम्पोङमा बूढापाका आइमाई केटाकेटी सबैले किराती अक्षरको अध्ययन सुरु गरे ।

यो क्रम कालिम्पोङमा मात्र सिमित रहेन नेपाल, सिक्किममा किराती अक्षर पढ्ने पढाउने क्रम अघि बढ्यो ।

सिक्किमको गेजिङ, रेसिङ, नाम्चि, हिगाउँ, कालुकमा आदि ठाउँहरूमा सुवेदार बाजवीर थलङले विद्यालय खुलाउनुभयो । बाजवीर थलङले सन् १९४२ मा गेजिङ विद्यालयबाट इमानसिं चेम्जोङलाई उच्च विद्यालयमा लानु भएको थियो । सिक्किममा रहनु हुँदा किराती अक्षरको प्रचारप्रसार मात्र नभएर किरातीहरूको इतिहास गहिरो अध्ययन पनि गर्नु भयो । यही सिलसिलामा सर्वप्रथम उहाँले सन् १९४८ मा मनबहादुर खाम्दाक, सन्तबीर खाम्दाक, पदमसिं नुगो आदिलाई किराती अक्षर लेखपढ गर्न सिकाउनु भएको थियो । उहाँ किरात अक्षर मात्र नभएर लाप्चे भाषाको पनि ज्ञाता हुनुहुन्थ्यो । त्यसैले सिक्किममा रहनु हुँदा लाप्चे नानीहरूलाई लाप्चे भाषा लेढपढ गर्न पनि सिकाउनु भएको थियो । पछि उहाँले लाप्चे-नेपाली-अङ्ग्रेजी शब्दकोषसमेत निकालेर लाप्चेहरूलाई ऋणी बनाउनुभयो । सिक्किममा सिक्किम सरकारले इमानसिं चेम्जोङलाई रेभेन्यू



*इतिहासकार स्व. इमानसिं चेम्जोङ*

इन्सपेक्टर पदमा नियुक्ति गरेको थियो । रेभेन्यू इन्सपेक्टर पदमा रही काम गर्नु हुँदा थुप्रै किराती गाउँहरूको भ्रमण गर्नुभएको थियो ।

सन् १९५२ मा नेपाल पल्लो किरात लिम्बुवान प्रदेशका खड्गबहादुर नेम्बाङ, नरबहादुर नेम्बाङ, देउमान आङदेम्बे, हर्कप्रसाद आङदेम्बे, कुलबहादुर लावती, मनबहादुर लावती, मनबहादुर चेम्जोङ, जगतबहादुर चेम्जोङ, हाङतुम्याङ सङबाङफे, कृष्णबहादुर, शम्शेरबहादुर तुम्बाहाङफे, हर्क फेन्दुवा र प्रेमबहादुर चेम्जोङहरूको अनुरोधमा इमानसिं चेम्जोङ सिक्किम छाडी नेपाल आउनु भई चुम्लुङको सभापति चुनिनुभयो । सभापति हुँदा लिम्बुवान प्रदेशको विभिन्न ठाउँमा घुम्दै किराती भाषाको प्रसारप्रसार गर्नुभयो । लिम्बुवान प्रदेशको बिन्नि थुमथुममा डुल्दा घुम्दा थुप्रै किराती ऐतिहासिक तथ्यहरू किम्बदन्तीहरू चेम्जोङले पाउनु भयो । यसरी भ्रमण गर्दा किराती अक्षर लेखपढ गर्न गाउँ गाउँमा सिकाउनु भएको थियो ।

इमानसिं चेम्जोङ लिम्बुवान प्रदेशको प्रतिनिधि हुनु भई सन् १९५३ मा नेपालको राजधानी काठमाडौँ जानुभयो र तत्कालीन राजा त्रिभुवानलाई भेटी पल्लो किरात लिम्बुवानको थिति रीतिको विषयमा बिन्ति चढाउनुभयो । भाषा साहित्यलाई आधुनिक बनाउन उहाँले अथक प्रयास गर्नुभयो । यसै क्रममा सन् १९५९ मा पुनः काठमाडौं गएर लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश लेखेर तयार गर्नुभयो । त्यस्तै गरी सन् १९६१ मा किरात मुन्धुम्

**अन्धकारमय किरातीहरूको चेतनालाई उज्यालो छर्ने महान् कार्य गर्नुभयो । किरात जातिको भाषा तथा साहित्यमा गर्नुभएको योगदानले गर्दा सिङ्गो किरात जातिहरू ऋणी छन् ।**

(किराती वेद) दुई हजार प्रति छपाउनु भई बितरण गर्नु भयो । सन् १९६७ मा किरात इतिहास लेख्नु भई बितरण गर्नुभयो । यसको अतिरिक्त उहाँले थुप्रै किताबहरू लेख्नुभएको छ । कतिपय प्रकाशित छन् भने कतिपय अप्रकाशित छन् । तिनीहरूमध्ये पुस्तकहरूको सूची तल राखिएको छ । सो किताबहरू नेपालको विभिन्न ठाउँमा बिक्रिबितरण हुनुको अलवा सिक्किम, आसाम, बर्मा, भारत, सिङ्गापुर, अमेरिका, लन्डन आदि ठाउँहरूमा बिक्रिबितरण भयो जसले गर्दा नेपाल सरकारले त्रिभुवान विश्व विद्यालयमा किरात भाषा तथा संस्कृतिका विशेषज्ञको पदमा सन् १९५१ मा नियुक्ति गरेको थियो । उहाँले सो पदमा सन् १९७५ (वि. सं.२०३२ वैशाख १३ गते) सम्म काम गर्नु भएको थियो । उहाँ त्रि.वि. मा विशेषज्ञ हुनुहुँदा सयुक्त अधिराज्य (युके) को राजधानी लन्डनमा पहिले लेखिएको किराती अक्षर भएको मुन्धुमहरू झिकाउनु भई किरातहरूलाई सिकाउनुभयो । त्यही वेदको आधारमा विभिन्न किताबहरू पनि लेख्नुभएको थियो । बृद्ध अवस्थामा अशक्त भई काम गर्न असमर्थ हुनु भएकोले सन् १९७५ मा उक्त विशेषज्ञ पदमा काम गर्न सक्नुभएन र दार्जिलिङ फर्कनुभयो । दार्जिलिङ बस्नुहुँदा धेरै किताबहरू लेख्नुभएको छ । यसरी आफ्नो जिन्दगी नै समर्पण गरी किरात जातिको लोप हुनै लागेको किरात भाषा तथा लिपिको खोज अनुसन्धान गर्नुभयो । अन्धकारमय किरातीहरूको चेतनालाई उज्यालो छर्ने महान् कार्य गर्नुभयो । किरात जातिको भाषा तथा साहित्यमा गर्नुभएको योगदानले गर्दा सिङ्गो किरात जातिहरू ऋणी छन् । निस्वार्थ सेवाको भावनामा किरात लिपिको ब्लक बनाउने काममा ब्यस्त हुँदाहुँदै सो कार्य पूरा हुन नपाउँदै सन् १९७६ अक्टुबर ८ (वि. सं.२०३३ असोज २२) मा भारतीय समयअनुसार बेलुकी ७.५० बजे दार्जिलिङको स्थानीय प्लान्टर्स अस्पतालमा मुटुको ब्याथाले उहाँको मृत्यु भयो ।

**इमानसिं चेम्जोङद्वारा लिखित/प्रकाशित कृतिहरु**

१. किरात इतिहास प्रथम संस्करण
२. किरात इतिहास दोश्रो संस्करण
३. किरात साहित्यको इतिहास
४. किरात दन्ते कथा नेपाली भाषा
५. किरात मुन्धुम्
६. लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोष
७. किरात मुन्धुम् खाउन
८. किरात इतिहास तथा संस्कृति (अङ्ग्रेजी)
९. किरात दर्शन सारांश
१०. लाप्चे-नेपाली-अङ्ग्रेजी शब्दकोष
११. याक्थुङ हुप्पानःन
१२. बलिहाङ तङ्नाम
१३. वान्तवा-नेपाली-अङ्ग्रेजी शब्दकोश
१४. किरात प्राथमिक पाठ्यपुस्तक भाग-२, ३ र ४
१५. तुम याक्थुङ निङवाफु साप्ला आदि ।


□ □


हार्दिक बधाई !


फोक्स्टोन टाउनको काउन्सिलरजस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा श्री धन गुरुङज्यूलाई हार्दिक बधाईका साथै वहाँको कार्यकालको पूर्ण सफलताको लागि हार्दिक शुभकामना ।

किरात याक्थुङ चुम्लुङ
युके परिवार


## खोजकर्ताको केन्द्रमा *'मृदुल पदम'*



युवराज लिम्बू



आधुनिक लिम्बू भाषा साहित्यको उत्थानमा थोरै ज्ञात व्यक्तिको योगदान देखिन्छ, यिनैमध्ये एक हुन *पदमसिं मुरिङला* । यस्तै लिम्बू भाषा साहित्यको नयाँ पुस्ताका थोरै अध्येताहरूमा *अमर तुम्याहाङ* एउटा उल्लेख्य नाम हो । यी दुई वीचको सङ्गम पाइन्छ, पदमसिं मुरिङलाको जीवनमा आधारित वृत्तचित्र *'मृदुल पदम'* मा । अनि यसको निर्माणको लागि काँध थापेका छन् उत्साही समाजसेवी युवा विश्वासदीप तिगेलाले ।

करिब एक घण्टाको परिधिमा पढ्न सकिने यो वृत्तचित्रमा मुरिङलाको जीवनलाई चिह्याउन सकिन्छ लिम्बुवानका ऐतिहासिकतालाई केही पछ्याउँदै । वृत्तचित्र जसै अगाडि बढ्दै जान्छ त्यसैगरी मुरिङलाको जीवनका पाटाहरू प्रष्टिँदै जाँदा लिम्बुवानका लागि ऐतिहासिक र अमूल्य योगदान दिने अवसर प्राप्त हुन्छ, १९२५ मा स्थापित 'याक्थुङहाङ चुम्लुङ' का एक नायक किरातविद् इमानसिं चेम्जोङसँगको भेट र सहकार्यले । यस चुम्लुङबाट दुई दर्जनभन्दा बढी लिम्बू भाषा तथा लिपिका पुस्तक सङ्कलनका साथै प्रकाशन र प्रचार-प्रसार गर्ने काम हुन्छ । खोजकर्ता पुष्टि गर्छन् "यसैकाललाई लिम्बू भाषा साहित्य उत्थानको स्वर्ण युग भनिन्छ ।"

सन् १९२३, सेप्टेम्बर ११ मा सिक्किमको टिम्बुरबुङमा जन्मिएका मुरिङ्लाको आमा मुजिःहाङमा र बुवा तिलोकसिं नुगोको कान्छा छोराको रूपमा भएको थियो भने १९४५ मा सरुहाङमासित वैवाहिक जीवनमा बाँधिएका मुरिङ्लाको दुई छोरा र एक छोरी छन् । जीवनसङ्गीनी सरुहाङमाको सन् १९८३ मा मृत्युभएपछि हाल छोरा-छोरीकोसाथमा ग्यान्टोकमा रहँदै आएका मुरिङला ८४ वर्षको अवकाश जीवन बिताइरहेका छन् ।

खोजकर्ता तुम्याहाङ उनको शिक्षाको बारेमा प्रकाश पार्दै अगाडि बष्छन्, मुरिङलाको बुवा गाउँका मण्डल (अहिलेका अध्यक्ष्य जस्तै) भएकाले पढाइको महत्व बुझेका थिए र नै उनलाई आधुनिक शिक्षाको खातिर सोरेङमा कक्षामा ४ मा भर्ना भएपछि ५ सम्मको अध्ययन च्यासुङ मिडिल स्कूलमा गरेपछि विद्यालय सञ्चालक फाक्छिरिङले मुरिङलालाई दार्जिलिङको वाईएमवीए स्कूलमा पढाउँछन्, जुन स्कूल दार्जिलिङको चौरास्तामुनिको भोटे बस्तीमा यथावत रहेको छ । यसै विद्यालयमा पढ्न थालेपछि पहिलोपटक मुरिङला औपचारिक नेपाली भाषासँग साक्षात्कार गर्छन् । १९४० मा गर्मनमेन्ट हाई स्कुलमा कक्षा ७ मा पढाइ थाल्दा पढाउने शिक्षकहरूमा नेपाली साहित्यका प्रखर अभियान्ताहरू सूर्यप्रसाद ज्ञवाली, धरणीधर कोइराला र पारसमणी प्रधान अर्थात् 'सुधपा' थिए, जसलाई साहित्यप्रति झुकाव राख्ने मुरिङ्लाले गुरु थापे ।

शिक्षार्जनको लागि १९४४ मा मेट्रिक अर्थात् अहिलेको एसएलसी उत्तीर्ण गरेपछि मुरिङ्लाको उच्च शिक्षाको यात्रा दार्जिलिङबाट कालिम्पोङको सुमी कलेजमा आइए (प्रमाणपत्र तह) उत्तीर्ण गरेपछि पढाइबाट प्राप्त योग्यतालाई प्रयोगमा ल्याउन जागीरको खोजीमा गान्टोक लाग्छन् उनी ।

**लिम्बू भाषा साहित्यको आधुनिकिकरण :** सिक्किमको ग्यान्टोकमा १९४६ मा इमानसिं चेम्जोङसँग टासी नाम्गेल स्कुलमा भेट हुन्छ । लालसोर सेन्दाङको लिम्बू भाषा साहित्यको पाइला पछ्याउँदै, चेम्जोङ, मनवहादुर र सन्तवहादुर खाम्दाकको सहभागितामा लिम्बू भाषालाई किरात सिरिजङ्गा लिपिमा छापी प्रचारप्रसार गरे । यसक्रममा उनीहरूले किरात सिरिजङ्गा लिपिको वर्णमाला छाप्ने काम सन् १९५१ सम्ममा अन्तिम रूप दिई 'तुम याक्थुङ निङ्वाफू साप्ला' र 'याक्थुङ निसिगेक साप्ला' प्रकाशित गरे जसको उपलब्धीस्वरूप सन् १९६८ मा सिक्किम सरकारले लिम्बू भाषालाई कानुनी मान्यता प्रदान गऱ्यो जसलाई राजनैतिक रूपमा तिलोकसिं, लालमान र पृथ्वीराज खेवा अनि मनवहादुर खाम्दाकहरूले उठान गरेका थिए । त्यसो त, १९६५ मा नै लिम्बू भाषाको पठन-पाठनको लागि ऐच्छिक रूपमा मान्यता प्रदान गरेको थियो । यसबीचमा बीबी मुरिङ्लाको उदय हुन्छ, पदमसिंको डिस्ट्रिक कलेक्टरको सरकारी जिम्मेवारीसँगै । उनले सन् १९७५, मे १६ मा भारतमा विलय भएको सिक्किम प्रान्तको नयाँ प्रशासनिक कार्य आरम्भ गर्छन् । बीबी मुरिङ्लाले १९७५ देखि हालसम्म नै कक्षा १ देखि स्नातक तह (बीए) सम्मकै लिम्बू भाषाको पाठ्यपुस्तक तयार गरेछन् । उनले किरात सिरिजङ्गा लिपिको समय सापेक्ष सुधारसमेत गरे जसको जग भनेको पदमसिं मुरिङला नै हुन् । यसैलाई नेपालमा पछिल्लो समयमा बैरागी काइँलाले परिमार्जन गरेको कुरा खोजकर्ता तुम्याहाङ प्रस्ट्याउँछन् ।

पदमसिंले आफ्नो लेखनको लामो विश्रामलाई चिर्दै सन् १९८३ मा 'थत्यमा' नामक पहिलो लिम्बू भाषाको मौलिक उपन्यास लेखी लिम्बू साहित्यमा अर्को आयाम थपे जसलाई पछिल्लो समयमा लिम्बू भाषाकी चलचित्र निर्मात्री शोभा खजुमले चलचित्रको रूपमा आम दर्शकसामु ल्याएको पनि एक दशक हुनै लाग्यो ।

१९४७ मा भारत स्वतन्त्रताको लहडले सिक्किमलाई पनि छुन्छ, अगमसिं तामाङ, पदमसिं मुरिङला, तुलसीवहादुर क्षेत्री र निमा वाङ्दीको सक्रियतामा अपतन साहित्य परिषद भूमिगत रूपमा स्थापना गरे जसले कल्पना गरेको इन्द्रेणी संस्कृति आज सिक्किममा महसुस गर्न सकिन्छ । जुलाई १३ को दिनलाई भानुजयन्तीको रूपमा मनाइन्छ । जुन दिन सिक्किमकै सर्वोच्च साहित्यिक पुरस्कार 'भानु पुरस्कार' प्रदान गरिन्छ । मातृभाषाको शिक्षाले विखण्डन हैन राष्ट्रिय एकतामा बल पुऱ्याउने उदाहरण सिक्किम भएको प्रस्ट हुन्छ ।

**सम्मान तथा पुरस्कार:** सन् १९८९ मा सिक्किम सरकारले 'भानु पुरस्कार' बाट पुरस्कृत गऱ्यो भने वि.सं.२०५९ भदौ १५ गते किरात याक्थुङ चुम्लुङ, काठमाडौंबाट 'बलिहाङ पुरस्कार' प्रदान गऱ्यो भने सोही महिनाको १७ गते कियाचुको चौधौं स्थापना दिवसका दिन कियाचु केन्द्रबाट 'अभिनन्दित' हुनु भयो पदमसिंह मुरिङ्ला ।

**वृतचित्रको संयोजन :** खोजकर्ताको केन्द्रमा जोकोही पर्न सक्दैन । त्यसले कुनै न कुनै आमहितको पक्षलाई नसमेटी नहेरी खोज हुँदैन । यही भयो र हुन्छ यसमा पनि । संयोजन कर्ता प्रणय लिम्बूको खोजको व्यवसायिक धार अर्जापिनेक्रममा छ भने प्रस्तोता तुम्याहाङको अभ्यास अनुसन्धानमा अझै जानुपर्ने देखिन्छ । निर्माता विश्वासदीप तिगेला र अन्य सहयोगीहरूलाई नसम्झनु त झनै भूल हुनेछ ।

y_klimbu@yahoo.co.in


विदेशमा बसेर घरदेशको ताजा निष्पक्ष समाचार साथै स्थानीय कार्यक्रमहरुसहित भरपुर मनोरञ्जन लन्डनबाट प्रसारण हुने नेपाली टी. भी. अब विश्वका ५२ मुलुकमा चौविसै घण्टा सेवामा ।

प्रति महिना १० पाउन्ड मात्र

NEPALI TV

सम्पर्क फोनः +44 2087286470 ईमेलः info@nepalitv.com, वेभः www.nepalitv.com

अनलाइन संसारका ठेगानाहरू

http://www.chumlung.org.np,
http://www.limbulibrary.com.np,
http://www.kiratisaathi.com,
http://www.kirat.org.n
http://www.sahitya.com.np,
http://www.realDomainHost.com,
http://www.realDomainSale.com,
http://www.chumlungusa.com
http://www.kirats.com
http://www.tigela.com.np
http://www.nefin.org.np
http://www.datingNepal.com
http://www.realHostingSale.com
http://nepalitv.com

अनलाईन नेपाली साहित्य मञ्च
Online Nepali Literature Forum
www.sahityaGhar.com



[illegible]

## शक् हु?सिङ्मारो (लिपि सिकौं):

### १. कुबुङ शक् (स्वर वर्ण)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अ | अ: | आ | आ: | इ | इ: | उ | उ: |
| ए | ऐ | ओ | औ | अ | ए | ए: | |

भाषाविद्हरूका अनुसार लिम्बू भाषामा जम्मा १२ वटा स्वर वर्ण हुन्छन्। (...) पूरानो वर्णमालामा पाइए तापनि भाषा विज्ञानका आधारमा ती वर्णहरू लिम्बू स्वरवर्णमा मेटिदैनन्। ... र ... बाहेक अरु सबैमा ह्रस्व र दीर्घ हुन्छन्। तापनि यहाँ परम्परागत स्वर वर्णहरू (...) लाई पनि समावेश गरिएको छ।

### २. कुथक् सक् (व्यञ्जन वर्ण)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ᤁ | ᤂ | ᤃ | ᤄ | ᤅ | ᤆ | ᤇ | ᤈ | ᤋ | ᤌ |
| क | ख | ग | घ | ङ | च | छ | ज | त | थ |
| ᤍ | ᤎ | ᤏ | ᤐ | ᤑ | ᤒ | ᤓ | ᤔ | ᤕ | ᤖ |
| द | ध | न | प | फ | ब | भ | म | य | र |
| ᤗ | ᤘ | ᤛ | ᤜ | ᤹ | | | | | |
| ल | व | स | ह | मुक्फ्रेङ | | | | | |

लिम्बू भाषामा जम्मा १६ वटा व्यञ्जन वर्ण र ९ वटा सम्वर्ण हुन्छन्। ध्वनिक चिन्ह मानिदै आएको मुक्फ्रेङ पनि व्यञ्जन वर्ण भएको पुष्ट्याई भएको छ।

### ३. सक्नाम्फन् (बाहखरी)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क | क: | का | का: | कि | कि: | कु | कु: |
| के | कै | को | कौ | क | के | के: | |

### ४. खानिन् (अङ्क)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ᥆ | ᥇ | ᥈ | ᥉ | ᥊ | ᥋ | ᥌ | ᥍ | ᥎ | ᥏ | ᥇᥆ |
| ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| होप् | थिक् | नेत् | सुम् | लि | ङा | तुक् | नु | येत् | फाङ् | थिबोङ् |

(साधारणतया दशदेखि माथि २ तरिकाले पढ्ने गरिन्छ। जस्तै ११ लाई थिबोङ् थिक् वा थिक् थिक्, १२ लाई थिबोङ् नेत् वा थिक् नेत्)

### ५. कुशेक् शक् (ध्वनिक चिन्ह)

स्वर वर्णका चिन्ह बाहेक अरु पनि "कुशेक् शक्" नामक दुई चिन्हहरु छन्। तिनीहरू बिना कति लिम्बू शब्दको पूर्ण रुपमा उच्चारण हुन सक्तैन। ती ध्वनिक चिन्हहरु यस प्रकार छन्।

(क) ( ̈ ) केम्फ्रेङ (ख) ( ̱ ) सई

(क) ( ̈ ) के:म्फ्रेङले लिम्बू स्वरवर्णको दीर्घता जनाउँछ। त्यसैले के:म्फ्रेङले अक्षरको ध्वनि साधारणत: लामो हुन्छ। ... – ले:ङ्मा – चिप्लिनु

... –का:क्मा – नाघ्नु

(ख) ( ̱ ) सइको नेपालीको हलन्त जस्तै हो। यो चिन्ह कहिले पनि शब्दको पहिलो अक्षरमा प्रयोग हुँदैन।

... – ओस्गनु – हो त नि

... – काथ्माण्दू – काठमाण्डू

... – इस्से:ङ – सग्लो, मात्र

### ६. चुकशक् (आधाअक्षर)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क् | ङ् | न् | त् | प् | म् | र् | ल् |

### ७. ऐकतुम शक (संयुक्त अक्षर)

| | | |
|---|---|---|
| य | र | व |

लिम्बू भाषाका एकतुम अक्षरहरू पूर्णउच्चरण हुन्छन्। तर एकतुम अघिको अक्षर आधा मात्र उच्चारण हुन्छ।

...-ख्याबा- कुकुर, ...-च्वा- पानी

(स्रोत प्राज्ञ वैरागी काइँला र डा. माधव पोखेल)

## THE CONSTITUTION OF THE KIRAT... *(contd from pg 4)*

- Vice-Chairperson. The Vice-Chairperson will preside over the CEC in the absence of Chairperson and also represent the KYC as and when required as per the KYC Constitution 2003 rules.
- General Secretary. The General Secretary will act as the spokesperson of the YKC. He/She will convene the meetings of the CEC to implement the decisions of Executive Committee and act as the chief functionary as per the KYC Constitution 2003 rules.
- Treasurer. The Treasurer will remain responsible for fund raising, maintaining accounting records, and funds and financial of the KYC as per the KYC Constitution 2003 rules.

**Meeting of the Central Executive Committee (CEC)**

The meeting of the CEC will be held at least twice a year. The interval between each CEC will normally will not be more than six months.

The CEC will have the provision of convening extraordinary meetings in the event of any emergency as may arise from time to time. The resolutions of such an extraordinary meeting will have to be ratified by the CEC in its next meeting.

**Quorum:** Quorum for the meeting of Executive Committee will be 60 per cent and that for the Congress will be 50 per cent.

**Advisory Committee (AC):** The AC will be elected by the CEC with a minimum membership of a minimum of 3 persons or a maximum of 5 persons who will meet at least twice a year and as and when necessary to facilitate various programmes of the YKC. The quorum for the meeting of AC will be 60 per cent.

**Area Representatives (ARs):** These are the intermediary implementing committees of the organization. They are responsible for coordinating the activities of their area committees.

DISQUALIFICATION AND REMOVAL OF CEC, AC AND ARs

The Office of a Committee Member shall be vacated if:

- He/she shall for more than 12 consecutive months have been absent without permission of the Committee from meetings of Committee held during that period and the Committee resolves that his or her office be vacated.
- The Congress passes a vote of no confidence in that Committee member or the members of the committee as a whole.
- He/she ceases to be a Committee member by virtue of any provision of the Act or he becomes prohibited by law from being a Committee member.
- He is, or may be, suffering from mental disorder and either:

He/she admitted to hospital in pursuance of an application for admission for treatment under the Mental Health Act 1983 or, in Scotland, an application for admission for treatment under the Mental Health (Scotland) Act 1960, or an order is made by a court having jurisdiction (whether in the United Kingdom or elsewhere) in matters concerning mental disorders for his detention.

**SOURCE OF INCOME**

Membership subscription, individual, organisational, national and international grants, donations, aid and etc. will be the source of income of this institution. The organisation can also fix certain subscription (levy) for its members. The organisation may conduct the programmes on special occasions and the KYC may raise funds from individual, organisational, national and international, or any other sources.

**METHODS OF FUNCTIONING**

The CEC, AC, AR and all the office bearers will function according to the rules and regulations as laid down and amended from time to time by the Congress.

**ANNEX B**

**TO INCOME SOURCE : INCOME SOURCE**

The major source of financial income of KYC – UK is from its members and from any national and international aid, bequeaths, or donation. To sustain the organization, it may be necessary to levy a subscription to support the fund. In general, the KYC – UK's fund shall arise out of:

- Donations from individuals or organizations who wish to see the organization prosper and flourish.
- Levy a small monthly or annual subscription on its members. This is to be passed at a General Congress and reviewed annually, if applied, to recommend its feasibility and continuance.
- Profit income from Annual Function or any other social or sporting events.
- Donations or funds from national or international organization that support Kirat Yakthung Chumlung.
- Organise social events i.e. Nepali film nights, invitation and performances by well known Nepali artistes, actors, actresses or comedians to generate profit to bolster the fund.

These are just some of the principles that KYC-UK aims to sustain and bolster its fund and viability. The procedures are to be reviewed annually.

***


# बेलायतमा जनजाति महासङ्घको आवश्यकता किन?



विश्वास दिप तिगेला

देश आज ज्यादै महत्वपूर्ण मोडमा पुगेको छ। २०४६ को जनआन्दोलनबाट प्राप्त बहुदलीय व्यवस्थाको स्थापनासँगै नेपालका उत्पीडित, शासित वर्ग आदिवासी जनजातिहरूमा त्यसबेला आएको चेतना नै यो गणतन्त्रउन्मुख अवस्थाको आधार मान्न सकिन्छ। वर्षौंदेखि कथित उच्चवर्गबाट सधैं शोषित र शासित हुँदै आएका आदिवासी जनजाति, मधेसी र दलितवर्गहरू शोषणमुक्त बन्नुपर्छ भन्ने चाहना र आवश्यकताको जरा प्रत्येक व्यक्ति, समाज, समुदायमा व्यापक फैलिसकेको अवस्थालाई सुनौलो अवसरको रूपमा प्रयोग गर्न वर्गीय चरित्रको दर्शन बोक्ने तर तला उक्लनलाई भऱ्याङको रूपमा जातीय सवाललाई अँगाल्ने नेपाल कम्युनिस्ट पार्टी (माओवादी) धेरैहद सक्षम भएको देखिन्छ। जातीय भऱ्याङ्गबाट उक्लिसकेपछि त्यो भऱ्याङ बिर्सने कुरामा चाहिँ शङ्का छ। किन कि नेकपा माओवादीलगायत आठ दलको गठबन्धनमा रहेका मध्ये धेरैलाई पनि जनजाति, मधेसी र दलितको सवाल अरुचीका गाँस हो। अचानोको पीर खुकुरी (उनीहरू) लाई के थाह ? जातीय मुक्ति आन्दोलनको हुरीबतासले सारासंसार उडाइलैजान लाग्दा। मर्नुभन्दा बहुलाउनु निको भनेझैं अर्थात् हावाद्धारा पानीमा चल्ने डुङ्गालाई हावा बहेको दिशातर्फ आफ्नो डुङ्गा अगाडि लैजानु पर्ने हुन्छ हो त्यस्तै नै नेपालका कतिपय राजनैतिक पार्टीहरूले जातीय आत्मनिर्णयको सवाल, सङ्घीय संरचना र गणतन्त्र वा राजतन्त्रको विवाद बाध्यतावस गरिरहेका छन। कतिपय नेताहरू देशप्रेमी छन् छैनन् त्यो विषय आफ्नै ठाँउमा छ तर धेरै नेताहरूलाई यी कुराहरूले गर्दा निद्रा आएको छैन। जङ्गलको बाटो हुदै पल्लो गाउँ हिंडेका बटुवा गोरेटो पछ्याउन खोज्दाखोज्दै अलमलमा परी वल्लो गाउँमा निस्कँदा नमिठो चित्त बुझाएझैं भएको छ उनीहरूलाई। किन यी हिंड्ने गोरेटाहरू फेरिँदै छन् ? वल्लो गाउँ आइपुगेको मान्छे पल्लो गाउँमा जान्छ कि जाँदैन ? पश्चिमदेखि पूर्व चलेको वेगले ककस्लाई बाँकी राख्न सक्छ ? विपरीत दिशातर्फ हिंड्न सक्ने अवस्था छ कि छैन ? यी सम्पूर्ण कुराहरू समस्या हुन् कि समाधान भइरहेको छ ? परदेश पुगेको व्यक्तिले सबैभन्दा धेरै गाउँ, समाज र देश गुमाएको हुन्छ। त्यसैले हामी समग्र नेपालीले सम्पन्नता गुमाएका छौं। सम्पन्न र सभ्य देश बनाउन अब केके गर्नुपर्छ ? यी यावत कुराहरूको विषयमा जो देशमा होउन् या विदेशमा सचेत सबैले सोच्नुपर्ने ज्वलन्त आवश्यकता बनेको छ।

यहाँ अनौठो कुरा के छ भने सौम्य हावामा चङ्गा उडाएर आनन्द लिने व्यक्तिहरूको हातबाट चङ्गा चुडिएर जादैछ। आखिर यो वेगको हावा कहाँबाट चल्दैछ ? त्यसैले आज आएर बुझ्नुपर्ने विषय हो जनजाति महासङ्घ यसको पूर्ण नाम नेपाल आदिवासी जनजाति महासङ्घ हो। अङ्ग्रेजीमा (Nepal Federation of Indigenous Nationalities/ NEFIN) यस महासङ्घको स्थापना वि. स. २०४७/२०४८ सालमा भएको[1] हो भने यस महासङ्घसँग देशको सम्पूर्ण शक्तिको झण्डै ७५ प्रतिशत शक्ति रहेको मान्न सकिन्छ। नेपालका आदिवासी जनजाति, मधेसी तथा दलितहरूको छाता सङ्गठनको रूपमा स्थापित छ यो महासङ्घ। यो महासङ्घसँग हाल ५४ वटा जातीय उत्थान सङ्घसङ्गठनहरू आवद्ध छन् ती संस्थाहरू यस प्रकार रहेका छन्: किरात याक्थुङ चुम्लुङ, किरात राई यायोख्खा, किरात याक्खा छुम्मा, सुनुवार सेवा समाज, तमु राष्ट्रिय परिषद, नेपाल तामाङ घेदुङ, नेपाल मगर सङ्घ, नेपाल सेर्पा सङ्घ, थारू कल्याणकारी साव, बारगाउँले सोसियल वेलफेर एसोसियसन, नेपाल वराम एसोसिएसन, नेपाल बोटे जनजाति सेवा समिति, भुजेज समाज सेवा समिति, नेपाल बोटे समाज सेवा, ब्याँसी साक्वा समाज, नेपाल चेपाङ सङ्घ, नेपाल छन्त्याल सङ्घ, दनुवार



जागरण समिति, नेपाल दराई उत्थान समिति, नेपाल धानुक समाज, धिमाल जाति विकास केन्द्र, नेपाल डोल्पो जनजाति विकास केन्द्र, दुरा सेवा समाज, नेपाल गनगाई कल्याण परिषद, वायु गुखाता कोलु पाङ्दाब्मी, नेपाल झाँगड उराउ कोदरीम सुधारा, जिरेल सङ्घ नेपाल, किसान समुदाय विकास प्रतिष्ठान, कुचवाडीया उत्थान सङ्घ, नेपाल कुमाल समाज सुधार समिति, लेप्चा डेभलपमेन्ट फोरम, लार्की समाज कल्याण केन्द्र, सिङ्साबा कल्याण केन्द्र, लोछोधुन ल्होपा सङ्घ, नेपाल माझी उत्थान सङ्घ, मार्फा थकाली सेवा सदन, मेचे समाज सिवियारी अफात, मुगल जनजाति समाज कल्याण केन्द्र, नेवाः देय् देवु, नेपाल पहरी विकास सङ्घ, राजवंशी समाज विकास समिति, राजी साल्म समाज, नेपाल सन्त्याल आदिवासी उत्थान सङ्घ, सियार समाज कल्याण केन्द्र, सुरेल जाति उत्थान सङ्घ, ताजपुरिया समाज कल्याण परिषद, ताङ्वे समाज सेवा सङ्घ, थकाली सेवा समिति, नेपाल थामी समाज, थुदाम सेवा समाज, तीन गाउँले थकाली सेवा समिति, तोप्केगोला समाज सेवा समिति, वालुङ सेवा समाज र नेपाल याल्मो समाज सेवा सङ्घ रहेका छन्।



यस महासङ्घको विभिन्न ५० वटा जिल्लामा जिल्ला कमिटीहरू बनिसकेका छन् भने विभिन्न ४ वटा भातृसङ्गठनहरू रहेका छन्। नेपाल आदिवासी जनजाति विद्यार्थी महासङ्घ, नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) र आदिवासी जनजाति युवा सङ्घ र आदिवासी श्रम सङ्गठन निर्माण भएको छ। यो महासङ्घ सयुक्त राष्ट्रसङ्घ मातहतमा रहने आदिवासीहरूको हकहितको पक्षमा काम गर्ने अन्तर्राष्ट्रिय सङ्गठनसँग पनि आवद्ध भइसकेको छ। त्यस्तै गरी जनजाति डायस्पोरामा पनि जापानलगायतका विभिन्न देशहरूमा महासङ्घ निर्माण हुने क्रम बढ्दै गएको छ। हाल यस महासङ्घको केन्द्रीय नेतृत्वको अध्यक्ष पासाङ सेर्पा र महासचिवमा रामबहादुर थापामगर रहेका छन्।

राम्रो कामको थालनी ढिलै भए पनि सुरुवात भइसकेको अवस्थामा अब तपाईं हामी पनि बेलायतमा महासङ्घ निर्माण गर्न तुरुन्त गृहकार्यको थालनी गर्ने हो कि ? कामको सुरुवातपूर्व महासङ्घको बारेमा अझ स्पष्ट हुनु जरुरी हुन्छ। जनजाति महासङ्घ कुनै पनि पार्टीसँग सम्बद्ध हुँदैन। यसले सांसद जित्नेजस्ता राजनैतिक चुनावमा उम्मेदवारी खडा गर्दैन। यो महासङ्घ विशुद्ध जातीय उत्थान संस्थाहरूको छाता सङ्गठन हो। प्रत्येक जनजातिलाई सचेत गराउनु उनीहरूको हक अधिकारको लागि लड्ने तथा समस्याको समाधानको लागि दबाब दिनु, सुझाव एवम् सहयोग गर्नु महासङ्घ आफ्नो जिम्मेवारी ठान्दछ। यो महासङ्घ आफैमा शक्तिसम्पन्न छ। प्रजातान्त्रिक पद्धति र सङ्घीय ढाँचाको नमुनाझैं यस महासङ्घको संरचना रहेको छ। प्रत्येक कमिटीको कार्यावधी समाप्तीपछि प्रतिस्पर्धात्मक नेतृत्वको सम्मान गर्दै अर्को जातीय उत्थान संस्थासँग सम्बद्ध व्यक्तिहरूमा जिम्मेवारी हस्तान्तरण हुन्छ। मधेसीहरू पनि शोषित छन् र उनीहरू प्रायः जनजातिभित्र पर्दछन्। त्यसैले प्रत्येक आदिवासी जनजाति यस महासङ्घको स्वतः सदस्य रहेको मानिन्छ। यस अर्थमा जनजाति महासङ्घ नेपालकै सबैभन्दा ठूलो संस्थाको रूपमा लिन सकिन्छ। महासङ्घको संरचनाको सम्बन्धमा अझ गहिरिएर हेर्ने हो भने दुई सदनात्मक कतिपय देशहरूमा जातीय सभा र संसद् सभा (आआफ्नो नामको पाइन्छ) भएझैं जनजाति महासङ्घलाई जातीयसभाको पूर्वसंरचनाको रूपमा पनि लिन सकिन्छ।

नेपालका धेरै जनजातिहरूको समस्या प्रायः एकै प्रकृतिको र वर्षौवर्षदेखि शासकहरूले शोषण गर्दै आएकाले जनजाति महासङ्घ ती असमझदारी, अमानवीय क्रियाकलापका विरुद्धमा सक्रिय हुँदै आएको छ। प्रत्येक जातिको भाषा, साहित्य, संस्कार संस्कृति, धर्मको सम्मान र संरक्षण गर्न कटिबद्ध छ। जनआन्दोलन २०६२/६३ सफल भएको १ वर्ष बितिसक्दा पनि जनआन्दोलनको मर्म र सम्पूर्ण नेपाली जनताको भावना अनुरूप सरकारले देश र जनताप्रति गर्नुपर्ने दायित्वपूरा गर्न नसकेको कारण हाल यस महासङ्घले विधिन्न बिरोधका कार्यक्रम सञ्चालन गरिरहेको छ। संविधानसभामा आदिवासी जनजातिहरूको जातीय जनसङ्ख्याको आधारमा पूर्णसमानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नको लागि र अन्तरिम संविधानमा रहेका आदिवासी जनजातिहरूका हक, अधिकार तथा भावना र मर्म विपरीतका धारा उपधाराहरू खारेज गर्न नेपालको अन्तरिम संविधान २०६३ शंसोधनको निमित्त अझ थप आन्दोलन सशक्तरूपमा लैजान प्रतिबद्ध छ।

देश अहिले बलियो घरको जग हाल्ने अवस्थामा छ। यो समय र अवसर सधैं रहिरहँदैन। अर्कोपटक संविधान बनाउने अवसर सयौं वर्षपछि मात्र आउन सक्छ। त्यसैले बलियो घर बन्नुअघि हामीले सोच्नु पर्दछ कि त्यो बनेको घर (नेपालको संविधान) भित्र परिवारका सबै सदस्यहरू अटाउन सकोस्। परिवारका सबै सदस्यहरू खुसियालीपूर्वक एकैंसधैं त्यो घरमा रम्न सकून्। त्यो घर निर्माणमा हामी सबैको सहभागिता होस्। योगदान रहोस्। काम गर्नु र भन्नुमा निश्चित रूपमा फरक हुन्छ। त्यसैले देशको कार्यकारिणीमा रहेकाले गल्ति गरेमा हामीले खबरदारी गर्नु पर्दछ। जुन काम जनजाति महासङ्घले पटकपटक नेपाल बन्दलगायतका बाध्यात्मक विरोधका कार्यक्रमहरू गरेर खबरदारी गरिरहेको छ। राजनैतिक महत्वकाङ्क्षाविना स्वस्थ तवरले खबरदारी गर्ने आन्दोलनरत पक्षमध्ये जनजाति महासङ्घ एक हो। ठीक बिरामी भइरहेको बेला औषधि खुवाएमा बिराम निको हुन्छ। अरुबेला त्यो औषधि ख्वाएमा विष पनि हुन सक्दछ। हो ठीक यहीबेला जनजाति महासङ्घ निर्माण गरेर हामीले काँधमा काँध दिन सक्यौ भने फलदायी हुन सक्दछ। हाम्रो योगदानको भोलि समयले पनि अवश्य मूल्याङ्कन गर्नेछ।

हामी नेपालीहरूको सन्दर्भलाई जोडेर बेलायतलाई पश्चिमको नेपाल अर्थात् दोस्रो नेपाल भन्न सकिन्छ। यहाँ लाखौंको सङ्ख्यामा नेपालीहरू भित्रिसकेका छौं। त्यसमध्ये पनि नेपालका आदिवासी जनजातिहरूको बाहुल्य रहेको छ। बेलायतमा हाल ३ दर्जनभन्दा बढी नेपाली सङ्घसंस्थाहरू छन्। तीमध्ये बेलायतमा अस्थित्वमा रहेको सङ्घसंस्थाहरू छन् भने ती हुन् जातीय उत्थान संस्थाहरू जस्तैः नेपाल मगर सङ्घ, नेपाल तामाङ घेदुङ, किरात राई यायोख्खा, नेपाल सेर्पा सङ्घ, किरात याक्थुङ

बाँकी पृष्ठ ९ मा

– परिवर्तनसँगै नयाँ आवश्यकता Web Hosting र Domain Name को लागि www.realDomainHost.com
...अब महङ्गीबाट मुक्त, सबैलाई सधैंलाई



Features:
1. Domain Name TLD (.com, .org, .net) £ 5 per year
2. General website hosting 50mb £30 per year
3. Standard web hosting 1500mb (1.5GB) £40 per year
4. Jumbo web hosting 14,500mb (14.5GB) £90 per year
6. One complete website (Domain www.yourname.com and Hosting) £25 per year
5. Training for student and Trial account FREE

International Office E-mail: direct.office@gmail.com
Phone: +44 7878533582 UK, Nepal Office E-mail: sales@realDomainHost.com

## पोगुगेन कुचा (लिम्बू खाना)
## खरेङ बनाउने तरिका



प्राचीनकालमा नेपालको इतिहासमा सबैभन्दा लामो अवधि र सबैभन्दा बढी ३३ पुस्तासम्म राज्य गर्ने आदिवासी किरात वंशीय लिम्बूहरूको परापूर्वकाल देखि आफ्नैपन र किसिमको खानपिन छन्। यसै विषयलाई लिएर स्वदेश तथा विदेशमा समेत जानकारी दिलाउने उद्देश्यले किरात याक्थुङ चुम्लुङले 'लिम्बू खाना र पेय पदार्थहरू' नामक पुस्तिकाको प्रकाशन गरेको छ। यसै पुस्तकमा सङ्कलन भएका पोगुगेन कुचा (खाना) र पेय पदार्थहरूको बारेमा क्रमशः पाठकहरूलाई जानकारी गराउदै लाने उद्देश्यले यो अङ्कमा "खरेङ" रोटी बनाउने तरिका राखिएको छ।

विभिन्न अन्नको पिठोबाट तयार गरिने रोटीहरू नै लिम्बूहरूले बनाउने खरेङ हो। खरेङलाई विशेष गरी लिम्बूहरूले खाजाको रूपमा खाने गरेको पाइन्छ। कुन अन्नको पिठोबाट बनाइएको खरेङ हो सोहीअनुसार लिम्बूहरूले खरेङको नामाकरण गर्ने गर्दछन्। यसरी मुख्यतया पेनाः खरेङ, माकी खरेङ, चाङ खरेङ र क्याबो खरेङ लिम्बूहरूले खाजाको रूपमा लिने रोटीहरू हुन्।

बनाउने तरिका

लिम्बूहरूले खरेङ मुख्य गरी दुई तरिकाले बनाउँछन् -
(क) तावामा पकाउने रोटी, र
(ख) भुप्रोमा पोलेर तयार गरिने रोटी

**(क) तावामा खरेङ पकाउने तरिका**

१. रोजेको अन्नको पीठोलाई पानी राखेर मुछ्ने। मुछेको पिठोका तरलता हातमा लिंदा बग्न सक्ने प्रकारको लेदो हुनुपर्छ।
२. मुछिएको पिठोको लेदोलाई तावामा आवश्यकताअनुसारको साइज बन्ने गरी राख्ने र ढकनीले छोप्ने। एकदेखि साढे एक मिनेटपछि खरेङ पाकेपछि निकाल्ने यसरी खरेङ तयार हुन्छ।

(ख) भुप्रोमा खरेङ बनाउने तरिका

१ रोजेको अन्नको पिठोलाई थोरथोरै पानी लाउदै गिलो डल्ला हुने गरी मुछ्ने,
२. बेसार या भोर्लाको हरियो पातमा पातको आकारले दिएको आकारअनुसार मुछेको पीठो राखेर सबैतिर समान बाक्लोपन हुनेगरी थिच्दै मिलाउने। त्यसपछि माथिबाट पातले छोप्ने।
३. त्यसरी चारैतिर पातले छोपेको काँचो खरेङलाई भुप्रो बलेको कोइला र खरानीभित्र राख्ने। करिब ५, ७ मिनेटपछि सो खरेङलाइ पल्टाउने। अर्को ४, ५ मिनेटमा खरेङ तयार हुन्छ। भुप्रोबाहिर निकालेपछि चाल्नी या नाङ्लोमा राखेर डढेको पात र खरानीलाई हटाएपछि खरेङ खानको लागि तयार हुन्छ।

## किरात याक्थुङ चुम्लुङ युकेको वेब साइट उद्घाटन



किरात याक्थुङ चुम्लुङ नेपाल केन्द्रीय समितिका उपाध्यक्ष श्रीमती नरकुमारी लिम्बूले हालै एक समारोहबीच किरात याक्थुङ चुम्लुङ युकेको वेब साइट डब्लू डब्लू डब्लू डट चुम्लुङ युके डट कमको उद्घाटन गर्नुभयो। आस्फोर्ड केन्टमा, चुम्लुङका क्षेत्रीय प्रतिनिधिहरूका बीच भएको उक्त उद्घाटन समारोहमा किरात याक्थुङ चुम्लुङ युकेका अध्यक्ष श्रीप्रसाद लिम्बूले उपाध्यक्ष लिम्बूलाई फूलको गुच्छा दिएर स्वागत गर्नुभएको थियो। उपाध्यक्ष लिम्बूले किरात याक्थुङ चुम्लुङ नेपालको गतिविधिको सन्दर्भमा छोटकरीमा प्रकाश पार्नुका साथै चुम्लुङ युकेको उन्नति र प्रगतिको कामना गर्नुभएको थियो। कार्यक्रमको समापनपछि चुम्लुङका सदस्यहरूसँग उपाध्यक्ष लिम्बूको स्वागतार्थ रात्री भोजनको आयोजना गरिएको थियो। स्मरणीय रहोस्, किरात याक्थुङ चुम्लुङ युकेको वेब साइट विश्वास दिप तिगेलाले निर्माण गर्नुभएको हो।

## गोर्खा कपमा चुम्लुङको सहभागिता




२८ मेमा भएको तमुधी गोर्खा फुटबल कपमा किरात याक्थुङ चुम्लुङ चुम्लुङ युकेले पनि सहभागिता जनाएको थियो। अल्डरसटमा भएको सो फुटबल प्रतियोगितामा चुम्लुङले लगातार दुई टिमहरूसँग बराबरीमा प्रतिस्पर्धा गरी तेस्रो खेलमा फस्ट सेकेन्ड जी.आर.सँग २–१ ले पराजित भएको थियो। भू.पू क्या. बमबहादुर लिम्बूको प्रतिनिधित्व रहेको चुम्लुङको सो टिममा सुवास जबेगू, हरि तुम्बाहाङ्फे, राजेन्द्र नेम्बाङ, भक्तिहाङ नेम्बाङ, खेमबहादुर लिम्बू, सैलेन्द्र लिम्बू र टेकमान लिम्बू आदि खेलाडीहरू रहेका थिए।

## मल्टिकल्चरल सोमा चुम्लुङ युके



फोस्टन काउन्सिलको तत्वावधानमा सेप:वेमा आयोजित मल्टिकल्चरल सो:मा चुम्लुङ युकेले पनि उत्साहवर्धक सहभागिता जनाएको थियो। हालै जुन १६ दिउसो भएको उक्त सो:मा चुम्लुङको तर्फबाट श्री डम्बर सिङ्गाक लिम्बूको प्रतिनिधित्वमा गएको एक सांस्कृतिक टोलीले लिम्बूहरूको प्रचलित नाँच च्याब्रुङ नाँच प्रदर्शन गरेको थियो। टोलीमा किरात याक्थुङ चुम्लुङ युकेका कला सांस्कृति संयोजक श्रीमती दुर्गा लिम्बू पनि सहभागी हुनुहुन्थ्यो।





# किरात याक्थुङ चुम्लुङ युकेको वेब साइट उद्घाटन

किरात याक्थुङ चुम्लुङ नेपाल केन्द्रीय समितिका उपाध्यक्ष श्रीमती नरकुमारी लिम्बूले हालै एक समारोहबीच किरात याक्थुङ चुम्लुङ युकेको वेब साइट डब्लू डब्लू डब्लू डट चुम्लुङ युके डट कमको उद्घाटन गर्नुभयो । आस्फोर्ड केन्टमा, चुम्लुङका क्षेत्रीय प्रतिनिधिहरूका बीच भएको उक्त उद्घाटन समारोहमा किरात याक्थुङ चुम्लुङ युकेका अध्यक्ष श्रीप्रसाद लिम्बूले उपाध्यक्ष लिम्बूलाई फूलको गुच्छा दिएर स्वागत गर्नुभएको थियो । उपाध्यक्ष लिम्बूले किरात याक्थुङ चुम्लुङ नेपालको गतिविधिको सन्दर्भमा छोटकरीमा प्रकाश पार्नुका साथै चुम्लुङ युकेको उन्नति र प्रगतिको कामना गर्नुभएको थियो । कार्यक्रमको समापनपछि चुम्लुङका सदस्यहरूसँग उपाध्यक्ष लिम्बूको स्वागतार्थ रात्री



भोजनको आयोजना गरिएको थियो । स्मरणीय रहोस्, किरात याक्थुङ चुम्लुङ युकेको वेब साइट विश्वास दिप तिगेलाले निर्माण गनुभएको हो ।

सिकफुलालजे, अंक-१, 01 July 2007/१साउन २०६४

[illegible]


[illegible]

सल्लाहकार
श्री श्रीप्रसाद लिम्बू
(अध्यक्ष याक्थुङ चुम्लुङ युके)
डाः श्री चन्द्र लक्सम्बा
डा. बिना थेबे

प्रधान सम्पादक
टङ्क बनेम

सम्पादक
वि. तिगेला (विश्वास दीप)
मिजास

भाषासम्पादन
अमर तुम्याहाङ

प्रकाशक : **किरात याक्थुङ चुम्लुङ, युके**



Address:
**KIRAT YAKTHUNG CHUMLUNG (KYC)**
**8 Chart Road, Ashford, Kent,**
**TN23 3HS, United Kingdom**
**Phone/Fax:** +44 1233 635076,
**E-mail:**chumlunguk@gmail.com, Website: www.chumlunguk.com


## [illegible] ॥

[illegible]